CC-0. Nepal Sanskrit Academy, Kathmandu

साधनमाला

साधनमाला

(२५१-३१२ साधनको नेपाली अनुवाद)



श्रून्यताभावनानन्तरं ईषद्रक्तचन्द्रमराडले यक्षशकटकमष्टदलपद्माकरं तन्मध्ये वँकारेण वसुधारां पीतवर्णां धान्यमञ्जरीहस्तां वरदां सर्व्वालङ्कारभूषितां अष्टयक्षिणी-परिवृताम् – तद्यथा, भद्रा सुभद्रा सुनन्दा गुप्ता सुगुप्ता सरस्वती आर्या चन्द्रकान्ता चेति। एताभिः परिवृता महादेवी तस्यां भगमध्ये जँकारजं जम्भलं वसुधाराऽऽलिङ्गित सम्पुटबोधि-चित्तविनिर्गतं रत्नसमुन्नतहस्तं प्रव्यक्तं भावयेत्। क्षरणकाले भगवतः पूर्व्वस्यां दिशि नीलवर्णं मणिभद्रं दक्षिणस्यां दिशि पीतवर्णं पूर्णभद्रं पश्चिमायां रक्तं वैश्रवणं उत्तरस्यां रक्तं धनदं अग्निनैर्ऋतिवायव्यैशानकोणेषु नीलं पूर्णं सुपूर्णं पीतं केलिमालिनं रक्तवर्णं मुखेन्द्रं श्यामवर्णं चरेन्द्रम् – सुवर्णवर्णं पञ्चकिरीटिनं दक्षिणहस्ते बीजपूरकं वामहस्ते रत्नप्रवर्षिनकुलीधरं स्फुरत्स-च्चतयागतं शङ्खमुण्डपद्ममुण्डे महानिधाने रत्नादिप्रवर्षमाणे स्वगृहं पाददेशे चिन्तयेत्, पीतवर्णं-श्रीजम्भलनाथं नीलोत्पलमालाधारिणम्। सर्व्वे चैते अष्टयक्षिणीभगमध्यस्थिता रत्नप्रवर्षमाणा जम्भल-सदृशा भावनीयाः। पूर्व्वद्वारे धनदमाहाधनदौ दक्षिणद्वारे यक्षमहायक्षौ पश्चिमद्वारे केलिमहाकेलिनौ उत्तरद्वारे पूर्णमहापूर्णौ। एतौ नग्नौ लम्बवृषणौ लम्बोदरौ रत्नप्रवर्षकौ।......

चित्र– उदयचरण श्रेष्ठ

नेपाल हस्तकला महासंघ

थापाथली, काठमाडौं, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साधनमाला

साधनमाला

(२५१-३१२ साधनको नेपाली अनुवाद)

अनुवाद

महेशराज पन्त

जुनु बासुकला रञ्जितकार

देवहर्ष वज्राचार्य

कला निर्देशक एवं सल्लाहकार

पूर्ण प्रसाद ह्योजु

उदयचरण श्रेष्ठ

लोक चित्रकार

संयोजक

उजय बज्राचार्य

सदस्य

सुरज शाक्य

रबिन्द्र बज्राचार्य

प्रकाशक

नेपाल हस्तकला महासंघ

थापाथली, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल हस्तकला महासंघ
थापाथली, काठमाडौँ
नेपाल

प्रकाशन मिति : वि.सं. २०८१ मङ्सीर
प्रकाशित : १००० प्रति

© प्रतिलिपि अधिकार : २०८१, नेपाल हस्तकला महासंघ

मुख चित्र : उदयचरण श्रेष्ठ

कम्प्युटर सम्पादन (चित्र) : रत्नसागर श्रेष्ठ, उदयचरण श्रेष्ठ

लेआउट डिजाइन : देवेन्द्र मान शाक्य

मूल्य : रु १२००/-

ISBN : 9789937-1-7646-0

मुद्रक - विजय अफसेट, धपागल, ललितपुर । फोन नं. ०१ ५४३३१९१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल हस्तकला महासंघ
FEDERATION OF HANDICRAFT ASSOCIATIONS OF NEPAL
FHAN
(Estd. 1972 AD)

मिति २०८१/०७/२१

शुभकामना

नेपाल हिन्दू तथा बौद्ध तान्त्रिक साधनामा विश्वमा उच्च रहेको र विशेष गरी विविध संस्कृति, बौद्ध दर्शन, योगसाधना, वज्रयानसम्बन्धी तान्त्रिक बौद्ध साधना जस्ता विषयवस्तु समेटेर यससम्बन्धी कलाकारहरूलाई लक्ष्यित गरी मौलिक कलाशैलीका श्लोक तथा ध्यानमा विभिन्न देवदेवीका सजीव चित्रणलाई संरक्षण गरी बौद्ध प्रतिमालक्षण र कर्मकाण्डको बारेमा सर्वसाधारणमा ज्ञान उजागर गर्ने उद्देश्यले संस्कृतभाषाको *साधनमाला* पुस्तकको दास्रो खण्डको दोस्रो भाग नेपाली भाषामा अनुवाद गरी यस पुस्तकको प्रकाशन गर्न लागेको हो । यस *साधनमाला* पुस्तकबाट कला, कलाक्षेत्रमा क्रियाशील रहने कलाकार, कालीगड र बौद्धमार्गीको कार्यमा मद्दत पुग्ने अपेक्षा मैले लिएको छु । आशा छ, यस पुस्तकबाट यस क्षेत्रको अध्ययन, अनुसन्धानको जानकारी हासिल गर्न इच्छुक महानुभाव, संघ संस्थालाई समेत उपयोगी सिद्ध हुनेछ । यस *साधनमाला* पुस्तकले नयाँ पुस्तालाई पनि मौलिक संस्कृतिमा आधारित कलाकौशल र कलाशैलीको विशिष्टताको पहिचान गराई अमूल्य सम्पदाको संरक्षण र संवर्द्धनको भावना जागृत गराउने मैले अपेक्षा राखेको छु ।

नेपाल कला कौशलमा समृद्ध राष्ट्र भए तापनि नेपालीहरूले आफ्नो यही मौलिक पहिचानको महत्त्व नबुझी कामको खोजीमा युवा पुस्ता विदेश पलायन भइरहेको अवस्थामा विभिन्न विद्यालयका पाठ्यक्रममा समावेश गर्ने गरी युवा पुस्तालाई नेपाली कलाकृतिसम्बन्धी अध्ययन गराउनु निकै जरूरी देखिएको छ । यस प्रकारको पुस्तक हस्तकला क्षेत्रको लागि निकै उपयोगी हुने विश्वास मैले लिएको छु । यो पुस्तक लेखन तथा प्रकाशन कार्यमा संलग्न सबै कलाकार तथा कलाकर्मीलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

अन्तमा, संस्कृतमा प्रकाशित साधनमाला पुस्तकको दोस्रो खण्डको दोस्रो भागको रूपमा सरल नेपाली भाषामा अनुवाद गरी सचित्र रूपमा प्रकाशन गर्ने जमर्को गरी पुस्तक सम्पादन कार्यमा सहयोग पुऱ्याउने यस महासंघको कला तथा शिल्प परिषद्लगायत पुस्तक प्रकाशन कार्यदल र सम्बन्धित सम्पूर्ण कलाकार र कर्मचारी वर्गलाई नेपाल हस्तकला महासंघ तथा मेरो व्यक्तिगत तर्फबाट धन्यवाद तथा आभार व्यक्त गर्दै यस भागको *साधनमाला* पुस्तक प्रकाशनको पूर्ण सफलताको लागि हार्दिक शुभेच्छा व्यक्त गर्दछु ।

धन्यवाद ।

प्रचण्ड शाक्य
अध्यक्ष

G.P.O. Box No.: 784, Upama Marga, Thapathali Height, Kathmandu, Nepal
Tel: 5343015, 5344231, 5345467, Fax : 977-1-5322940
E-mail: info@fhan.org.np / fhan1972@gmail.com
www.fhan.org.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रस्तावना

नेपाली कला, सीप, संस्कृति र सम्पदाको विशिष्टताले नेपालको मौलिक पहिचान स्थापित गरी विश्वमा नेपालको प्रख्याति कमाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । दक्ष एवं सीपयुक्त कलाकारहरूका कारण प्राचीनकालदेखि नेपालमा उत्कृष्ट चित्रकला, धातुकला, मूर्तिकला, काष्ठकला तथा प्रस्तरकलाका कलाकृतिहरूको सिर्जना, निर्माण तथा प्रतिष्ठापना कार्य हुँदै आएको छ । परिणामस्वरूप प्राचीनकालदेखि अहिलेसम्म नेपालमा मौलिक कलाकृतियुक्त मन्दिर, देवालय, विहार, गुम्बा, दरबार तथा सम्पदाहरूको निर्माण, संरक्षण तथा संवर्द्धन हुँदै आएको छ । साथै यी कलाकृति नेपालको धार्मिक, सामाजिक, सांस्कृतिक अवसरमा उपयोग तथा प्रयोग गरिँदै आएको छ । धर्म, संस्कृति र सामाजिक मान्यताअनुसार देवदेवीका मूर्तिको स्थापना गरी पूजाआजा गर्दै आएकोले मौलिक परम्परा, रीतिरिवाज, संस्कृति तथा सम्पदाको विकास हुँदै आएको पाउँछौं ।

यिनै नेपाली मौलिक कलाको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै संवद्ध कलाकार, कालीगड, उद्यमी व्यवसायीहरूको हक हित संरक्षण गर्ने लगायत राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा समेत यसको व्यावसायिक विकास गर्दै जाने उद्देश्यले वि.सं. २०२९ मङ्सीर २८ गतेका दिन साविक हस्तकला उद्योग संघ हालको नेपाल हस्तकला महासंघ विधिवत् स्थापना भएको हो । स्थापनादेखि नै नेपाली हस्तकला, सीप, उद्योग, व्यवसाय तथा निकासीको समयसापेक्ष विकास एवं प्रवर्द्धनका लागि महासंघबाट आवश्यक कार्य तथा क्रियाकलाप संचालन हुँदै आएको छ । यस क्रममा महासंघअन्तर्गत गठित कला तथा शिल्प परिषदबाट परम्परागत तथा आधुनिक हस्तकलाको संरक्षण, संवर्द्धन तथा सीप पवर्द्धनका लागि समयानुकूल पहल तथा कार्य सम्पादन गर्दै आएको छ ।

धार्मिक मूल्यमान्यतामा आधारित संस्कृतभाषामा लिखित बौद्ध दर्शनसम्बन्धी *साधनमाला* पुस्तक नेपाली भाषामा अनुवाद गरी सम्बन्धित देवदेवीको हस्तरेखाचित्रसमेत समावेश गरी वि.सं. २०७८ मा १७१ देखि २५० सम्मका ८० वटा साधनको अनुवाद समावेश गरी *साधनमाला* पुस्तकको दोस्रो खण्डको पहिलो भाग महासंघबाट प्रकाशित भइसकेको छ । सो पुस्तकमा समावेश नभएका २५१ देखि ३१२ सम्मका देवदेवीका विवरण हस्तरेखाचित्रसमेत समावेश गरी महासंघको कला तथा शिल्प परिषद्को संयोजनमा परिषद्को वार्षिक योजनाअन्तर्गत *साधनमाला* पुस्तकको यो खण्ड प्रकाशन गर्न पाउँदा हृदयदेखि खुशी व्यक्त गर्न चाहन्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस पुस्तक प्रकाशनको क्रममा आवश्यक सहयोग तथा योगदान पुऱ्याउनु भई प्रकाशन कार्य अघि बढाउन सहयोग गर्नु हुने परिषद्का सल्लाहकार एवं सम्पूर्ण सदस्य तथा *साधनमाला* प्रकाशनसमितिका संयोजक श्री उजय बज्राचार्य, समितिका सल्लाहकार श्री पूर्ण प्रसाद ह्योजु, श्री लोक चित्रकार र श्री उदयचरण श्रेष्ठ तथा समितिका सदस्यहरूप्रति विशेष आभार एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसै गरी संस्कृतभाषामा लिखित *साधनमाला* पुस्तकलाई आम नेपालीले बुझ्ने नेपाली भाषामा अनुवाद गर्नेदेखि शुद्धाशुद्धि केलाई आशयअनुरूपको विवरणमा ढाली छपाइयोग्य रूपमा प्रस्तुत गर्ने कार्यमा विशेष सहयोग गर्नुहुने विज्ञ एवं संस्कृतविद् श्री महेशराज पन्त, श्री जुनु बासुकला रंजितकार र श्री देवहर्ष वज्राचार्यलगायत महासंघका कर्मचारीहरू एवं प्रस्तुत पुस्तक प्रकाशन गर्ने कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा योगदान तथा सहयोग गर्नुहुने महानुभाव सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस पुस्तकका साधनहरूमा उल्लेखित सम्बन्धित देवदेवीको ध्यान, स्वरूप आकृतिको बारेमा सम्बद्ध कलाकारहरूले आफ्नो सीप, विज्ञता र साधनाको आधारमा तयार गरिएका सजीव रेखाचित्र प्रस्तुत गरिएको र संस्कृतभाषामा लिखित उक्त पुस्तकको बारेमा आम कलाकर्मी तथा सम्बद्ध महानुभावहरूले सहज रुपमा बुझ्न कठिन हुने हुँदा तत्सम्बन्धी यथापरक विवरण सरल नेपाली भाषामा अनुवाद गरिएको छ । यसर्थ पुस्तकमा उल्लेखित देवदेवीको विवरण र सोको आधारमा ध्यान, भावना र स्वरूप विवरणअनुरूपका रेखाचित्र धातुकला, मूर्तिकला, काष्ठकला तथा प्रस्तरकलालगायत हस्तकलामा संलग्न कलाकर्मीहरू तथा साधकहरूका लागि उपयोगी सिद्ध हुने महत्त्वपूर्ण उद्देश्यले पूर्व कार्यसमितिबाट परियोजनाको रूपमा शुरूवात गरिएको कार्यलाई निरन्तरता दिई *साधनमाला*को यो खण्ड प्रकाशन गरिएको सहर्ष जानकारी गराउँदछु । संस्कृतभाषाबाट नेपाली भाषामा अनुवाद गर्ने, विवरणअनुसारको रेखाचित्र तयार गर्नेलगायतका काम कठिन, समय लाग्ने र धेरै बौद्धिक परिश्रम लाग्ने भए तापनि सम्बद्ध व्यक्तित्व तथा कलाकारहरूबाट महत्त्वपूर्ण सहयोग प्राप्त भएको अनुभूतिलाई स्मरण गर्दै आगामी दिनमा *साधनमाला* पुस्तकको बाँकी खण्ड प्रकाशन गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं । अतः प्रस्तुत पुस्तकको उपयोग गरी वाञ्छित लाभ उठाउनुहुन समेत सम्बद्ध सबैमा सादर अनुरोध गर्दछौं ।

नविन शाक्य

उपाध्यक्ष एवं सभापति

कला तथा शिल्प परिषद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कृतज्ञता

हाम्रो देश नेपाल भौगोलिक, सामाजिक, जातिगत तथा धार्मिक विविधताले भरिपूर्ण देश हो । यहाँ शताब्दीऔंदेखि निरन्तर रूपमा कैयौँ धार्मिक तथा आध्यात्मिक दर्शन अभ्यास हुँदै आएको छ, जुन आजको दिनसम्म आइपुग्दा विविध कारणले रहस्यको रूपमा नै रहन गएका छन् । तात्कालिक समयमा परम्परागत रूपमा नेपालमण्डलको नामले प्रख्यात काठमाडौं उपत्यकामा प्राचीन कालदेखि बुद्ध धर्मको अभ्यास हुँदै आएको हो । थुप्रै कालखण्डमा बुद्धधर्म, शिक्षादीक्षा तथा अभ्यासविधि मौखिक तथा लिखित रूपमा थुप्रै ग्रन्थमा लिपिबद्ध हुँदै आएको छ ।

पौराणिक कालमा बौद्ध सिद्धहरूले आफ्नो धार्मिक अभ्यासको सिलसिलामा विभिन्न देवदेवीको ध्यान भावना गर्नुभई अन्य थुप्रै धर्म अभ्यासकर्ताहरूलाई बुद्धधर्म र आध्यात्मिक ज्ञान प्राप्त गर्न सहज तुल्याउनुभएको थियो । यसरी आफ्नो ध्यान भावनाबाट अवलोकन गरिएका अलौकिक तथा लौकिक देवदेवीको ध्यान भावना, विधि, दीक्षा विधि, मन्त्रानुच्चारण विधि तथा अधिष्ठान विधिहरू विभिन्न धार्मिक ग्रन्थमा रहेको पाइन्छ । जसमध्ये संस्कृतभाषामा लेखिएको *साधनमाला* एक महत्त्वपूर्ण र आधिकारिक ग्रन्थको रूपमा मानिन्छ । यस ग्रन्थमा ३१२ वटा साधनविधि र देवदेवीका प्रतिमा लक्षण विधान समावेश छन्, जुन एक कलाकार तथा साधकका लागि कला सृजन गर्न र धार्मिक अभ्यास गर्न अति नै आवश्यक रहन्छ । तर यति हुँदा हुँदै पनि विश्व कला जगत्मा आफ्नो छुट्टै एवं मौलिक पहिचान बनाउन सफल नेवा कलाको उद्‌गमस्थल नेपालमा बोलिने भाषामा भने यो ग्रन्थ लेखिएको वा अनुवाद भएको छैन । यसले गर्दा यहाँका कलासाधक एवं धार्मिक अभ्यासकर्ताहरूलाई धेरै नै कठिनाइ भएको छ भने कैयौं देवदेवीको वर्णन आजसम्म पनि शब्दमा मात्र सीमित छन् र आकृतिमा रूपान्तरित गरिएका वा चित्रित भएका छैनन् ।

यसै कुरालाई हृदयंगम गरी वि.सं. २०७४ को नेपाल हस्तकला महासंघको कार्यसमितिले यस पवित्र ग्रन्थ *साधनमाला*लाई नेपाली भाषामा अनुवाद गर्ने कार्यको थालनी गरेको थियो । जसअनुसार वि.सं. २०७८ मा यस ग्रन्थमा रहेको साधन नं. १७१ देखि २५० सम्मका साधन नेपाली भाषामा अनुवाद गरी सचित्र प्रकाशन भइसकेको छ । त्यसपछि यस पुस्तकमा रहेका २५१ देखि ३१२ सम्मका साधन अनुवाद गरी प्रकाशन गर्नको लागि कला तथा शिल्प परिषद्‌ले मलाई संयोजकको रूपमा चयन गरेको हो । यसका लागि म कला तथा शिल्प परिषद्‌लाई हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु । मैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस प्रकाशनको संयोजकको जिम्मा पाउनुअगावै पनि पूर्व कला तथा शिल्प परिषद् एवं अघिल्लो कार्यदललगायत प्रतिसरा मानन्धर, अर्चना शाक्य, महेशराज पन्त, जुनु बासुकला रञ्जितकार तथा देवहर्ष वज्राचार्यज्यूहरुले कार्य थालनी गर्नु भइसकेको थियो । उहाँहरुको निकै लामो समयको अथक मिहिनेतपछि भाषानुवादको कार्य सम्पन्न भएलगत्तै यसअघिको पुस्तकप्रकाशन कार्यदलका संयोजक वरिष्ठ पौभा कलाकार पूर्ण ह्योजु, सदस्यद्वय उदयचरण श्रेष्ठ र लोक चित्रकारज्यूको समूहलाई कला निर्देशक एवं सल्लाहकारको रूपमा मनोनयन गरिएको थियो । उहाँहरुको अमूल्य योगदानविना कलाकार चयन गरी कलाकारहरूलाई उचित निर्देशन प्रदान गरी साधनअनुसारकै चित्र तयार गर्न सहज हुने थिएन । तसर्थ यस ग्रन्थ अनुवाद गर्नुहुने अनुवादकत्रयज्यूहरूलगायत कलाकारहरूलाई चित्रण गर्न उचित निर्देशन प्रदान गर्नुहुने वरिष्ठ पौभाकलाकार त्रयलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछु । साथै यस ग्रन्थ प्रकाशन कार्यदलमा सदस्यको रूपमा सहयोग गर्नु हुने सदस्यद्वय सुरज शाक्य र रविन्द्र बज्राचार्य लगायत सचिव देवराज बज्राचार्यज्यूलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस पुस्तकको कम्प्युटर डिजाइन गर्नुहुने डिजाइनर देवेन्द्र मान शाक्यज्यूलाई धेरै धन्यवाद दिन चाहन्छु । साथै साधनमा वर्णन गरिएअनुसारको रेखाचित्र चित्रण गर्नु हुने सम्पूर्ण कलाकारलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । केही चित्रमा आवश्यकतानुसारको डिजिटल सम्पादन गर्नुहुने रत्नसागर श्रेष्ठज्यू तथा ४ वटा डाइग्रामको डिजिटल डिजाइन गर्नुहुने उदयचरण श्रेष्ठज्यू र रत्नसागर श्रेष्ठज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

यसका साथै यस पुस्तक प्रकाशनका लागि अनुमति प्रदान गर्नुहुने नेपाल हस्तकला महासंघका सम्पूर्ण कार्यसमिति परिवारलाई हृदयदेखि नै धन्यवाद व्यक्त गर्दै यस पुस्तकबाट नेपाली कला क्षेत्रमा नेपाली कलाकारहरूले आफ्नो नव सृजनात्मक कला सृजना गर्न धेरै नै सहयोग प्राप्त गर्नुहुने विश्वास लिएको छु । अन्त्यमा बुद्ध धर्मका गुह्य एवं कतिपय आध्यात्मिक दर्शनका विषयहरू दोहोरो अर्थ लाग्ने तथा प्रत्यक्ष रूपमा मात्र यसको भावार्थ बुझ्दा नकारात्मक कुरा बोध हुन सक्दछ । बुद्ध धर्मका गुह्य योग साधना अभ्यास गर्न गराउन योग्य गुरु र शिष्यको आवश्यक रहने हुन्छ । तसर्थ, यी गहन विषयलाई पनि विशेष ध्यानमा राख्नु हुनेछ भन्ने पनि आशा गर्दछु ! साथै यस पुस्तकबाट बुद्धधर्म अभ्यासकर्ता, अनुसन्धानकर्ता, कला पारखीलगायत सम्पूर्णले भरपूर लाभ लिनुहुनेछ भन्ने आशा गर्दै यस कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावलाई आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

उजय बज्राचार्य

संयोजक
साधनमाला प्रकाशनसमिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरोवाक्

साधनमालाको प्रचार हुँदै गएपछि धेरैजसो वज्रयानी देवदेवीको मूर्ति त्यसैको आधारमा बनेको हो भन्ने चर्चामा आएको हो । तर त्यो पुस्तक संस्कृतभाषामा भएकोले देवदेवीको चित्र कोर्ने र मूर्ति बनाउने कालीगडले त्यसबाट काम लिन गाह्रो भएको अनुभव गरिरहेका थिए । यसैले नेपाल हस्तकला महासंघले त्यसको उल्था गराउने विचार गर्दा हामी त्यस महासंघसँग जोडिन गयौँ । अनि पूरै पुस्तकको नभई १७१ साधनदेखि अन्त्यसम्मको अर्थात् ३१२ साधनसम्मको उल्था छिटै गरिहाल्ने समझदारी वि.सं. २०७४ माघमा सो महासंघ र हामीमा भयो । तदनुरूप काम अगाडि बढ्दै गयो तापनि काम कठिन भएकोले निर्धारित समयभित्र समग्र पुस्तक छापाखानामा पठाउन हुने गरी तयार पार्न नसकिने देखियो । अनि १७१ देखि २५० सम्मका ८० वटा साधनको उल्था छपाइहाल्ने निर्णय भयो र त्यसैअनुसार वि.सं. २०७८ मा त्यो खण्ड छापियो । बाँकी भएका २५१ देखि ३१२ सम्मका ६२ वटा साधनको उल्था अहिले यस खण्डमा छपाइएको छ । अघिल्लो खण्डमा जस्तै यस खण्डमा पनि तत्तद्देवदेवीका ध्यान गाभिएकाले प्रतिमालक्षणका जिज्ञासुलाई यो उपयोगी हुने नै छ ।

अघिल्लो खण्डको पुरोवाग्मा साधनमालासम्बन्धी परिशीलनको इतिवृत्त दिँदा रुरिको साकुमाको ई.सं. २००२ तदनुसार वि.सं. २०५९ मा प्रकाशित साधनमाला : अवलोकितेश्वर सेक्शन्- स्यान्स्क्रिट् यान्ड् टिबेटन् टेक्स्ट्स्को चर्चा गर्दा एउटा गल्ती भएछ । त्यो के हो भने, जापानी नाउँसँग हामी परिचित नहुँदा त्यो पुस्तक लेख्ने रुरिकोलाई पुरुष सम्झी तदनुसार पुंलिङ्गवाची क्रियापद–– गरे, गरेका छन् –– को प्रयोग हुन गयो । अहिले बुझ्दै, पढ्दै जाँदा रुरिको यो नाउँ स्त्रीको भन्ने थाहा हुँदा आत्मसंशोधन गरिएको छ ।

वि.सं. २०८१ मार्गकृष्णदशमी, मङ्सीर १० गते सोमवार — अनुवादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय सूची

साधन	विषय	पृ
२५१	सप्ताक्षरसाधन	१
२५२	बाह्यपूजाविधिसंग्रह	९
२५३	हस्तपूजाविधि	१०
२५४	बुद्धकपालसाधन	१२
२५५	दुइ हात भएका सम्बरको उपदेश	१६
२५६	हृदयमन्त्रसिद्ध्युपदेश	१८
२५७	वज्रहुँकारसाधन	१८
२५८	महाबलसाधन	२०
२५९	हयग्रीवसाधन	२२
२६०	हयग्रीवसाधन	२४
२६१	परमाश्वसाधन	२६
२६२	त्रैलोक्यविजयसाधन	२८
२६३	वज्रज्वालानलार्कसाधन	३०
२६४	भूतडामरसंक्षिप्तसाधन	३२
२६५	भूतडामरसाधन	३५
२६६	भूतडामरसाधनोपायिका	४१
२६७	भूतडामरसाधन	४७
२६८	रक्तयमारिसाधन	५०
२६९	रक्तयमारिसाधन्	५२
२७०	रक्तयमारिसाधन्	५४
२७१	स्वाधिष्ठानरक्तयमारिसाधन	५८
२७२	आर्यरक्तयमारिसाधन	६०
२७३	श्रीयमारिसाधन	६३
२७४	कृष्णणयमारिसाधन	६८
२७५	कृष्णयमारिसाधन	७०
२७६	कृष्णयमारिसाधन	७२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय सूची

२७७	कृष्णयमारिसाधन	७४
२७८	कृष्णयमारिसाधन	७७
२७९	यमान्तकसाधन	८०
२८०	यमान्तकसाधन	८२
२८१	विघ्नान्तकसाधन	८४
२८२	यमान्तकको बलिमन्त्र	८६
२८३	मैत्रेयसाधन	८६
२८४	जम्भलसाधन	८८
२८५	विस्तरजम्भलसाधन	९०
२८६	शास्त्रान्तरले जम्भलसाधन	९६
२८७	संक्षिप्त जम्भलसाधन	९८
२८८	संक्षिप्त जम्भलसाधन	१००
२८९	श्रीजम्भलसाधन	१०२
२९०	जम्भलको चुलुकदानविधि	१०६
२९१	उच्छुष्मजम्भलसाधन	११२
२९२	उच्छुष्मजम्भलसाधन	११४
२९३	उच्छुष्मजम्भलसाधन	११६
२९४	उच्छुष्मजम्भलसाधन	११८
२९५	उच्छुष्मजम्भलसाधन	१२०
२९६	श्रीजम्भलसाधन	१२४
२९७	जम्भलसाधन	१२६
२९८	जम्भललाई वश पार्ने विधि	१२९
२९९	जम्भललाई जलदान दिने उपदेश	१२९
३००	महाकालसाधन	१३०
३०१	श्रीमहाकालसाधन	१३४
३०२	महाकालसाधन	१३६
३०३	वज्रमहाकालसाधन	१३८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय सूची

३०४	६ हात भएका महाकालको साधन	१४१
३०५	चार हात भएका महाकालको साधन	१४३
३०६	महाकालसाधन	१४५
३०७	गणपतिसाधन	१४७
३०८	सद्धर्मावतारिणौराजश्रीतारासाधन	१४९
३०९	तारास्तुति	१५३
३१०	पीठतारासाधन	१५४
३११	भगवतीको मालामन्त्र	१५६
३१२	सोह्र हात भएका महाकालको साधन	१५८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रेखाचित्र सूची

साधन	चित्र	कलाकार	पृ
२५१	सम्बर र वज्रवाराही	समुन्द्रमान सिं श्रेष्ठ	५
२५१	सम्बर र वज्रवाराही	सुन्दर बज्राचार्य	६
२५१	श्रीहेरुकी	सुन्दर बज्राचार्य	७
२५१	सम्बर र वज्रवाराही	सुन्दर बज्राचार्य	८
२५४	श्रीबुद्धकपाल - चित्रसेना	सुन्दर श्रेष्ठ	१४
२५४	सुन्दरा, सुभगा, प्रियदर्शना, नैरात्म्या	रुशा महर्जन	१५
२५५	सम्बर-बज्रबाराही	उजय बज्राचार्य	१७
२५७	वज्रहुँकार	नृपेन्द्र कर्माचार्य	१९
२५८	महाबल	राजेन्द्र महर्जन	२१
२५९	हयग्रीव	रवि श्रेष्ठ	२३
२६०	हयग्रीव	जय कुण्ड मारिखु	२५
२६१	परमाश्व	कृष्णराम घेमोसु	२७
२६२	त्रैलोक्यविजय	रामप्रकाश श्रेष्ठ	२९
२६३	वज्रज्वालानलार्क	सुर्जमुनि शाक्य	३१
२६४	भूतडामर	रविन्द्र मुनंकर्मी	३४
२६५	भूतडामर	माइला डोङ्ग	४०
२६६	श्रीभूतडामर	माइला डोङ्ग	४६
२६८	आर्यरक्तयमारि (यमान्तक)	रत्न सागर श्रेष्ठ	५१
२६९	आर्य रक्तयमारि (यमान्तक)	बालकृष्ण महर्जन	५३
२७०	रक्तयमारि (यमान्तक)	राज तुलाधर	५७
२७१	रक्तयमान्तक (रक्तयमारि)	हरि बैद्य	५९
२७२	आर्यरक्तयमारि	रवि महर्जन	६२
२७३	वज्रधर	रोशन लामा	६६
२७३	कृष्णयमारि	कोमलनारायण श्रेष्ठ	६७
२७४	कृष्णयमारि (यमान्तक)	सुन्दर सिंख्वाल	६९
२७५	कृष्णयमारि (यमान्तक)	सुन्दर सिंख्वाल	७१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रेखाचित्र सूची

२७६	कृष्णयमारि (यमान्तक)	सुन्दर सिंख्वाल	७३
२७७	मञ्जुवज्र	रुशा महर्जन	७५
२७७	यमान्तक (कृष्णयमारि)	रितेश बज्राचार्य	७६
२७८	त्रिमुख कृष्णयमारि	रितेश शाही	७८
२७८	षण्मुख कृष्णयमारि	रितेश शाही	७९
२७९	यमान्तक	रितेश शाही	८१
२८०	यमान्तक	रत्नगोपाल सिंख्वाल	८३
२८१	विघ्नान्तक	रविन घटुवा	८५
२८३	मैत्रेय	श्रवण शाक्य	८७
२८४	जम्भल - वसुधारा	सुन्दर सिंख्वाल	८९
२८५	वसुधारा	योगेन्द्र शाक्य	९२
२८५	वसुधारा	योगेन्द्र शाक्य	९३
२८५	जम्भल	रत्नगोपाल सिंख्वाल	९४
२८५	जम्भल	रत्नगोपाल सिंख्वाल	९५
२८६	जम्भलजलेन्द्र	शंकर श्रेष्ठ	९७
२८७	जम्भल	रत्नगोपाल सिंख्वाल	९९
२८८	जम्भलजलेन्द्र	रोजिना सिंख्वाल	१०१
२८९	वसुधारा	योगेन्द्र शाक्य	१०४
२८९	जम्भल - वसुधारा	रत्नगोपाल सिंख्वाल	१०५
२९०	वैरोचन बुद्ध	राकेश महर्जन	१०७
२९०	रत्नसम्भव बुद्ध	देवकृष्ण महर्जन	१०८
२९०	अमिताभ बुद्ध	मनश्याम महर्जन	१०९
२९०	अमोघसिद्धि बुद्ध	सुरेन्द्र शिल्पकार	११०
२९०	अक्षोभ्य बुद्ध	राकेश बाडा	१११
२९१	उच्छुष्मजम्भल	बलराम न्हिसुतु	११३
२९२	उच्छुष्मजम्भल	उदयचरण श्रेष्ठ	११५
२९३	उच्छुष्मजम्भल	बिनम्र डंगोल	११७
२९४	उच्छुष्मजम्भल	महेश्वर डंगोल	११९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रेखाचित्र सूची

२९५	उच्छुष्मजम्भल	उदयचरण श्रेष्ठ	१२३
२९६	जम्भल	रजनी सिंख्वाल	१२५
२९७	वज्रसत्व	महेन्द्र डंगोल	१२७
२९७	आर्यजम्भल	अमृत डंगोल	१२८
३००	वज्रमहाकाल	पुरन ह्योजु	१३२
३००	पञ्चयोगिनी	राजकुमार रानामगर	१३३
३०१	महाकाल	रश्मि मानन्धर	१३५
३०२	महाकाल	सुजित महर्जन	१३७
३०३	वज्रमहाकाल	पूर्ण ह्योजु	१४०
३०४	६ हात भएका महाकाल	मुक्ति सिंह थापा	१४२
३०५	महाकाल	नरेन्द्र मल्ल	१४४
३०६	महाकाल	मुक्तिसिंह थापा	१४६
३०७	गणपति	अनमोलरत्न तुलाधर	१४८
३०८	श्रीतारा	रविन्द्र मुनंकर्मी	१५०
३०८	लक्ष्मी	रविन्द्र मुनंकर्मी	१५१
३०८	श्रीतारा	रविन्द्र मुनंकर्मी	१५२
३१०	विश्ववर्णा श्रीपीठतारा	सुदर्शन सिंख्वाल	१५५
३११	वज्रपीठेश्वरी	लोक चित्रकार	१५७
३१२	महाकाल	शंकर जोशी	१६१
३१२	महेश्वरा	प्रचण्ड शाक्य	१६२
३१२	यमदूती	शिवप्रसाद किजु	१६३
३१२	कालदूती	रामप्रकाश श्रेष्ठ	१६४
३१२	कालिका	सुबेन्द्र लोहला	१६५
३१२	चर्चिका	राजकुमार राना मगर	१६६
३१२	चण्डेश्वरी	अमित महर्जन	१६७
३१२	कुलिशेश्वरी	मृगेन्द्र कर्माचार्य	१६८
३१२	महाकाल		१६९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

꣸ २५१ ꣸

सम्बरलाई नमस्कार ।

तीन मुख र ६ हात भएका, नीलो वर्णका, आफू जस्तै चहक भएकी प्रज्ञाको अङ्गसँग टाँसिएका, हुँकारबाट उत्पन्न ६ जना देवीका नाथलाई ढोगेर साधन लेख्छु ।

बिहान उठेर समयगुलिका मुखमा राखेर पहाडको गुफा आदि राम्रो ठाउँमा विश्ववज्रमा बसेर योगी (साधक)ले हृदयमा सूर्यमा रहेको नीलो हुँकार हेर्नू । त्यस हुँकारबाट पाँचवटा आकार भएका रश्मिलाई आकाशमा त्रैधातुकलाई ढाकी स्फुरण गरेर ती रश्मिद्वारा अकनिष्ठ भुवनमा रहेका, पछि बताइएअनुसार वर्ण हात र आयुध भएका भगवान्‌लाई तिलको बिम्ब जस्ता सबै योगिनी गुरु बुद्ध र बोधिसत्त्व ल्याई आकाशमा अगाडि राखेर ती रश्मिलाई फेरि आफ्नो बीजमा संहरण गर्नू । त्यसपछि आफ्नो बीजबाट स्फारण गरेर बाहिरिया गुह्यतत्त्वपूजाविशेषद्वारा भगवान्‌लाई र योगिनी गुरु बुद्ध बोधिसत्त्वहरूलाई विधिपूर्वक पूजा गर्नू, ढोग्नू । त्यसपछि तिनीहरूको अगाडि पापदेशना पापाकरणसंवर पुण्यानुमोदना त्रिशरणगमन बोधिचित्तोत्पाद आत्मभावनिर्यातना अध्येषणा र याचना गरेर त्यसपछि चतुर्ब्रह्मविहारको भावना गर्नू । त्यसपछि

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकाः सर्वधर्मा ॐ शून्यताज्ञानस्वभावात्मकोऽहम्
(शून्यताज्ञान वज्रस्वभाव भएका सबै धर्म, शून्यताज्ञान वज्रस्वभाव भएको म)

भनी सबै वस्तुको तत्त्वसारको संग्रह गर्ने मन्त्रको अर्थ अगाडि ल्याएर अजातानिरुद्धप्रभास्वरसमाधिमा एकै छिन अप्रतिष्ठित रूपले रहनू । त्यसपछि चहकिलो पूर्व प्रणिधानावेधसामर्थ्यबाट उठेर स्वप्नमाया जस्तो विश्व हेर्दै जगत् उठेर आफू श्रीहेरुक भएको भावना गर्दै यँ रँ लँ वँ मा परिणत धनु त्रिकोण बाटुलो र चारपाटे, नीलो रातो सेतो पहेँलो चारवटा महाभूतमण्डललाई माथि माथि हेर्नू । त्यसमाथि सुँकारबाट उत्पन्न, चारपाटे, सात थरी रत्नले बनेको, आठवटा चुचुरोले सिँगारिएको सुमेरुलाई त्यसमाथि

ॐ मेदिनी वज्रीभव वज्रबन्ध हुँ, ॐ वज्रप्राकार हुँ वँ हुँ, ॐ वज्रपञ्जर हुँ पँ हुँ,
ॐ वज्रवितान हुँ खँ हुँ, ॐ वज्रशरजाल त्राँ शँ त्राँ, ॐ वज्रज्वालानलार्क हुँ हुँ हुँ

यी मन्त्रद्वारा वज्रभूमि आदि ६ वटा बनाई त्यसभित्र चारपाटे आदि कूटागारको भावना गरेर त्यसभित्र विश्वपद्ममा रहेको वज्र पद्म र चक्रावलीले घेरिएको षट्कोणचक्रको ध्यान गर्नू । त्यसभित्र कमलको गट्टामा रहेको रँबाट उत्पन्न सूर्यमण्डल आलिकालिमा परिणत चन्द्रसूर्यमण्डलको सम्पुटको बीचमा रहेको वज्रसत्त्वरूपको नीलो हुँकारको भावना गर्नू । यो सबै परिणामना गरेर हुँबाट उत्पन्न, वाराहीद्वारा अँगालिएर महासुखमा रहेका, उपदेश दिइएअनुसारको आदर्श आदि पञ्चज्ञान भएका, ६ हात भएका,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुख्य मुख नीलो दायाँपट्टिको मुख पहेँलो र बायाँपट्टिको मुख हरियो गरी तीन मुख भएका, तीन आँखा भएका, ३२ लक्षण र ८० अनुव्यञ्जन भएका, दुइ हातले अँगाली वज्र र घण्टा समाएका, अरू माथिल्ला दुइ हातले मानिसको छाला समाएका, बायाँ हातले खट्वाङ्ग र कपाल च्यापेका, दायाँ हातमा त्रिशूल लिएका, कपालमालाको गहनाले उज्ज्वल, षण्मुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला र नूपुर)ले सिँगारिएका, बाघको छालाले कटि बेरिएका, विश्ववज्र र अर्धचन्द्रले जटा सिँगारिएका, आलीढासनमा रहेको पाउले विश्वकमलमाथि सूर्यमण्डलको बीचमा रहेका भैरवका शिर र बायाँ कान तथा कालरात्रिको स्तन ऐँचेका, भवनिर्माणस्वभाव भएका वज्रडाकको भावना गर्नू। नाथको जस्तो वर्ण र हात आदि हुन्छ, वज्रवाराहीको पनि त्यस्तै हुन्छ, खालि मानिसको छाला भने हुँदैन। दुइ हातमा धनु र बाण लिएकी, भगवान्को दुइ घुँडामा बेरिएर परमानन्दमा विह्वल देवीको भावना गर्नू। त्यसपछि ६ कोणमा बायाँपट्टिबाट ६ देवीलाई हेर्नू। त्यहाँ पहिलो कोणमा फट्कारबाट उत्पन्न नीलो वर्णकी पहिली देवी श्रीहेरुकी, अर्को कोणमा हुँकारबाट उत्पन्न पहेँलो वर्णकी दोस्री देवी वज्रभैरवी, अर्को कोणमा हाँकारबाट उत्पन्न रातो वर्णकी तेस्री देवी घोरचण्डी, अर्को कोणमा हँकारबाट उत्पन्न हरियो वर्णकी चौथी देवी वज्रभास्करी, अर्को कोणमा ह्रींकारबाट उत्पन्न ध्वाँसे वर्णकी पाँचौँ देवी वज्ररौद्री, अर्को कोणमा ॐकारबाट उत्पन्न सेतो वर्णकी छैटौँ देवी वज्रडाकिनी। यी देवीहरू एउटा मुख भएका, चार हात भएका, दुइ हातमा बजिरहेको डमरु र घण्टा लिएका, अरू माथिल्ला दुइ हातले मानिसको छाला समाएका, ज्यादै डरलाग्दा तीन आँखा भएका, कपाल छोडेका, निर्वस्त्र, सूर्यमण्डलमा प्रेतमाथि बसेका, कपालमालाको मुकुट लगाएका, आलीढासनमा रहेका, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)को गहना लगाएका, सिद्धि नजीकै ल्याउने सबै देवीको ध्यान गर्नू। त्यसपछि भगवान्को हृदयबीजबाट निस्केका रश्मिद्वारा जःकारले ज्ञानचक्र ल्याएर हुँकारद्वारा समयचक्र भएको जलमा जल जस्तै ज्ञानचक्र पसाउनू। वँकारले बन्धन होःकारले सन्तुष्ट पार्नू। ज्ञानसत्त्व हृद्बीजको ध्यान गरेर लौँ माँ पाँ ताँ खँ यतिद्वारा पाँच धातुको अधिष्ठान गर्नू।

ॐ आः ह्रीः होः हुँ ह्रीःकारद्वारा स्कन्धरूप आदिलाई पनि भ्रुँ हुँ खँ आः हाँ हाँकारद्वारा आयतनहरूको शोधन गर्नू। त्यसपछि ६ देवी भएका मन्त्रकवचद्वारा आफूलाई कवचमा राख्नू। ॐ हः हृदयमा, नमः हिः शिरमा, स्वाहा हुँ शिखामा, वौषट् हे दुइटा काँधमा, हुँ हुँ होः दुइटा आँखामा, फट् हुँ सबै अङ्गमा अस्त्र। ६ देवीको विशुद्धि मन्त्रपदद्वारा भगवतीलाई कवचमा राख्नू। ॐ वँ नाभिमा, हाँ यों हृदयमा, ह्रीं मौँ मुखमा, ह्रँ ह्रीं शिरमा, हुँ हुँ शिखामा, फट् फट् सबै अङ्गमा अस्त्र। त्यसपछि भगवान् र भगवतीका काय-वाक्-चित्तपथमा ॐ आः हुँ अर्पण गर्नू। त्यसपछि आफ्नो हृदयबीजद्वारा निस्केका रश्मिद्वारा सञ्चोदना गरी सबै तथागतलाई ल्याएर हे भगवान् सर्वतथागतहरू, मलाई अभिषेक दिनुहोस् भनी अभिषेक माग्नू। तथागत बुद्धहरूद्वारा निर्मित रूपवज्र आदिद्वारा पञ्चामृत भरिएको कलश हातमा लिई अभिषेक गर्नेहरूद्वारा ल्याउनू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रैधातुकद्वारा नमस्कार गरिएका, त्रिगुह्यालयबाट उत्पन्न महावज्र अभिषेक सबै बुद्धलाई दिन्छु ।

ॐ सर्वतथागताभिषेकसमयश्रिये हुँ पढेर अभिषेक गरिइरहेका चित्तेशमुकुट हुनू । द्वेष छुल्याइँ ईर्ष्या राग मोह धर्मधातुको मुकुट लगाएका देवीहरू क्रमैसँग उत्पन्न हुन्छन् भनी ध्यान गर्नू । हुँकारबाट उत्पन्न वज्र, देवीको एकारबाट उत्पन्न तीनवटा दल भएको कमल, आःकारबाट उत्पन्न गट्टा, ॐकारवाट उत्पन्न केशरको भावना गर्नू । वज्राङ्कुशको आकार भएको रश्मिद्वारा तानिएको कमलको डाँठ भएकी, कामवासनाले ज्यादै विह्वल भएकीलाई अनुराग गर्नू । ॐ सर्वतथागतानुरागेण वज्रस्वभावात्मकोऽहम् भनी ध्वनिहरूद्वारा सञ्चोदन गरेर सबै तथागतलाई प्रवेश गराई अनुरञ्जन गरेर हृदयमा द्रवित गरेर वज्रमार्गद्वारा कमलको दलमा स्फारण गर्नू । षोडशपूजादेवीहरूलाई स्फारण गरेर राँको प्वालको अगाडि जोडिने ठाउँमा विधिपूर्वक अर्घपाद्य आदि दिनू ।

ॐ हेरुक, अर्घं प्रतीच्छ स्वाहा । ॐ हेरुक, पाद्यं प्रतीच्छ स्वाहा । ॐ हेरुक, आचमनं प्रतीच्छ स्वाहा ।

(हे हेरुक, अर्घ लिनुहोस् । हे हेरुक, जल लिनुहोस् । हे हेरुक, आचमन लिनुहोस् ।)

पछिबाट भूत र डाकिनीहरूद्वारा चन्दन र फूलले पूजा गर्नू । यँकारमा परिणत वायुमण्डल, त्यसमाथि रेफमा परिणत अग्निमण्डल, त्यसमाथि रातो आःकारबाट उत्पन्न पद्मपात्र, त्यसको बीचमा वुँ आँ जिँ खँ हुँ यिनको परिणामद्वारा पञ्चामृत पञ्चप्रदीप आफ्नो बीजले अङ्कित त्यसको ढकनी ॐकार, त्यसमाथि अकारबाट उत्पन्न चन्द्रमा, त्यहाँ त्यसको बीजले अङ्कित हुँबाट भएको वज्र । हावाद्वारा आगो बल्दा त्यसको पाकद्वारा शुद्ध सर्वतथागत ॐकार चन्द्रवज्रहरू पग्लेर त्यसको करोटकमा खस्छन् । त्यसपछि ॐ आः हुँ उच्चारण गरेर सबै देवताको अमृत तानेर त्यहीँ पसाउनू । यसैद्वारा जिभ्रोको टुप्पोमा अधिष्ठान गरेर वँबाट उत्पन्न जौ जत्रो सितवज्रलाई वज्रनालिकाद्वारा त्यो अमृत चखाउनू । मुखबाट मुखमा भगवतीलाई र देवीगणहरूलाई दिनू । त्यसपछि ध्यान गरेर थाक्दा सम्बरको आकार सम्भँदै मन्त्र जप्नू । त्यहाँ मन्त्र

ॐ ह्रीः ह ह हुँ हुँ फट् ।

जपबाट थाकेपछि शुद्धिको अनुस्मरण गर्नू । स्मृतिसम्बोध्यङ्ग श्रीहेरुक, धर्मप्रविचयसम्बोध्यङ्ग श्रीहेरुकी, वीर्यसम्बोध्यङ्ग वज्रभैरवी, प्रीतिसम्बोध्यङ्ग घोरचण्डी, प्रसब्धिसम्बोध्यङ्ग वज्रभास्करी, समाधिसम्बोध्यङ्ग वज्ररौद्री, उपेक्षासम्बोध्यङ्ग वज्रडाकिनी ।

कण्ठिका रुचक रत्न कुण्डल भस्म र सूत्र ।

षट्पारमिताको विशुद्धिद्वारा बोध्यङ्गले बलि दिएर तीनै सन्ध्यामा भगवान्को ध्यान गर्नू । त्यहाँ बलि । आलीढासनमा उच्च स्थानमा रहेका, दक्षिणपट्टि फर्केका, निर्वस्त्र, शिखा छोडेका, खुट्टाले ऐँचेर माथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आँखा लगाएका योगी (साधक)ले आधा रातमा मूर्धा फेँकारको आवाजबाट वज्राञ्जलि गरी कपाल छोडी त्यसपछि ज्वालामुद्रा गरी आवर्तावर्तद्वारा वीरयोगिनीलाई तानेर ॐ आः वज्रअरल्लि होः जः हुँ वँ होः वज्रडाकिन्यः समयत्वं दृश्यहोः यसरी तीन-चार-पाँचचोटि उच्चारण गरेर डाक्नू । त्यसपछि ॐ ख ख खाहि खाहि सर्वयक्षाराक्षसभूतप्रेतपिशाचोन्मादापस्मारडाकिन्यादय़ इमं बलिं गृह्णन्तु सर्वसिद्धिं मे प्रयच्छन्तु यथैवं यथेष्टं भुञ्जथ पिबथ जिघ्रथ मातिक्रमथ मम सर्वाकारतया शतसुखसमृद्धये सहायका भवन्तु हुँ हुँ हुँ फट् स्वाहा ।

(खाऊ खाऊ । सबै यक्ष राक्षस भूत प्रेत पिशाच उन्माद (बहुला पार्ने राक्षसविशेष) र अपस्मार गर्ने (छारेरोग लगाउने) डाकिनी आदिले यो बलि लिनुहोस् । सबै सिद्धि मलाई दिनुहोस् । यसै गरी इच्छा लागेसम्म खानुहोस्, पिउनुहोस्, सुँघ्नुहोस्, ननाघ्नुहोस् । मेरो सर्वाकारताद्वारा सयौँ सुखको समृद्धिको लागि सहायक हुनुहोस् ।)

यसद्वारा बलि दिनू । त्यो त्यो बलि उपदेशअनुसार सञ्चार गरेर श्रीचक्रसम्बर रूपद्वारा इन्द्रियनिग्रह गरी योगी (साधक)ले माया जस्तो जगत्‌लाई अधिमोचन गरेर जसरी आनन्द हुन्छ त्यसै गरी विहार गर्नू । यसद्वारा बलि दिनू ।

अद्वयद्वारा अद्वय गरेर जुन शुद्ध र कल्याण गर्ने सप्ताक्षरसाधन पाइयो, त्यसद्वारा लोक चक्रसम्बर होओस् ।

सप्ताक्षरसाधन सिद्धियो ।
यो कृति पण्डित अवधूत श्रीअद्वयवज्रज्यूको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५१ साधन सम्बर र वज्रवाराही समुन्द्रमान सिं श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२५१ साधन

सम्बर र वज्रवाराही

सुन्दर बज्राचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२५१ साधन **श्रीहेरुकी** सुन्दर बज्राचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२५१ साधन

सम्बर र वज्रवाराही

सुन्दर बज्राचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २५२ ॐ

श्रीचक्रसम्बरलाई नमस्कार ।

असल गुरुको चरणकमल ढोगी शास्त्रअनुसार सम्बरतन्त्रको आश्रय लिएर बाह्यपूजाविधि म स्पष्टसँग संग्रह गर्छु ।

यहाँ श्रीचक्रसम्बरलाई मण्डलमा पूजा गर्ने इच्छा भएको योगी (साधक)ले बिहान उठेर वा अनुकूल समयमा अविस्मृतदेवतायोग र सुदृढतदहङ्कार भएर विस्मृतदेवतायोग र पञ्चस्कन्ध आदि अहङ्कारी भई स्वभावशुद्धमन्त्र उच्चारण गरी शून्यता अधिमोचन गरेर आफ्नो नाभिमा निकाल्ने र पसाउनेसँगै स्फुरण र संहरणपूर्वक आलिकालिमा परिणत चन्द्रमालाई त्यहाँ पारोको रङ्ग भएको हुँकारको भावना गरेर त्यस चन्द्रबीजको परिणामद्वारा स्फुरण आदिपूर्वक श्रीसम्बरयोग भएको मान्छेले चोखो ठाउँमा पञ्चामृत सुगन्ध आदि गोलीले त्यो नहुँदा अरू नै पदार्थ मिसिएको समयको गोली हातमा दिई शुम्भ निशुम्भ इत्यादि उच्चारण गरी चारपाटे मण्डल पोती ॐ वज्ररेखे हुँ भनी अधिष्ठान गरी त्यसको बीचमा हातमा दिई पूजा इत्यादि चौबीस अक्षर पीठ उपपीठ आदि दशभूमिस्वभावहरू त्यो त्यो भूमिको अधिमोक्ष गरेर उच्चारण गर्नू । त्यसपछि त्यस मण्डलमा झट्ट चार महाभूतमा रहेको सुमेरुमाथि विश्वचन्द्रमा आफ्नो हृदयबाट निस्केको हुँकारमा राखेर त्यसका बीजरश्मिद्वारा दशै दिशामा रहेको त्रिचक्रदेवतालाई ल्याएर त्यस हुँकारमा उपदेशअनुसार पसेर त्यसमा परिणत सपरिवार सर्वाकारनिष्पन्न भगवान्लाई हेर्नू । त्यसपछि हृदयबीजबाट निस्केका वीणा आदि देवीद्वारा पूजा गरेर निस्किएका सप्तरत्न आदि चढाएर विधिपूर्वक शोधन गरेको हातले मण्डलको बीचमा तीन अक्षर भएको मन्त्रले फूल दिनू । फेरि त्यहीँ भगवान् र भगवतीका हृदय र उपहृदयमन्त्रद्वारा यममथनीसम्मका यी डाकिनीहरूको नै मन्त्रले दिशाहरूमा बायाँपट्टि भएर विदिशाहरूमा दायाँपट्टिबाट भएर स्थानअनुसार मण्डलमा फूल दिनू । त्यसपछि हातमा राखिएका ती ती स्थानमा[१] ती ती मन्त्र ॐ हः इत्यादिले फूल दिनू । त्यसपछि बायाँ हत्केलामा रहेको फूल अष्टपद मन्त्रको उच्चारण गरेर मण्डलमा राखी शिरमाथि हात जोडेर ध्यान गरी मन्त्रचक्र आफूमा पसाउनू । त्यसपछि हृदय आदि अष्टपद मन्त्रहरूद्वारा स्तुति गरी यसरी दोहऱ्याइएका स्तुतिद्वारा स्तुति गरेर सकिने जति पापदेशना आदि ध्यान मन्त्र जप प्रणिधान आदि गरी सय अक्षर भएको मन्त्रको उच्चारण गरी योगशुद्धाः सर्वधर्मा योगशुद्धोऽहम् भन्ने मन्त्रसहित कमलावर्तमुद्राद्वारा सन्तोष पारी मुद्राको अन्त्यमा आलिङ्गनाभिधानपूर्वक साहिँलीऔँलाले भुइँ छोई ॐ वज्र मुः पढी विसर्जन गरी त्यो चक्र आफूमा पसाएर मण्डलको रेखामा जल छर्कने आदि गर्नू ।

बाह्यपूजाविधिको संग्रहबाट जुन पुण्य मैले कमाएँ, त्यसद्वारा सबै जगत् बुद्धको पूजामा लागेको होओस् ।

बाह्यपूजाविधिसंग्रह सिद्धियो ।
शाश्वतवज्रको कृति ।

---

१ मूलमा करविन्यस्तानां तत्तत्स्थानेषु छ । यी शब्दको परस्परको सम्बन्ध बुझिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ꕥ २५३ ꕥ

श्रीचक्रसम्बरलाई नमस्कार ।

योगिनीचक्रनायिका वज्रवाराहीलाई ढोगेर शास्त्रअनुसार हस्तपूजाविधिको संग्रह म गर्छु ।

त्यस गणमण्डल आदिमा श्रीचक्रसम्बरयोग भएको मान्छेले आफ्नो बायाँ हातमा रहेका पृथ्वी जल तेज वायु र आकाश धातुलाई पातनी-मारणी-आकर्षणी-नर्तेश्वरी-पद्मजालिनीस्वभावलाई अधिमोचन गरेर बूढीऔंला चोरऔंला माझीऔंला साँहिलीऔंला र कान्छीऔंलाका नङमा वज्रसत्त्व-वैरोचन-अमिताभ-अक्षोभ्य-रत्नसम्भव-अमोघसिद्धिस्वभावलाई क्रमैसँग सेतो पहेँलो रातो कालो र हरियो वर्णले ॐ हः नमः हि स्वाहा हुँ वौषट् हे हुँ हुँ होः फट् हँकारलाई न्यास गर्नू । हत्केलामा झट्ट निष्पन्न, पञ्चदल रक्तकमलको ध्यान गरी त्यसको पूर्व दिशाका दलमा बायाँबाट आवर्तन गरेर क्रमैसँग यामिनी-मोहनी-सञ्चालिनी-सन्त्रासिनी-चण्डिकास्वरूप भएका नीलो सेतो पहेँलो हरियो ध्वाँसे र फुस्रो रङ्ग भएका हाँ याँ ह्रीं मौं ह्रें ह्रीं हुँ हुँ फट् फट् बीजाक्षार हेर्नू । कर्णिकामा पनि वज्रवाराहीस्वभाव भएको रातो वर्णको ॐ वँ बीज यो प्रतिबिम्बलाई तीन चक्र वा तल हत्केला पल्टाएर पनि स्पष्ट हेर्नू । त्यसपछि त्यस हातमा रहेका बीजाक्षरमा द्रवद्रव्य लगाएर सबै वीरयोगिनीलाई अधिष्ठान गरेको त्रिचक्रस्वभावलाई अधिमोचन गरेर त्यस द्रवादिद्रव्यलाई तीन अक्षर भएको मन्त्रले वा अष्टपद मन्त्रले दिनू । त्यसपछि पूजा गरी घटीबढी हुँदा विधि पुऱ्याउन सय अक्षरको मन्त्र पढी चक्र आदि अधिष्ठान आदिको लागि अध्येषणा गरी त्यस द्रव्यलाई अर्को द्रव्यमा वा अन्तै स्थापना गरेर हातमा रहेको बायाँ हातको साहिँलीऔंलाले लिएको द्रव्यद्वारा हृदय जिब्रो र शिर हुँ आः ॐकारको उच्चारणपूर्वक लगाएर त्यो देवतासमूह आफूमा पसेको अधिमोचन गर्नू ।

मन्दबुद्धि भएकाहरूलाई पनि सम्झनाको लागि सम्बरतन्त्रसम्बन्धी हस्तपूजा म शाश्वतवज्रले गुरुवरको शास्त्रबाट लेखें ।

अनि पहिले बताइएको विधिले शोधन गरिएको, बायाँ हातको साहिँलीऔंलाले पीठ उपपीठ आदि २४ अक्षरको उच्चारण गरी विधिअनुसार शोधन गरिएको मदन (मद्य)ले तीन कोण भएको दुइटा चक्र लेखेर त्यसको बीचमा बाटुलो मण्डल बनाउनू । त्यहाँ आफ्नो हृदयबीजबाट निस्केको त्यस किरणबाट तानेको वा साधारण आधेयमण्डलको चिन्तना गरी त्यसलाई पञ्चामृत आदि रूपद्वारा निष्पादित खानापिना आदिलाई तीनवटा अक्षरले वा अष्टपद मन्त्रले दिई पद्मपात्रमा रहेको अमृत जस्तो भएको मदन (मद्य) बूढीऔंला र साहिँलीऔंलाले लिई भगवान् र भगवतीलाई आआफ्नो हृदयमन्त्र र उपहृदयमन्त्रद्वारा यी डाकिनीदेखि यममथनीसम्मकालाई मन्त्रले तर्पण गर्नू । त्यसपछि पूजा गरी घटीबढी हुँदा विधि पुऱ्याउन सय अक्षरको मन्त्र पढी गणचक्रको अधिष्ठानको लागि अध्येषणा गरी ॐ योगशुद्धाः सर्वधर्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगशुद्धोऽहम् पढी कमलावर्तमुद्राले सन्तुष्ट पारी हृदयमुद्राको उपसंहारमा आलिङ्गनको अभिनय गरी साहिँलीऔँलाले भुइँ छोएर ॐ वज्र मुः भन्ने मन्त्र पढेर विसर्जन गर्नू । त्यो चक्र आफूमा पसाउनू । त्यसपछि भूमिमा रहेको त्यस मदन (मद्य)लाई बायाँ हातको साहिँलीऔँलाले लिई त्यसले हृदय जिभ्रो र शिरमा हुँ आः ॐकारको उच्चारण गरी लगाएर त्यस हातमा रहेको देवताचक्र आफूमा पसेको हेर्नू ।

तीन कोण भएको मण्डलमा रहेका चक्रसम्बरनाथको योगीहरूको हित गर्ने यो हस्तपूजा बताइयो । कल्याण गर्ने जुन हस्तपूजाविधि पूजा गरेर मैले पाएँ, त्यसले सबै जना हस्तपूजामा लागेका होऊन् ।

हस्तपूजाविधि सिद्धियो ।

शाश्वतवज्रको कृति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २५४ ❀

श्रीबुद्धकपाललाई नमस्कार ।

पहिले मन्त्री (साधक)ले आफूलाई अनुकूल भएको ठाउँमा गई १२ वटा अर्घको जलले लिपेर तयार गर्नू । आफू रहेको ठाउँमा पहिले ध्यान गरेर भूतभौतिकको स्फारण गर्नू । आफ्नो हृदयमा हुताशन (अग्नि) अक्षरको ध्यान गरेर सूर्यमण्डलको कल्पना गर्नू । ॐकारद्वारा चन्द्रमण्डललाई दुवैमा एकै पार्दा सूर्यमण्डल अर्को देखिन्छ । त्यसमाथि हुँकारको चिन्तना गरेर बुध (साधक)ले रश्मिमेघहरूलाई स्फारण गर्नू । त्यस रश्मिद्वारा गुरु बुद्ध बोधिसत्त्वहरूलाई तानी अगाडि स्थापना गरेर पूजा गर्नू । त्यसपछि क्षमा माग्नू । स्वभावशुद्धबाट उठेको मन्त्रको उच्चारण गरेर निस्तरङ्ग सूर्याक्रान्त अष्टदल कमलको भावना गर्नू । सूर्यमाथि दुइटा अक्षर राख्नू । प्रज्ञाले अँगालिएका हेरुकलाई हुँकारद्वारा आकारयोगले झट्ट आफूमा चिन्तना गरेर २५ जना योगिनीसँगै यसरी देखिन्छ । हेरुकनाथद्वारा सबै योगिनीको कामना गर्नू । ती सबै पग्लेर सूर्यमण्डलमा रहेको हेरेर देवीलाई चोदना गर्दै चार योगिनी अभ्यन्तरसाधनमा

सधैँ दिक्क भएको मानिसलाई कसरी निमन्त्रण गरिन्छ । त्यस्तो कुरा तिमी सम्झँदैनौ भने सबै विषादद्वारा उठ्छ । हे प्यारा, आफ्नो काम गरेर दोमन नगर । सबै जन्तुहरू संसारको भयमा परेका छन् । हे योगिनीहरूका साथी, उठ । पुरानो पद सम्झन्छौ भन्ने काममा दिक्क नमान । जाँगर नभएको शून्य स्वभाव भएको हे प्यारा, तिमी अस्ताएपछि सबै मान्छेले छोडिदिन्छन् । हे प्यारा, मिथ्या घमण्ड पनि नगर । योगिनीसमूहलाई तिमी इच्छा गर । अथवा भावको भ्रंश होओस् ।

पहिले जस्तै मुख वर्ण चिह्न आदि भएकी योगिनीसँग चार योगिनीले यस्तो गीतले चोदना गर्छन् ।

त्यसपछि घोर संहार गर्ने, उहाँ महावीर उठ्नुभयो । नीलो वर्ण भएका, ठूलो जीउ भएका, हाडको गहना लगाई अर्धपर्यङ्कासनमा नाचिरहेका, मुण्डमालाले सिँगारिएका, अक्षोभ्यलाई मुकुटमा धारण गर्ने, एउटा मुख भएका, चार हात भएका, बायाँपट्टिका हातमा खट्वाङ्ग र कपाल लिएका, दायाँपट्टिका हातमा कर्त्री र डमरु लिएका; उन्मत्त, निर्वस्त्र, कपाल छोडेकी, सबै प्रकारको डर हटेकी, वारंवार चुम्बन गरिरहेकी देवी चित्रसेना प्रज्ञाले बायाँपट्टि आफूलाई अँगालिरहेको ठानेर योगिनीहरूका ठूलाठूला ऋद्धि दिशाविदिशामा स्फारण गर्नू ।

पहिलो भित्री पुटमा पूर्वपट्टि नीलो वर्णकी देवी सुमालिनी, उत्तरपट्टि पहेँलो वर्णकी कपालिनी, पश्चिमपट्टि श्याम वर्णकी भीमा, दक्षिणपट्टि सेतो वर्णकी दुर्जया ।

दोस्रो पुटमा पूर्वपट्टि शुभमेखला, उत्तरपट्टि रूपिणी, पश्चिमपट्टि विद्या, दक्षिणपट्टि कौबेरी, ईशानकोणमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कामिनी, वायव्यकोणमा महोदधि, नैर्ऋत्यकोणमा कारिणी, आग्नेयकोणमा मारिणी ।

तेस्रो पुटमा पूर्वपट्टि भीमदर्शना, उत्तरपट्टि अजया, पश्चिमपट्टि शुभा, दक्षिणपट्टि ओस्तारकी, ईशानकोणमा सुरक्षिणी, वायव्यकोणमा विकालरात्री, नैर्ऋत्यकोणमा महायशा, आग्नेयकोणमा सुन्दरी ।

काय-वाक्-चित्तको विशुद्धिबाट तीनवटा पुटलक्षण द्वारपालिनीहरूका चार नाम भन्छु । पूर्व ढोकामा सुन्दरा, उत्तर ढोकामा सुभगा, पश्चिम ढोकामा प्रियदर्शना, दक्षिण ढोकामा नैरात्म्या । सबै देवी नीलो वर्णका, दुइ हात भएका, एउटा मुख भएका, हाडको गहना लगाएका, कैलो र ठाडो केश भएका, मुण्डमाला नलगाएका, बायाँ हातमा कपाल र दायाँ हातमा कर्त्री लिएका, अर्धपर्यङ्कासनमा नाचिरहेका । यिनीहरूका २५ सूर्यासन हेर्नुपर्छ । चारपाटे, चार ढोका भएको, चारवटा तोरणले सिँगारिएको, आठवटा खम्बाले शोभायमान, वेदिका र पट्टिका (मण्डप) भएको मण्डलचक्रको भावना गर्नू ।

बाहिरबाट आठवटा श्मशानको कल्पना गर्नू । थकाइ लागेमा यो मन्त्र जप्नू –

ॐ महावज्रो हेरुकवज्रो धरतु धरतु महाज्ञानस्फेटने शीघ्रं साधय स्तम्भय कीलय हुँ फट् स्वाहा ।

(महावज्र हेरुकवज्र, धारण गर्नुहोस् धारण गर्नुहोस्, महाज्ञानको स्फेटनमा चाँडै साधना गर्नुहोस्, स्तम्भन गर्नुहोस्, कीलन गर्नुहोस् ।)

उत्पन्न गुरुगोचर उत्पत्तिक्रम कहियो । योगिनीहरूको भूतभौतिकसंवरको कल्पना गरियो । अद्वययोगज्ञान त प्रज्ञाले अँगालिएका हेरुकलाई क्लेशहरूको वशीकरणको लागि मुद्रा जतिको कल्पना गरियो । धीर, विनीत, बुद्धिमान्, सबै अकुशलबाट हटेका, शुद्ध, गुरुभक्तले बुद्धकपालको योगबाट ६ महीनामा नै योगी (साधक)हरू सिद्धि पाउँछन् । यसमा सन्देह छैन ।

श्रीभगवान् बुद्धकपालको साधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२५४ साधन श्रीबुद्धकपाल - चित्रसेना सुन्दर श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५४ साधन सुन्दरा, सुभगा, प्रियदर्शना, नैरात्म्या रुशा महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २५५ ❀

सबै दु:ख हटाई सबै सुख लिन म त्रिलोकमा कुशल भएर बुद्ध हुँला भन्ने ध्यान गरेर अर्को प्रस्थानरूप बढाउनुपर्छ । तीन थरी योग जान्नुपर्छ । अधिष्ठानको कल्पना गरियो । निष्पन्नचित्तबिम्बको योग बुद्धहरूद्वारा कल्पना गरियो । अथवा उपपादक सत्त्व जस्तै विनाबीज भावना गरेर योगद्वारा झट्ट वज्रडाक आफैँ हुनू । निधारमा रहेका कपाल र अर्धचन्द्र शिरमा राख्नू । षण्मुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला र नूपुर) भएका, मुण्डमाला लगाएका, विश्ववज्र भएका, तीन आँखा भएका, आलीढासनमा पाउ राखेका, विश्वाक्षरमा चक्कर लगाउने, भैरवसहितकी कालरात्रिमाथि चढेका, बाघको छाला लगाएका, शिरमा अक्षोभ्य [को आकृति भएको] शेखर (मुकुट) लगाएका, कुप्रा, वज्र र घण्टा लिएका, जय पालेका उहाँ वीर वज्र र रगतले भरिएको कपाल र खट्वाङ्ग लिएकी, मेखला लगाएकी, रातो वर्णकी, तीन आँखा भएकी, मुण्डमाला लगाएकी, पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला) लगाएकी, कपाल छोडेकी, निर्वस्त्र, बुद्ध भएको मुकुट लगाएकी वज्रवाराही । यसरी पञ्चज्ञान भएको स्वच्छ फरफहराएको बुद्धको किरण आफ्नो शरीरमा निष्पादन भएको झट्ट भावना गर्नू । यही नै एकाग्र मनले धेरै कालसम्म चिन्तना गर्नू । त्यस पदमा प्राणीहरूलाई आरोपण गरेर त्यसपछि द्वन्द्वरत हुनू । धर्मधातुध्वजमा टाँसिएको, अमन्दस्पन्दन नै सम्पत्ति भएको, संविदानन्दको समूह चुहाउने जुन उदाउँछ; त्यो उदार मनस्कारको स्फारणबाट संस्कार भएको ताँती भावना गर्दै यसरी चहकिलो पदार्थ सम्झनू । विश्वकमलसूर्य, भैरव, कालरात्रि भएको कान्तापति सूर्य र पञ्चतथागतको तल शिर सेतो किरण बिन्दुनाद यी निरावृतिपदमा क्रमशः पसाउनुपर्छ । सास फेर्दाको वायु जसरी ऐनामा चारैतिर लय हुन्छ, योगी (साधक)ले त्यसै गरी वारंवार भूतकोटि (सिद्धि)मा पसाउनू । सर्वव्यापी, निराभास करुणा नै मुख्य रस भएको मनलाई कामुकीले झैँ शून्यताले झट्ट अँगालो हाल्छ । साकार र निराकार भगवती प्रज्ञा । उहाँले अँगालिएका, उत्पाद र व्यय नभएका, अक्षरसुख भएका, हाँसो आदि सुखले बढेका, बुद्धहरूका बाबु, त्रिकायसहित, त्रैकायसंवेदक, सर्वज्ञ, परमादिबुद्ध । उहाँ भगवान् अद्वयलाई ढोग्छु । क अर्थात् त्यस सुखलाई रोक्छ भन्ने अर्थमा करुणा ज्ञान अक्षर शून्यताप्रतिमद्वारा जस्तै सबै भावको दर्शन, सबैतिर हातखुट्टा आदि, सबैतिर आँखा शिर र मुख । सबैतिर विद्वान् सबै ढाकेर लोकमा रहन्छ । एउटा स्वाभाविक शरीर, दुइटा शून्यता र करुणा, नपुंसक अद्वय भनी कहलिएको युगनद्ध भनी कहीँ प्रसिद्ध छ । निरावरण धर्मद्वारा स्कन्ध आदिको यहाँ रहेको यो सर्वमण्डल नै आधेय र आधारको लक्षण हो ।

दुइ हात भएका सम्बरको उपदेश सकियो ।
यो कृति महापण्डित रत्नाकरगुप्तको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५५ साधन

सम्बर-वज्रवाराही

उजय बज्राचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २५६ ॐ

श्लौँ बुद्धभट्टारकस्य हृदयमिदं । प्तौँ मञ्जुश्रीहृदयमिदं । ह्रीः आर्यावलोकितेश्वरस्य हृदयमिदं । धीः वज्रभीष्मस्य हृदयमिदम् ।

(श्लौँ बुद्ध भट्टारकको यो हृदय । प्तौँ यो मञ्जुश्रीहृदय । ह्रीः यो आर्यावलोकितेश्वरको हृदय । धीः यो वज्रभीष्मको हृदय ।)

यी चार हृदयको बीचमा अर्को हृदय जप्नेहरूको आआफ्नो देवतायोग गरेर बोलक्कडपना, उचित सेवा, पढेको अड्याउन सक्ने शक्ति, असमानप्रतिभानता, सबै ठाउँमा वादविवादमा जय, थोरै परिश्रमले पञ्च अभिज्ञान जान्ने हुन्छ । हृदयचन्द्रमण्डलको बीचमा सम्पूर्ण वाङ्मयशरीर, हृदयाक्षरको बीचमा अर्को अक्षर ध्यान गर्नेहरूको दूरदर्शिता आदि अभिज्ञाज्ञान प्रसिद्ध हुन्छ ।

हृदयमन्त्रसिद्ध्युपदेश ।

ॐ २५७ ॐ

पहिले बताइएको विधिअनुसार आकाशधातुको रेफबाट उत्पन्न सूर्यमा जाज्वल्यमान चहकिलो कल्पाग्नि जस्तो अति नै उग्र कृष्ण वर्णको ठूलो तेज भएको हुँकार, त्यसबाट उत्पन्न महारौद्र वज्रहुँकार, अट्टहास गरिरहेको महारौद्र अन्तक त्रिधातुकलाई घण्टा र वज्रको प्रयोगद्वारा मुद्राले दुइ हात बाँधिएको प्रत्यालीढासनद्वारा भैरवलाई ऐँचदा डरलाग्दा भएका वज्रहुँकारलाई हृदय घाँटी र शिरमा क्रमशः ॐ आः हुँ तीन अक्षर राखिएको अभिषेकको विधानले चित्तवज्रद्वारा मुद्रामा राख्नू । मन्त्र

ॐ हुँ हुँ हुँ फट् स्वाहा ।

वज्रहुँकारसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५७ साधन **वज्रहुँकार** नृपेन्द्र कर्माचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २५८ ❀

पहिले बताइएको विधानअनुसार शून्यतापछि सितपद्मसूर्यमा हुँबाट उत्पन्न एउटा मुख भएका, चार हात भएका, सर्वाङ्ग रातो वर्णका, ठाडो र कैलो कपाललाई नागले बाँधेका, दायाँपट्टिका हातमा सेतो दण्ड र सेतो चमर लिएका, बायाँपट्टिको एउटा हातले ढोगेको अभिनय गरेका र अर्को हात पाशसहितको तर्जनीमुद्रामा रहेका, बाघको छाला लगाएका, नागको गहना लगाएका, प्रत्यालीढासनमा रहेका, दाह्राले गर्दा डरलाग्दो मुख भएका, सूर्यमण्डलको जस्तो तेज भएका, अमिताभ[को आकृति भएको] मुकुट लगाएका महाबलको ध्यान गरी मन्त्र जप्नू ।

ॐ महाबल स्वाहा ।

यति महाबलसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५८ साधन

महाबल

राजेन्द्र महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २५९ ❀

पहिले बताइएको विधानअनुसार विश्वपद्मसूर्यमा रातो हँकारको ज्ञानबाट निष्पन्न, रातो वर्णका, तीन मुख भएका, आठ हात भएका, हरेक मुखमा तीनतीनवटा आँखा भएका, दायाँ नीलो र बायाँ सेतो मुख भएका, नागको गहना लगाएका, ललितासनमा पाउ राखेका, रिसाएको आँखाले हेरिरहेका, मुसुक्क हाँसेको पहिलो मुख भएका, जिब्रो लपलपाएको दाहिनेपट्टिको मुख भएका, दाह्राले ओठ टोकेको बायाँपट्टिको मुख भएका, बाघको छाला लगाएका, दायाँपट्टिका चार हातमध्ये एउटाले वज्र, अर्कोले दण्ड समाएका, एउटा हात करणमुद्रामा भएका, झन् अर्को हातले बाण उठाइरहेका, बायाँपट्टिका चार हातमध्ये एउटा हात तर्जनीमुद्रामा भएका, अर्को हात आफ्नो छातीमा राखेका, एउटा हातले कमल समाइरहेका, झन् अर्को हातले धनु उठाइरहेका, अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएका आर्यहयग्रीवको ध्यान गर्नू । परमाश्ववज्र नाम भएको समाधि हो । मन्त्रको जप–

ॐ हँ हयग्रीव स्वाहा ।

हयग्रीवसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हयग्रीव

२५९ साधन

रवि श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६०

हयग्रीवलाई नमस्कार ।

इहाद्यनुत्पन्नेनावस्थितः सर्वस्वभावः भन्ने बौद्ध मत जानी त्यसपछि आठ कोण भएको, सात रत्न भएको सुमेरुपृष्ठ, त्यसको बीचमा हजार योजन भएको चकटी, त्यसमा बसी त्रिरत्नशरणगमन आदि गरी काय-वाक्-चित्तको अधिष्ठान गरी त्यसैद्वारा आकाशव्यापी सूर्यमण्डल बनाई त्यसैद्वारा जाज्वल्यमान चहकिलो हँकारको चिन्तना गरी त्यसपछि नमः समन्तकायवाक्चित्तवज्राणां ॐ आः हुँ यतिले दश दिशा अनन्तसम्मका लोकधातुमा रहेका सबै बुद्ध बोधिसत्त्वलाई ल्याई ज्ञानाकारद्वारा पसाई फेरि, दोस्रो हँकारद्वारा हयग्रीवलाई सञ्चोदन गरी ल्याई प्रवेश गराएर तेस्रो हँकारद्वारा रातो वर्णका, महाभयानक, तीन आँखा भएका, कैलो दाह्रीजुँगाले रौद्र रूप भएका, ठूलो पेट भएका, दाह्राले डरलाग्दा, दाँतले ओठ टेकेका, कपालको माला लगाएका, जटामुकुट लगाएका, अमिताभ[को आकृति भएको] शिरस्क (मुकुट) लगाएका, दोस्रो मुख ज्यादै भयानक नीलो वर्णको, घोडाको मुख भएका, ही ही आवाज गरिरहेका, ब्रह्माण्डशिखरलाई ऐँचेका, दोस्रोले संसारको टुप्पोसम्म पुगेका, आठवटा नागले युक्त, बाउन्ने आकारका, बाघको छाला लगाएका, सबै अलंकारले सिँगारिएका, सबै देवता र दैत्यलाई तर्साउने, वज्र र दण्ड लिएका, थरीथरीका वर्ण भएका रश्मिद्वारा स्फुरण र संहरण गरी म नै हयग्रीव वज्रस्वभाव भएको चिन्तना गर्नू । उहाँ भगवान्को प्रभावबाट चिन्तामणि भद्रघट कल्पवृक्ष रसरसायन आदि सिद्धिसाधन हुन्छन् भनी सप्तशतिककल्पमा भनिएको छ । किनकि भगवान्को तीन लाख जप गर्नाले दुइ जना चक्रवर्तीको राज्य हुन्छ । अनेकन् अप्सराहरूले घेरिएको, विद्याधरहरूको ठाउँमा अगाडि सारिएको, धेरै सुखको अनुभव गर्दै रहन्छ । इन्द्र छाते हुन्छ, उसको मन्त्री ब्रह्मा हुन्छ, उसको सेनापति वैमचित्री हुन्छ, उसको ढोके हरि हुन्छ, सबै देवताहरू दायाँबायाँ घुम्छन्, नग्नहरूका आचार्य शंकरले सबै गुण देखाउँछन् । जबसम्म भगवान् मैत्रेयको बोधि हुँदैन, तबसम्म त्यो रहन्छ । मैत्रेयको बोधि भएपछि उत्तम सम्यक्सम्बोधिमा जान्छ ।

सप्तशतिककल्पमा भनिएको हयग्रीवसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६० साधन हयग्रीव जय कुण्ड मारिखु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २६१ ॐ

त्यसै गरी सूर्यमा नीलो हुँकारबाट उत्पन्न, राता, चार मुख भएका, आठ हात भएका, चार पाउ भएका। पहिलो मुख क्रोधशृङ्गारमा भएका, तीन आँखा भएका। दायाँपट्टिको रौद्र। बायाँपट्टिको ब्रह्ममुख। हल्लिरहेको ओठ भएको हरियो घोडाको मुख भएका, दायाँपट्टिको एक हातमा त्रिपताका लिएका, विश्ववज्रसहित उठेको अभिनय गरिरहेका, बायाँपट्टिको एउटा हातले खेटक र विश्वपद्म लिएका। फेरि दायाँ हातमा त्रिपताका लिएर उठेको अभिनय गरिरहेका, फेरि बायाँ हातले शक्ति लिएका। फेरि दायाँपट्टिका दुइ हातले खड्ग र बाण लिएका। बाँकी रहेका, बायाँपट्टिका दुइ हातले दण्ड र धनु लिएका। प्रत्यालीढासनमा दायाँपट्टिको एउटा पाउले इन्द्राणी र श्रीलाई ऐँचेका, दायाँपट्टिको दोस्रो पाउले रति प्रीति र बायाँपट्टिको पहिलो पाउले इन्द्र र मधुकरलाई बायाँपट्टिको दोस्रो पाउले जयकर र वसन्तलाई ऐँचेका परमाश्व आफू भएको ध्यान गर्नू। मुद्रा–

विश्ववज्रत्रिपताकोत्तिष्ठा परमाश्वमुद्रा।

मन्त्र– ॐ शुम्भ निशुम्भ हुँ।

यति परमाश्वसाधन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२६१ साधन | परमाश्व | कृष्णराम घेमोसु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २६२ ❁

पहिले बताइएको विधानअनुसार सूर्यमा नीलो हुँकारबाट उत्पन्न, नीलो वर्णका, चार मुख भएका, आठ हात भएका, पहिलो मुख क्रोधशृङ्गारमा भएका, दायाँ मुख रौद्र बायाँ मुख बीभत्स पछाडिको मुख वीररसमा भएका, दुइ हातमा घण्टा र वज्र लिएर हृदयमा वज्रहुँकारमुद्रामा रहेका, दायाँपट्टिका तीन हातमा खट्वाङ्ग अङ्कुश र बाण लिएका, बायाँपट्टिका तीन हातमा धनु पाश र वज्र लिएका, प्रत्यालीढासनमा रहेको बायाँ पाउले महेश्वरको शिर ऐँचेका, दायाँ पाउ गौरीका दुइ स्तनमा राखेका, बुद्धमाला आदि रङ्गीबिरङ्गी लुगा र गहना लाएका त्रैलोक्यविजयभट्टारक आफू भनी मुद्राबन्धन गर्नू । त्यहाँ दुइटा मुट्ठी पछाडि लगेर दुइटा कान्छीऔँला सिक्रीको आकारले जोड्नू । मन्त्र–

ॐ शुम्भ निशुम्भ हुँ गृह्ण गृह्ण, गृह्णापय गृह्णापय हुँ । आनय होः भगवन् विद्याराज हुँ फट् ।

(हे शुम्भ निशुम्भ, लिनुहोस् लिनुहोस्, लिन लगाउनुहोस् लिन लगाउनुहोस्, ल्याउनुहोस्, हे भगवान् विद्याराज)

त्रैलोक्यविजयसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२६२ साधन

त्रैलोक्यविजय

रामप्रकाश श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २६३ ❁

त्यसै गरी शून्यतापछि सूर्यमा नीलो हुँकारमा परिणत नीलो वर्ण भएका, ज्वालामालाले चहकिला, चार मुख भएका, आठ हात भएका, क्रमशः शृङ्गार वीर बीभत्स र करुणरसले युक्त, चार मुख भएका, दाहिनेपट्टिका चार हातमा वज्र खड्ग चक्र र बाण लिएका, बायाँपट्टिका चार हातमा घण्टा धनु पाश र खट्वाङ्गमा टाँसिएको रङ्गीबिरङ्गी पताका लिएका, बलिरहेको आगोको कैलो ज्वाला जस्तो भएका, अतिडरलाग्दो महानागको वलय कङ्कण कटिसूत्र नूपुर कण्ठिका कुण्डल मुकुट लगाएका, महामायाचक्र बनाउनमा चतुर, पत्नीसहितका विष्णुलाई आलीढासनमा रहेको पाउले ऐँचेर रहेका वज्रज्वालानलार्कको भावना गर्नू । त्यसपछि तलवज्रबन्धाङ्गुलिज्वालागर्भको बीचमा दुइटा बूढीऔँला उठाएर मुद्राबन्धन गर्नू । यो मन्त्र जप्नू–

ॐ वज्रज्वालानलार्क हुँ ।

वज्रज्वालानलार्कसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६३ साधन

वज्रज्वालानलार्क

सुर्जमुनि शाक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २६४ ॐ

भूतडामरलाई नमस्कार ।

इन्द्र ब्रह्मा कुबेर आदिको घमण्ड नाश गर्न सिपालु श्रीभूतडामरलाई ढोगेर छोटकरी शास्त्रले शुद्ध, संक्षिप्त, मनोरञ्जक उहाँको साधन यक्ष राक्षस आदिको सिद्धिको कुतूहलमा मात्र मन गएको म लेख्छु ।

पहिले मन्त्री (साधक)ले आफ्नो हृदयचन्द्रमा विश्वविकाश गर्ने रश्मिले आकुल जीउ भएको, रातो वर्णको रँ बीजको चिन्तना गर्नू । त्यसपछि त्यसबाट निस्केको अङ्कुशको आकारले अगाडि तानिएका डामरको पूजा गरेर सप्तविधानुत्तरपूजाहरूद्वारा शून्यताको भावना गर्नू । अनि माघेफूल जस्तो सफा फूलेको अर्धचन्द्र, शङ्ख जस्तो हुँकारले ठाउँ लिएको बिन्दुको बीचमा देदीप्यमान सबैलाई राम्ररी परिणामना गरेर माथि र तल फर्केको अष्टदल कमल हेर्नू ।

त्यसपछि त्यसको बीचमा अकारमा परिणत चन्द्रमाको माथि हुँकार भित्र भएको, हुँकारमा परिणत, नीलो वर्णको ज्वालावज्रको भावना गरेर त्यसबाट परिणत डरलाग्दो, नीलो, भूतलाई तर्साउने स्वभाव भएका, जगत्‌को उपकार गर्नमा व्याप्त, रातो, मुख्य हतियार भएका विष्णु, शिव, सरजन्मा[२] आदि उग्र मारका मुख्य वीर, डरलाग्दो दाँत भएका, अलिकति रिसले फरफराएका, नीलो कैलो ठाडो केश बाँधेका, नीलो वस्त्रले जीउ ढाकेका, दायाँ हातमा वज्र लिएका, बायाँ हात पाशसहित तर्जनीमुद्रामा भएका, पञ्चकपालको मुकुट लगाएका, बायाँ हातमा त्रिशूल र कपाल लिएका, दाहिने हातमा डमरु र कर्त्री लिएका, कैलो जटामा मुकुट लगाएका, तीन आँखा भएका, बाघका छाला लगाएका, सेतो वर्णका, महाभूतका मालिकसँग नहारेका, प्रत्यालीढासनमा रहेका, दुइटा हातले मुद्राबन्धन गरेका श्रीभूतडामरलाई झट्ट ध्यान गर्नू ।

त्यहाँ यो मुद्रा– दुइटा साहिँलीऔँला बेरेर दुइटा चोरऔँला खुम्च्याउनू । कान्छीऔँला र माझीऔँलालाई बूढी औँलाले ऐँचनू ।

अष्टनागले सुहाएका । त्यहाँ नीला कर्कोटक नागलाई फेटा बनाएका, राता तक्षक नागलाई घाँटीको गहना बनाएका, पहेँला नन्द र उपनन्द नागलाई कानको कुण्डल बनाएका, सेता अनन्त नागलाई जनै बनाएका, सेता वासुकि नागलाई कटिसूत्र बनाएका, परेवाको रङ्गका कुलिक नागलाई मुद्राबन्धन गरिएका दुइटा हातमा केयूर बनाएका, अरू दुइ हातमा सेतो वर्णका शङ्खपाल नागलाई वलय बनाएका,

---

२ सरजन्मा (शुद्ध शरजन्मा)को अर्थ कार्त्तिकेय हुन्छ (उदाहरणको लागि *अमरकोष* १।१।३९), तर यहाँ ब्रह्माको अर्थमा सरजन्माको प्रयोग भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रातो वर्णका पद्म र महापद्म नागहरूलाई नूपुर बनाएका ।

जगत्को काम गर्न तत्पर भएकाले राता आँखा भएका, ज्यादै रिसाएका, भूत, श्रीभूतडामरको चिन्तना गर्नू । हृदय कण्ठ ऊर्णा र शिरलाई सधैँ रक्षा गर्नको लागि मुद्राले छुनू । ध्यान गर्दा गर्दै थकाइ लागेपछि वज्रको बोलीले वा क्रोधको बोलीले मन्त्र जप्नू ।

हुँ वज्र फट् मन्त्र ।

कुनै गुणी सज्जनले प्रार्थना गरिएको छु । उहाँले मलाई कुनै स्पष्ट लेख्नुभएको छ । वैरोचनद्वारा जे पाइयो, त्यसबाट त्यस शुभद्वारा त्रैलोक्यको पाप हरिएर शान्त होस् ।

श्रीभूतडामरसंक्षिप्तसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६४ साधन

भूतडामर

रविन्द्र मुनंकर्मी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ꕥ २६५ ꕥ

ठूलो ऋद्धि भएका डामर द्वेषवज्रलाई भक्तिपूर्वक ढोगेर तन्त्रअनुसार उहाँकै साधन बताउनेछु ।

भूतडामरतन्त्रमा अभिषेक पाएको, गुरुहरूद्वारा आज्ञा पाएको साधकले दोभान, श्मशान, ठिङ्गो रूख, देवमन्दिर वा श्रीवज्रधरको मन्दिर इत्यादि ठाउँमा बसेर साधना गर्नू । सबभन्दा पहिले दुइटा हातमा अकारले चन्द्रमण्डलको भावना गर्नू । त्यसको बीचमा ज्वालामाला भएका हुँकारको भावना गर्नू । ॐ सिद्धिवज्र हुँ । त्यसपछि सबै पाप नाश गर्ने मन्त्रको उच्चारण गर्नू । हृदयमा चन्द्रमण्डलको ध्यान गरेर बिन्दुसहितको ज्वालामाला भएका रातो रेफको ध्यान गरेर यस मन्त्रको उच्चारण गर्नू-

ॐ हन विध्वंसय नाशय पापं हुँ फट् ।

(पापीलाई मार्नुहोस्, पापीको विध्वंस गर्नुहोस्, नाश गर्नुहोस् ।)

यसको मुद्रा– परस्परमा औँला बेरेर दुइटा चोरऔँला पसार्नू । चोरऔँलालाई सूची गर्दा पापनाशनमुद्रा हुन्छ । अनि त्यसपछि शून्यताको भावना गर्नू । फेरि माघेफूल र स्फटिक जस्तो बोधिचित्तचन्द्र हेर्नू । त्यसपछि अष्टदल कमललाई हुँकार सम्झी चिन्तना गर्नू । त्यसमाथि रँकारद्वारा सूर्यमण्डल, त्यसको बीचमा ज्वालामाला भएको हुँकारको भावना गर्नू । क्रोधको आवेशमा आएर यो मन्त्र भन्नू ।

ॐ क्रोधावेश हुँहुँहुँ अः ।

यसको मुद्रा– दुवै हात मुट्ठी पारेर दुवै चोरऔँला बेर्नू, त्यो क्रोधावेशमुद्रा हुन्छ । फेरि यसैको मुद्रा बाँधेर यो मन्त्र उच्चारण गर्नू-

ॐ वज्रावेशय वेशय पातय हुँ ।

(हे वज्रावेश, आवेश हुनुहोस् हुनुहोस्, पातन गर्नुहोस्)

त्यसपछि आफ्नो देवताको शरीरको चिन्तना गर्नू ।

ज्वालामाला भएका, चहकिला, प्रलयको अग्नि जस्तो चहक भएका, भिन्नाञ्जन (सौवीर मिसाएको गाजल) जस्तो चहक भएका, ठूलो जीउ भएका, अट्टहास गर्ने, रिसाएका, प्रत्यालीढासनमा रहेका, करोड सूर्यको जस्तो तेज भएका, बलिरहेको कल्पको आगो जस्तो आँखा भएका, सन्ध्याकालको सूर्य जस्ता बाटुला, ठाडो कपाल भएका, ठूलो ज्वाला भएका, कपालमालाको मुकुट लगाएका, दाह्राले डरलाग्दो मुख भएका, नीलो सफा लुगा लगाएका, अष्टनागले सिँगारिएका, चार हात भएका, दायाँ हातमा वज्र घुमाएर बायाँ हातले तर्साउँदै अपराजितालाई पाउले ऐँचेका, तीनै लोकका अधिपति प्रभुलाई मुद्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाँधेर साधक रहन्छन् । दुवै साहिँलीऔँला बेरेर दुवै चोरऔँला खुम्च्याउनू । कान्छी र माझीऔँलालाई बूढीऔँलाले ऐँचनू । यो मुद्रा तीनै लोकको साधना गर्ने श्रेष्ठ र ठूलो हो ।

त्यसपछि भनिने क्रमअनुसार षडङ्गविन्यास गर्नू । परस्पर मुट्ठी बाँधेर दुवै माझीऔँला पसार्नू, त्यो शिरोमुद्रा हुन्छ । मन्त्र–

ॐ हन वज्र हुँ ।
यही मुद्राबाट दुवै माझीऔँला पसाउनू, चोरऔँला सूची गरेर शिखामुद्रा ।

मन्त्र–

ॐ दह वज्र हुँ ।
यही मुद्राबाट दुवै बूढीऔँला एकापट्टिबाट दाहिने बूढीऔँला, दायाँपट्टिका दुइ आँखा, बायाँपट्टिका बूढीऔँला, बायाँपट्टिका दुइ आँखा नेत्रमुद्रा ।

मन्त्र–

ॐ दीप्तवज्र हुँ ।
परस्पर मुट्ठी पारेर दुवै कान्छीऔँला बेर्नू, चोरऔँला पसारेर हृदयमुद्रा ।

मन्त्र–

ॐ वज्ररोष हुँ ।
यही मुद्राबाट चोरऔँलालाई कुण्डल गरेर कवचमुद्रा ।

मन्त्र–

ॐ दृढवज्र हुँ कवचः ।
यही मुद्राबाट दुवै चोरऔँला पसारेर अस्त्रमुद्रा ।

मन्त्र–

ॐ हन दह पच क्रोधवज्र सर्वदुष्टान् मारय हुँ फट् ।
(हे क्रोधवज्र, मार्नुहोस्, डढाउनुहोस्, पकाउनुहोस्, सबै दुष्टलाई मार्नुहोस् ।)
यसरी षडङ्गविन्यास गरेर भगवान्को आवाहन गर्नू । परस्परमा भित्र पठाई दुवै चोरऔँला खुम्च्याएर अलिकति हल्लाउनू । त्यो आवाहनमुद्रा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मन्त्र–

ॐ वज्रधर महाक्रोध समयमनुपालय शीघ्रमागच्छ ह्रीः जः हुँ फट् स्वाहा ।

(हे वज्रधर महाक्रोध, समयको अनुपालन गर्नुहोस्, चाँडै आउनुहोस् ।)

यस मन्त्रले सबै देवताको आवाहन गर्नू । यसरी आवाहन गरी विशेष स्तुति गरेर अर्घमा यही मुद्रामन्त्रले जल दिनू । अञ्जलि उत्तानो पारेर दुवै बूढीऔँला कुनातिर राख्नू । त्यो अर्घमुद्रा हुन्छ ।

मन्त्र–

ॐ सर्वदेवता प्रसीद भगवन् महाक्रोध प्रतीच्छ स्ववज्रार्घ ॐ हुँ अः ।

(हे महाक्रोध भगवन्, सबै देवतासँग खुशी हुनुहोस्, आफ्नो वज्रको अर्घ लिनुहोस् ।)

त्यसपछि त्यही मुद्रामन्त्रले जल दिनू । सबै औँलालाई कुण्डल जस्तो पार्नू । बूढीऔँला र चोरऔँलाको टुप्पोबाट फूल लिएर मन्थन गरी भगवान्को बायाँपट्टि राख्नू ।

मन्त्र–

ॐ प्रवरसंस्कारं प्रतीच्छ स्वाहा ।

(प्रवरसंस्कार लिनुहोस्)

.त्यसपछि आसन दिनू । बायाँ हात उत्तानो पारेर माफी र बूढीऔँलाले दायाँ हात मुट्ठी पारेर बायाँपट्टिको बूढीऔँला समात्नू । दायाँपट्टिको बूढीऔँला अग्लो पार्दा अपराजितलाई ऐँचेर वज्रधरको भूतासनमुद्रा हुन्छ ।

मन्त्र–

जय जय क्रोधाविपत्ति क्रोधराज इति भूतासन दर्शय रक्ष प्रतिगृह्ण स्वाहा ।

(क्रोधाविपत्ति क्रोधराज जय जय भूतासन देखाउनुहोस्, रक्षा गर्नुहोस्, लिनुहोस् ।)

अनि देवताको आसन हुन्छ । हात जोडेर सबै औँला खुम्च्याएर पद्ममुद्रा हुन्छ ।

मन्त्र–

ॐ पद्मोद्भवनिषण्णा सर्वदेवताः स्वाहा ।

(पद्मोद्भवमा बसेका सबै देवतालाई स्वाहा ।)

त्यसपछि विघ्न हटाएर यस मुद्रामन्त्रले मुट्ठी पारेर परस्पर बूढीऔँला फैलाउनू, आक्षेपमुद्रा हुन्छ ।

मन्त्र–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ नाशय सर्वदुष्टान् दह पच दुष्टान् भस्मीकुरु हुँ हुँ फट् फट् ।

(सबै दुष्टको नाश गर्नुहोस्, सबै दुष्टलाई पोल्नुहोस्, पकाउनुहोस्, भस्म पार्नुहोस् ।)

फेरि यही मुद्रामन्त्रले दिग्बन्धन गर्नू । परस्पर मुट्ठी पारेर फरक फरक बायाँपट्टिका चोरऔँला पसारेर दायाँ काँधमा राख्नू । रिसाएर दायाँपट्टिको बूढीऔँलाले कान्छीऔँलाको नङ ऐँचेर बाँकी औँला फैलाउनू, त्यो दिग्बन्धमुद्रा हुन्छ ।

मन्त्र–

ॐ वज्रक्रोध महाचण्ड बन्ध बन्ध दश दिशान् हुँ फट् ।

(हे वज्रक्रोध महाचण्ड, दशै दिशालाई बाँध्नुहोस्, बाँध्नुहोस् ।)

त्यसपछि भगवान्को मूल मुद्रा बाँधेर वज्राक्षार हेरी यस मन्त्रले समय देखाउनू । हुँ वज्र फट् । दुवै मुट्ठी बाँधेर दुवै कान्छीऔँला बेर्नू । चोरऔँला फैलाएर अङ्कुशको आकारले सिद्धाकर्षणमुद्रा हुन्छ ।

मन्त्र–

ॐ वज्ररोष महाक्रोध सिद्ध्याकर्षय हुँ जः ।

(हे वज्ररोष महाक्रोध, सिद्धिद्वारा तान्नुहोस् ।)

त्यसपछि वज्र हल्लाएर यो भन्नू–

क्रोधसिद्धि महाराज सिद्धिसंशयसाधने ।
सिध्यन्तु सर्वदेवाश्च शीघ्रं सिद्धिमनुत्तराम् ।।

(हे क्रोधसिद्धि महाराज, सिद्धिसंशयसाधनमा सबै देवताको सिद्धि होओस् । ठूलो सिद्धि चाँडै दिनुहोस् ।)

आठ थरी गुह्यपूजाद्वारा पूजा गर्नू ।

ॐ वज्रलास्ये हुँ, ॐ वज्रमाल्ये हुँ, ॐ वज्रगीते हुँ, ॐ वज्रनृत्ये हुँ, ॐ वज्रपुष्पे हुँ, ॐ वज्रधूपे हुँ, ॐ वज्रालोके हुँ ।

त्यसपछि पूजा गरेर वज्रावेश मुद्राबन्धन गरेर भगवान्लाई आफ्नो शरीरमा प्रवेश गराउनू । यो मन्त्र उच्चारण गर्नू ।

ॐ प्रविश हुँ हुँ हुँ अः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूल मुद्राबन्धन गरेर यो मन्त्र उच्चारण गर्नू ।

ॐ वज्र फट् ।

ज्ञानसत्त्व र समयसत्त्वमा भेद नगरेर भावना गर्नू । भावनाबाट थाकेपछि नथाक्ने गरी मन्त्र जप्नू । थाकेमा पूजा गरी अर्घजल दिएर यस मन्त्रले स्तुति गर्नू ।

सर्वसिद्धि महाक्रोध सुखसिद्धिप्रदायक ।
दत्त्वा च मन्त्रिणे (महा)सिद्धिं गच्छ सिद्धिमनुत्तराम् ।।
(सुख र सिद्धि दिने हे सर्वसिद्धि महाक्रोध, मन्त्री (साधक)लाई उत्तम सिद्धि दिएर जानुहोस् ।)

अनि [यो] मुद्रा हुन्छ । हात जोडेर टाउको केही निहुराएर पूर्णमुद्रा हुन्छ ।

मन्त्र–

ॐ सिद्धिवज्र आपूरय आपूरय सर्वसत्त्वानाम् आशाम् अमुकसिद्धिं मे प्रयच्छ हुँ ।
(हे सिद्धिवज्र, सबै प्राणीको आशा पूरा गरिदिनुहोस्, मलाई फलानो सिद्धि दिनुहोस् ।)

यो उच्चारण गर्नाले मात्र सबै मुद्रा दरा हुन्छन् । पद्ममुद्रा बन्धन गरेर बायाँपट्टिको बूढीऔँला पसारेर यस मन्त्रले विसर्जन गर्नू –

ॐ सर सर विसर विसर गच्छ गच्छ श्रीवज्रधरः समाज्ञापयति स्वाहा ।
(सर्नुहोस् सर्नुहोस्, जानुहोस् जानुहोस्, श्रीवज्रधरबाट आज्ञा हुन्छ ।)

विसर्जन गर्दै कवचमुद्रा बन्धन गरेर हृदय ऊर्णा कण्ठ शिरमा दुवै काँधले रक्षा गरेर त्यहाँ आफू भन्ने भावना गरेर हिँड्नू ।

भूतडामरसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६५ साधन

भूतडामर

माइला डोङ्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २६६ ॐ

श्रीभूतडामरलाई नमस्कार ।

भूतको घमण्ड तोड्ने, क्रोधस्वरूप डामरलाई ढोगेर उहाँको पाइएअनुसारको साधन बताउनेछु ।

सबभन्दा पहिले दुवै हातमा चन्द्रमण्डलको भावना गरी त्यसको बीचमा ज्वालमाला भएको हुँकारको ध्यान गरेर यो मन्त्र ॐ सिद्धिवज्र हुँ उच्चारण गर्नू । त्यसपछि मुद्राबन्धन गर्नू । परस्परमा औँला बेरेर परस्पर चोरऔँला सूची जस्तै फैलाउनू । हृदयमा चन्द्रमण्डलको चिन्तना गरी त्यहाँ रातो बिन्दुसहितको, ज्वालामाला भएको रातो रेफको ध्यान गरेर सबै पाप नाश गर्ने यस मन्त्र

ॐ हन विध्वंसय विध्वंसय नाशय नाशय पापं हुँ फट् ।

(पापीलाई मार्नुहोस्, पापीको विध्वंस गर्नुहोस् विध्वंस गर्नुहोस्, नाश गर्नुहोस् नाश गर्नुहोस् ।)

को उच्चारण गर्नू ।

त्यसपछि शून्यको भावना गर्नू । फेरि माघेफूल र स्फटिक जस्तो बोधिचित्तचन्द्रलाई हेर्नू, त्यसको बीचमा हुँकार हेर्नू । ह्रीःमा परिणत, अष्टदल कमलको चिन्तना गरेर त्यसमाथि अकारबाट निस्केको चन्द्रमण्डलको चिन्तना गर्नू । ज्वालामाला भएको त्यही हुँकारलाई भावना गरेर क्रोधावेशमुद्रालाई मन्त्रद्वारा आवेश गर्नू । परस्पर मुट्ठी बाँधेर दुवै चोरऔँला बेर्नू ।

ॐ क्रोधावेश हुँ अः ।

त्यसको चहकले सञ्चोदना गरी आवेश गरेर त्यसैमा क्रोधका अनेक विग्रह पसिरहेको चिन्तना गर्नू । त्यस पुण्यज्ञानबाट अभिनिवृत्त पञ्चसूचि भएको, नीलो, अनेक रश्मि भएको, ज्वालामाला भएको ज्वालावज्रको भावना गर्नू । त्यस वज्रबाट अनेक क्रोध आदि दशै दिशामा निकालेर सबै प्राणीको लागि ऋद्धि आदि गरेको हेर्दै त्यही मुद्रा अगाडि तान्दै मन्त्रको उच्चारण गर्दै त्यही वज्रमा बसिरहेको चिन्तना गर्नू ।

ॐ वज्रावेशावेशय पातय हुँ ।
(हे वज्रावेश आवेश गर्नुहोस्, पातन गर्नुहोस्)

त्यसपछि महाक्रोधरूपका, रौद्र, ज्वालामालाको चहक भएका, चार हात भएका, महाक्रोध, भिन्नाञ्जन (सौवीर मिसाएको गाजल) जस्तो चहक भएका, दायाँ हातले वज्र घुमाई बायाँ हातले तर्साइरहेका, दाह्राले डरलाग्दो मुख भएका, अष्टनागले सिँगारिएका आफूलाई हेर्नू । अनन्तनाग जनै, वासुकिनाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेखला, शङ्खपालनाग वलय, सेतो वर्णका अरू यी नाग, बायाँ हातमा कुलिकनाग वलय, परेवाको जस्तो रङ्ग भएका नन्द र उपनन्दनाग कुण्डल, घाँटीमा तक्षकनाग, पहेँलो वर्णका अरू नाग केयूर, रातो वर्णका पद्म र महापद्मनाग नूपुर, कृष्ण वर्णका कर्कोटकनाग फेटा ।

कपालमालाको मुकुट लाएका, त्रैलोक्यको नाश गर्ने, अट्टहास गर्ने, ठूलो आवाज भएका, त्रैलोक्यमा अधिष्ठित प्रभु, प्रत्यालीढासनमा रहेका, करोडौँ सूर्यको जस्तो तेज भएका अपराजितलाई पाउले ऐँचेका भूतडामर मुद्राबन्धद्वारा रहनुभएको छ । दुवै साहिँलीऔँला बेरेर दुवै चोरऔँला खुम्च्याउनू । कान्छीऔँला र माझीऔँलालाई बूढीऔँलाले थिच्नू । यो श्रेष्ठ मुद्राबन्धन गरेपछि त्रैलोक्यको राज्यको साधना हुन्छ ।

त्यसपछि क्रोधाधिपतिले क्रोधराजको मुद्रा र मन्त्रद्वारा षडङ्गविन्यास गर्नू । परस्पर मुट्ठी बाँधेर दुवै माझीऔँला फैलाउनू । शिरोमुद्रा हुन्छ । मन्त्र –

ॐ हनवज्र हुँ ।

यही मुद्राबाट दुवै माझीऔँला पसाई चोरऔँला सूची गरेर शिखामुद्रा हुन्छ ।

मन्त्र–

ॐ दहवज्र हुँ ।

यही मुद्राबाट दुवै बूढीऔँलाको छेउबाट दाहिने बूढीऔँला दाहिने आँखा, बायाँ बूढीऔँला बायाँ आँखा नेत्रमुद्रा हुन्छ ।

ॐ दीप्तवज्र हुँ ।

परस्पर मुट्ठी बाँधेर दुवै कान्छीऔँला बेर्नू । चोरऔँला पसारेर हृदयमुद्रा हुन्छ ।

मन्त्र-

ॐ वज्ररोष हुँ ।

यही मुद्राबाट चोरऔँला कुण्डली गरेर कवचमुद्रा हुन्छ ।

मन्त्र-

ॐ दृढवज्र हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुवै चोरऔंला पसारेर अस्त्रमुद्रा हुन्छ ।

मन्त्र-

ॐ हन दह पच क्रोधवज्र सर्वदुष्यान् मारय हुँ फट् ।
(हे क्रोधवज्र, सबै दुष्टलाई मार्नुहोस्, पोल्नुहोस्, पकाउनुहोस्, मार्नुहोस् ।)

त्यसपछि वज्रक्रोधको आवाहन गर्नू । परस्परमा चोरऔंला भित्र पसाएर खुम्च्याइन्छ ।

ॐ वज्रक्रोध समयमनुपालय शीघ्रमागच्छ ह्वीः ह्वीः जः हुँ फट् स्वाहा ।
(हे वज्रक्रोध, समयलाई पालना गर्नुहोस्, चाँडै आउनुहोस् ।)

त्यसपछि अञ्जलि बाँधी अर्घ उत्तानो पारेर दुवै बूढीऔंला छेउछेउमा राख्नू ।

ॐ सर्वदेवता प्रसीद भगवन् महावज्रक्रोध अर्घं प्रतीच्छ हुँ अः ।
(हे सबै देवता, निगाह गर्नुहोस्, हे भगवान् महावज्रक्रोध, अर्घ लिनुहोस् ।)

त्यसपछि आसन दिनू । बायाँ हात उत्तानो पारी बूढीऔंला उठाएर दाहिने हातको मुट्ठीले बायाँ बूढीऔंला समात्नू । दायाँ बूढीऔंला उठ्छ ।

ॐ जय जय महाक्रोधाधिपति क्रोधराज इदं भूतासनं दर्शय रक्ष प्रतिगृह्ण स्वाहा ।
(महाक्रोधाधिपति क्रोधराजको जय जय । यो भूतासन देखाउनुहोस्, रक्षा गर्नुहोस्, लिनुहोस् ।)

हात जोडी सबै औंला खुम्च्याएर पद्ममुद्रा गरिन्छ, त्यो आसनमुद्रा हुन्छ ।

मन्त्र-

ॐ पद्मोद्भवनिषण्णा सर्वदेवताः स्वाहा ।
(पद्मोद्भवमा बसेका सबै देवतालाई स्वाहा ।)

त्यसपछि आक्षेप गर्नू । परस्पर मुट्ठी बाँधी बूढीऔंला फैलाएर बायाँ मुट्ठी छातीमा राखी दायाँ मुट्ठीलाई हानेको जस्तो अभिनय गरेर मन्त्रको उच्चारण गर्नू ।

ॐ नाशय सर्वदुष्यान् दह पच दुष्यान् भस्मीकुरु हुँ हुँ फट् फट् ।
(सबै दुष्टलाई नाश गर्नुहोस्, पोल्नुहोस्, पकाउनुहोस, दुष्टहरूलाई भस्म पार्नुहोस् ।)

त्यसपछि यस मन्त्रले दिग्बन्धन गर्नू । परस्पर मुट्ठी पारी अलग अलग बायाँ चोरऔंला पसारेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दायाँ काँधमा राख्नू । दायाँ बूढीऔँलाले कान्छीऔँलाको नङ ऐँची बाँकी औँला पसारेर दशै दिशामा घुमाउनू ।

ॐ वज्रक्रोध महाचण्ड बन्ध दश दिशं हुँ हुँ फट् फट् ।
(हे वज्रक्रोध महाचण्ड, दशै दिशा बन्ध गर्नुहोस् ।)

त्यसपछि वज्र हल्लाउँदै यो उच्चारण गर्नू ।

क्रोधसिद्धि महाराज सिद्धिसंशयसाधने ।
सिध्यन्तु सर्वदेवाश्च शीघ्रं सिद्धिमनुत्तराम् ।।

(हे क्रोधसिद्धि महाराज, सिद्धिको संशयसाधनमा सबै देवताको सिद्धि होस् । उत्तम सिद्धि चाँडै दिनुहोस् ।)

षोडशलास्यापूजाले पूजा गर्नू । क्रोधराजमूलमुद्राबन्धन गरेर हुँ वज्र फट् । दृश्यसमय दिनू । त्यसपछि भगवान्को पूजा गरी क्रोधावेशमुद्राबन्धन गरेर वज्रक्रोधलाई आफ्नो शरीरमा पसाउनू ।

ॐ प्रविश वज्रक्रोध हुँ हुँ हुँ आः ज्वालामालाकुलभीषणवज्र आः ।
(ज्वालामालाले आकुल भीषणवज्र वज्रक्रोध, पस्नुहोस् ।)

आफ्नो शरीरमा अन्तर्भाव गरी कवच आदि गरी यो सबै पूरा गर्नको लागि हात जोडेर पूरणमन्त्रको उच्चारण गर्नू ।

ॐ सिद्धिवज्र आपूरय आपूरय हुँ फट् ।
(हे सिद्धिवज्र, भर्नुहोस् भर्नुहोस् ।)

यसद्वारा सबै घटीबढी परिपूर्ण हुन्छन् । त्यसपछि म वज्रक्रोध हुँ भन्ने ठानेर सबै सिद्धिलाई आकर्षण गर्नू । यो मुद्रामन्त्रद्वारा दुवै मुट्ठी बाँधेर दुवै कान्छीऔँला बेर्नू । चोरऔँला पसारी गुडुल्क्याएर अलिकति चलाउनू ।

ॐ वज्ररोष महाक्रोधसिद्ध आकर्षय हुँ जः ।
(हे वज्ररोष महाक्रोधसिद्ध, तान्नुहोस् ।)

त्यसपछि आफ्नो हृदयमा चन्द्रमण्डलमा रहेका, ऊर्ध्वशिख (अदेखि अःसम्मका) अक्षरको चिन्तना गरेर नीलो आलीलाई जस्तै पङ्क्तिबाट

ॐ वज्र फट् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसपछि राँका प्वालबाट स्फुरण संहार भएका क्रोधविग्रहको चिन्तना गर्नू । भावनाबाट थाकेपछि जप थाल्नू । त्यसमा मन लगाई अक्षरमा एकचित्त भएर जप गर्नू । थकाइ लागेपछि क्रोधविग्रहलाई आफ्नो हृदयमा अन्तर्भाव गरी हात जोडेर सबै सिद्धिको प्रार्थना गर्नू ।

सिद्धिवज्र आपूरय सर्वसत्त्वानामाशां सर्वसिद्धिं मे प्रयच्छ हुँ जः ।
(हे सिद्धिवज्र, सबै प्राणीको आशा पूरा गर्नुहोस्, मलाई सबै सिद्धि दिनुहोस् ।)

त्यसपछि पद्ममुद्रा । दुवै बूढीऔँलाद्वारा सर्वदेवता विसर्जनमुद्रा गर्नू ।

मन्त्र-

ॐ सर सर विसर विसर गच्छ गच्छ, सर्वदेवतान् श्रीवज्रधरः समाज्ञापयति स्वाहा ।

(सर्नुहोस् सर्नुहोस्, जानुहोस् जानुहोस् भनी श्रीवज्रधर सबै देवतालाई आज्ञा गर्नुहुन्छ ।)

त्यसपछि क्रोध र अहङ्कार मनमा राखी आफ्नो शरीरलाई कवच गरेर यस क्रमअनुसार आनन्दसँग विहार गर्नू । एक लाखचोटि मन्त्र जप्नू, चाँडै सिद्धि मिल्छ । अनि अभिषेक गरिएको, आज्ञा पाएको, पहिले सेवा गरिसकेको वज्रधरको साधना गर्ने इच्छा भएका मन्त्री (साधक)ले वज्रधरको साधना गर्ने इच्छा हुँदा एक महीनासम्म तीनै सन्ध्यामा एक एक हजार जप गर्नू । त्यसपछि पूर्णिमाको दिन गच्छेअनुसार पूजा गरी सावधान भई क्रोधमुद्राबन्धन गरेर रातभरि जप गर्नू । त्यसपछि बिहान भुइँ हल्लिन्छ, मुद्रा बल्छ । बलेकोबाट वज्रधर जस्तो हुन्छ, अजर (कहिल्यै बूढो नहुने) अमर (कहिल्यै नमर्ने) दिव्यरूप भएको हुन्छ भनी भगवान् वज्रधर भन्नुहुन्छ ।

सबै प्राणीलाई तार्ने हेतुले त्रैलोक्यवज्रले बनाएको संक्षिप्त सम्पूर्ण विस्पष्टक्रमसङ्गत-भूतडामरसाधनोपायिका सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६६ साधन श्रीभूतडामर माइला डोङ्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २६७ ❁

भूतडामरलाई नमस्कार ।

प्रज्ञोपायमय, बोधिचित्तबाट उत्पन्न, क्रोधस्वरूप भूतडामर नाम भएकालाई ढोगेर आराधन बताउँछु ।

त्यहाँ मण्डलभित्र पसेका, सबै समयमा अभिषेक भएका, आज्ञा पाएका भावसाधकले कहीँ पहाडको गुफा आदि, मन लागेको ठाउँ, पट आदिमा भएका भगवान्लाई धूप आदिले बाह्य र आध्यात्मिक पूजा गरेर पापदेशना आदि गर्नू ।

मेरो शरण त्रिरत्न हुनुहुन्छ । म सबै पापप्रतिदेशना गर्छु । संसारको पुण्यलाई अनुमोदन गर्छु । बुद्धको बोधिमा मन लगाउँछु ।

दुइ हातमा अकारद्वारा चन्द्रमण्डल, त्यसमाथि जाज्वल्यमान हुँकारको ध्यान गरेर हात जोड्दै
यो भन्नू-

ॐ सिद्धवज्र हुँ ।

ह्रीःकारद्वारा घाँटीमा अष्टदल कमल, हुँकारद्वारा जिभ्रोमा सेतो वज्रलाई वज्रादिजिह्वा भनी अधिष्ठान गर्नू । यस विधिले स्थानरक्षा गर्नू । त्यहाँ यो विधि हुन्छ–

हुँकार उच्चारण गर्दै आफूलाई भट्ट क्रोधराजमा निष्पादन गरेर रातो धागोमा गाँथिएको रातो फूलको माला आदिले सिँगारिएका, फलाम आदिले बनेका, हुँकारबाट निष्पन्न, वर्षाकालको मेघ जस्ता कीलालाई नाभिभन्दा तल त्रिशूलको आकार भएका, ऊर्ध्वक्रोधको आकृति भएका तल विघ्नहरूलाई तीखो कीलाले मन्त्र

ॐ घघ घातय घातय सर्वदुष्टान् कीलय कीलय सर्वपापान् फट् हुँ हुँ हुँ वज्रधर आज्ञापयति
सर्वदुष्टकायवाक्चित्तं कीलय हुँ फट् ।

(सबै दुष्टहरूलाई मार्नुहोस् मार्नुहोस्, सबै पापीलाई कीला ठोक्नुहोस् ठोक्नुहोस्, सबै दुष्टका काय-वाक्-चित्तलाई कीला ठोक्नुहोस् भनी वज्रधर आज्ञा गर्नुहुन्छ ।)

को उच्चारण गर्दै आःकारबाट उत्पन्न, सूर्यबिम्बको किरण जस्तो उज्यालोलाई त्यसको अगाडि सबै दिशामा रश्मिको ज्वाला भएका कीलाको चिन्तना गर्नू । तिनीहरूद्वारा परम्परावबद्ध पञ्जरभित्र रहेको सूर्यलाई आफ्नो हृदयमा अँकारद्वारा त्यसमाथि प्रलयकालको अग्निले जस्तै रँकार राखेर दुवै बूढीऔँला पसाउनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुवै चोरऔंला पसारेर निधारदेखि थालेर पापास्फोटयोगद्वारा स्फोटन गर्नू ।

ॐ हन विध्वंसय नाशय पापान् हुँ फट् ।

(पापीहरूलाई मार्नुहोस्, पापीहरूको विध्वंस गर्नुहोस्, नाश गर्नुहोस् ।)

यसद्वारा पोलेर बाह्य र आध्यात्मिक विकल्पपापहरूले स्फोटन गरेर ग्राह्य र ग्राहकबाट मुक्त आकाश जस्तै आफूलाई ठान्नू ।

त्यसपछि चित्तबाट कल्पना हटाई आफैँले जानिने, चहकिलो, हृदयद्वारा गरिएको आनन्द हुँकार, दुइटा होकारबाट तोकिएको, मदधातुबाट आक्रान्त, चित्तमात्रप्रभावितलाई तीखा किरणद्वारा आफ्नो चित्तले एकता गर्नू । प्रतिबिम्ब जस्तै अर्धचन्द्रयुक्त हेर्नू । त्यसपछि अकार आदि स्वरलाई सूर्यमण्डलमा राखेर ह्रस्व स्वरहरूको पापक, दीर्घ स्वरहरूको प्रज्ञात्मक उच्चारण गरेर बुद्धद्वारा विकुर्वित गरेर फेरि तिनीहरूका स्वररश्मिमा आफूद्वारा नै पसेका कलायोगद्वारा व्यवस्थित चिन्तना गर्नू । ककार आदिलाई पछिबाट त्यहीं प्रकारले ङ ण न म छोडेर त्यस्तै बोधिपक्षको चिन्तना गर्नू । त्यसपछि पञ्चवर्णका बुद्धलाई संस्फारण गरी पसाएर अनेकगर्भस्तिमित सेतो कमल हेर्नू । त्यसमाथि श्रीक्रोधराज हुँ भन्ने उच्चारण गरेर आफूलाई ज्वालाद्वारा आकृष्ट भावना गर्नू । क्रोधावेश- त्यसपछि म क्रोधवज्र हुँ भनी आफूलाई ठान्नू । त्यस कुललाई फेरि फिँजाई पसाएर श्रीभूतडामर म हुँ भनी निश्चय गरेर ॐ वज्रावेशय पातय हुँ । क्रोधावेशद्वारा मन्त्रयुक्त वज्रावेश । त्यसपछि आफूलाई वज्रक्रोध ठानेर समय म हुँ, समयमुद्रा बाँधेर मलाई समयसत्त्वमा राख भनी भन्नू ।

दुवै साहिँलीऔंला बेरेर दुवै चोरऔंला खुम्च्याउनू । बूढीऔंलाले कान्छी र माझीऔंला ऐँचनू ।

यसको मन्त्र– ॐ वज्र फट् । हृदुर्णामा, घाँटीमा र शिरमा प्रतिष्ठापना गरेर अधिष्ठान गर्नू । त्यसपछि त्यसका मुद्रा र मन्त्रद्वारा षडङ्गविन्यास गर्नू । दुवै मुट्ठी बाँधेर माझीऔंला पसार्नू । यो शिरोमुद्रा हुन्छ । मन्त्र–

ॐ हनवज्र हुँ शिरः ।

यसैमा दुवै माझीऔंला पसाउँदा शिखामुद्रा हुन्छ । मन्त्र–

ॐ दहवज्र हुँ शिखा ।

यसै मुद्राबाटै दुवै बूढीऔंला दायाँलाई दायाँमा बायाँलाई बायाँमा राख्नू, नेत्रमुद्रा हुन्छ । मन्त्र–

दीप्तवज्र हुँ नेत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुवै मुट्ठी बाँधेर दुवै कान्छीऔँला बेर्नू । चोरऔँला पसारेर हृदयमुद्रा हुन्छ । हुँकारमा अधिष्ठित क्रोधवज्रलाई हृदयमा ध्यान गरेर ॐ वज्ररोष हुँ हृदयमन्त्र हुन्छ । यसै मुद्राको चोरऔँलालाई कुण्डली बनाएर कवचमुद्रा हुन्छ । मन्त्र– ॐ दृढवज्र हुँ, कवच । यसै मुद्राबाट दुवै चोरऔँला पसारेर अस्त्रमुद्रा हुन्छ । मन्त्र–

ॐ हन दह पच क्रोधवज्र दुष्यान् मारय मारय हुँ फट् अस्त्रमन्त्रः ।
(हे क्रोधवज्र, दुष्टहरूलाई मार्नुहोस्, पोल्नुहोस्, पकाउनुहोस्, मार्नुहोस् मार्नुहोस् अस्त्रमन्त्र ।)

तीनचोटि हुँ अः उच्चारण गर्दै अगाडि सूर्यमण्डलमा नीलो क्रोधराजलाई राखेर वज्रोऽहम् भन्दै उल्टाएर क्रोधक्रोधोऽहम् भनी भावना गर्नू । त्यसपछि भगवान्लाई सबै देवताहरूसँग आवाहन गर्नू । परस्परमा अन्तरित गरी दुवै चोरऔँला खुम्च्याएर दुवै बूढीऔँलाद्वारा अलिकति चलाउनू । दुवै चोरऔँला तान्नू ।

ॐ वज्रमहाक्रोध समयमनुपालय भगवन् शीघ्रमागच्छ सर्वदेवताभिः सह ह्रीः जः हुँ फट् स्वाहा ।
(हे भगवान् वज्रमहाक्रोध, समयको अनुपालना गर्नुहोस्, सबै देवतासँग चाँडै आउनुहोस् ।)

भूतडामरसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २६८ ❁

यमान्तकलाई नमस्कार

सबभन्दा पहिले सुखासनमा बसेको साधकले रातो आकारबाट निष्पन्न सूर्यमण्डललाई आफ्नो हृदयमा भावना गरेर त्यसमाथि रातो हुँकार राखेर त्यसको अगाडि भन्न लागिएको रक्तयमारि, गुरु बुद्ध बोधिसत्त्वहरूलाई आलम्बन गरेर फूल आदिद्वारा पूजा गरी नमस्कार गरी त्रिशरणगमन आदि गरेर ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् भनी शून्यताको भावना गर्नू । त्यसपछि रातो आकारबाट उत्पन्न सूर्यमण्डलमाथि हुँकार, त्यसबाट परिणत आलो मुण्डले अङ्कित, हुँकारमा अधिष्ठित सेतो दण्डको भावना गर्नू । यी सबै परिणामना गरेर यमान्तकको चिन्तना गरी आफूलाई **रातो वर्णको प्रत्यालीढपदमा रहेका, एउटा मुख भएका, दुइ हात भएका, बायाँ हातमा रगतले भरिएको कपाल दायाँ हातमा मुण्डाङ्कित सेतो दण्ड लिएका, नागको गहनाले सिँगारिएका, भयानक, कैलो र ठाडो कपाल भएका, बाघको झरिरहेको छाला बेरेका, विचित्र गहना लगाएकी आलीढपदमा रहेकी आफ्नो जस्तो चहक भएकी प्रज्ञाले** आफूलाई अँगालो हालेको भावना गर्नू । त्यसपछि भगवान्‌को हृदयमा सूर्यमण्डललाई हुँकारमा अधिष्ठित, त्यसबाट परिणत आलो मुण्डले अङ्कित सेतो दण्डलाई निश्चल भावना गरेर त्यसको बीचमा रातो वर्णको रातो सूर्यमण्डलमा रहेको हुँकारको भावना गर्नू । त्यसपछि हुँकारमा परिणत गुह्यवज्रलाई भगवतीको गुह्य अष्टदल कमललाई रातो आःकारले भावना गर्नू । त्यसपछि ॐ सर्वतथागतानुरागेण वज्रस्वभावात्मकोऽहम् मन्त्र उच्चारण गर्नू । त्यसपछि नाभिको तल रातो अष्टदल कमलमाथि बलिरहेको रातो ह्रींकारको चिन्तना गर्नू । **मदले विह्वल, लुगा तल झरेकी, दुइ हात भएकी, एक मुख भएकी, भगवान्‌सँग सम्पुटयोगमा रहेकी प्रज्ञा ।** राँगोमाथि विश्वदलकमलमा रहेका, यस्तो भएका रक्तयमारिलाई समयादिविधिपूर्वक भावना गर्नू । यसरी दुइ, तीन, चार सन्ध्या भावना गर्नू । वुँ आँ जिँ खँ हुँ समयाधिष्ठानमन्त्र ।

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा, मूल मन्त्र ।

ॐ यमान्तक हुँ, हृदयमन्त्र ।

आर्यरक्तयमारिसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६८ साधन

आर्यरक्तयमारि (यमान्तक)

रत्न सागर श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २६९ ❀

त्यस्तै गरी पापदेशना आदिपूर्वक शून्यताको चिन्तना गरेर रातो आकारबाट उत्पन्न सूर्यमा रातो हुंकार, त्यसमा परिणत पहेँलो आलो मुण्डले अङ्कित सेतो दण्डलाई हुँकारमा अधिष्ठित भनी भावना गर्नू । त्यसको परिणामले एक मुख दुइ हात भएका, प्रत्यालीढमा रहेका, रगतले भरिएको कपाल बायाँ हातमा लिएका, पहेँलो आलो मुण्डले अङ्कित सेतो दण्ड दायाँ हातमा लिएका, नागका गहनाले सिँगारिएका, कैलो र ठाडो कपाल भएका, बाघको छाला लगाएका, अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएका, आफ्नो जस्तो चहक भएकी प्रज्ञाले अँगालिएका, राँगोमाथि विश्वदल कमलसूर्यमा रहेका यमान्तक

आफू भनी ध्यान गर्नू । दुइ हात भएकी, एक मुख भएकी, विचित्र गहना लगाएकी, आलीढपदमा रहेकी, मदले विह्वल, बाघको छाला तल झरेकी, भगवान्सँग सम्पुटयोगद्वारा प्रत्यालीढमा रहेकी भगवतीको यसरी चिन्तना गरेर हृदयमा सूर्यमण्डलमा हुँकारमा परिणत मुण्डले अङ्कित सेतो दण्ड भएका, सूर्यमा रहेको हुँकारको बीचमा भएको भावना गर्नू । त्यसपछि भगवान्को हुँकारमा परिणत वज्र र भगवतीको आःकारमा परिणत पद्मलाई भावना गरेर ॐ सर्वतथागतानुरागेण वज्रस्वभावात्मकोऽहम् भनी अधिष्ठान गर्नू । त्यसपछि नाभिको तल रातो अष्टदल कमलमाथि बलिरहेको रातो ह्रीँकारको चिन्तना गर्नू । त्यसपछि वुँ आँ जिँ खँ हुँ यति मन्त्राक्षरले समयद्रव्यसेवापूर्वक दुइ तीन चार सन्ध्यासम्म भावना गर्नू । मन्त्रजाप यो हो–

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा । ॐ यमान्तक हुँ ।

आर्यरक्तयमारिसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६९ साधन

आर्य रक्तयमारि (यमान्तक)

बालकृष्ण महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २७० ❁

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा । ॐ यमान्तकृत् हुँ हुँ फट् फट् । सबभन्दा पहिले मन्त्री (साधक)ले सुखासनमा बसेर रातो आकारबाट निष्पन्न सूर्यमण्डललाई आफ्नो हृदयमा भावना गरेर त्यसको बीचमा रातो हुँकारको भावना गर्नू । त्यसको रश्मिबाट तानिएका, राता यमारिलाई अगाडि अवलम्बन गरेर गुरु बुद्ध र बोधिसत्त्वलाई फूल आदिले पूजा गरी नमस्कार गरेर पापदेशना आदि गर्नू । त्यहाँ त्रैधातुक र आफूलाई मायास्वप्न इन्द्रजाल जस्तो अवलम्बन गरेर शून्यताको चिन्तना गर्नू । ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् भनी चित्तमा अधिष्ठान गर्नू । त्यसपछि रातो आकारमा परिणत सूर्यमण्डल, त्यसमाथि रातो हुँकारमा परिणत आलो मुण्डले अङ्कित सेतो दण्ड, त्यसको बीचमा रातो आकारमा परिणत सूर्यमण्डल, त्यसको बीचमा रातो हुँकार, ती सबैको परिणामना गरेर आफू यमान्तक भएको चिन्तना गर्नू । रातो वर्णका, प्रत्यालीढपदमा रहेका, दाह्रा निस्केर डरलाग्दा, जिब्रो लपलपाएका, विकृत मुख भएका, क्रूर अष्टनागले सिँगारिएका, चम्किएको कैलो र ठाडो कपाल भएका, जीउमा लगाएको बाघको छाला तल झरेका, रातो वर्णकी विचित्र गहना लगाएकी प्रज्ञाले आलीढपदमा रहेकालाई अँगालेको भावना गर्नू । त्यसपछि भगवान्को हृदयमा पूर्व बीजमा परिणत सूर्य, त्यसमाथि हुँकार, त्यसमा परिणत आलो मुण्डले अङ्कित सेतो दण्ड लिई निश्चल भई भावना गर्नू । त्यसको मुट्ठीमा सूर्यमण्डलमा रहेको हुँकार रातो भनी चिन्तना गर्नू । त्यसपछि भगवतीको गुह्यमा अष्टदल कमल रातो आःकारद्वारा गुह्यवज्रको हुँकारमा परिणत आलो मुण्डले अङ्कित दण्डको चिन्तना गर्नू । त्यसपछि यो मन्त्र

ॐ सर्वतथागतानुरागेण वज्रस्वभावात्मकोऽहम्

भन्ने मन्त्रको उच्चारण गर्नू । त्यसपछि नाभिको तल रातो अष्टदल कमलमाथि जाज्वल्यमान रातो ह्रीःकारको चिन्तना गर्नू । एक मुख भएका, दुइ हात भएका, बायाँ हातमा रगत भरिएको कपाल लिएका, दायाँ हातमा मुण्डाङ्कित सेतो दण्ड लिएका, राँगोमाथि विश्वकमलमा रहेका भगवान्को भावना गर्नू । मदले विह्वल, लुगा तल झरेकी, दुइ हात एक मुख भएकी, भगवान्सँग सम्पुटयोगमा रहेकी प्रज्ञा ।

यस्तो अवस्थामा रहेका यमारिको भावना गर्नू । तीन वा चार सन्ध्यामा भावना गरेर बलि दिनू । वुँ आँ जिँ खँ हुँ, समयाधिष्ठानमन्त्र ।

ॐ ख ख खाहि खाहि

सर्वयक्षराक्षसभूतप्रेतपिशाचोन्मादकुम्भाण्डापस्मारडाकडाकिन्यादय इमं बलिं गृह्णन्तु समयं रक्षान्तु सर्वसिद्धिं प्रयच्छन्तु यथैवं यथेष्टं भुञ्जथ पिबथ मातिक्रमथ सर्वसिद्धये सहायका भवथ हुँ हुँ फट् फट् स्वाहा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(खाऊ खाऊ, सबै यक्ष राक्षस भूत प्रेत पिशाच उन्माद (बहुला पार्ने राक्षसविशेष) कुम्भाण्ड अपस्मार (छारे रोग लगाउने) डाक डाकिनीहरूले यो बलि लिऊन्, समयको रक्षा गरून्, सबै सिद्धि देऊन् । यसै गरी इच्छा लागे जति खाओ, पिओ, ननाघो, सबै सिद्धिको लागि सहायक होओ ।)

सार्वभौतिक बलिमन्त्र ।

रातो, कृष्ण, पहेँलो र सेतो वर्णको कर्मानुरूपबाट ध्यान गर्नू । त्यसपछि

ॐ ह्वीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् देवदत्तस्य शान्तिं कुरु नमः स्वाहा
(हे विकृतानन, देवदत्तको शान्ति गर्नुहोस्, नमस्कार ।)

भनी जप गर्नू ।

पुष्टिमा वौषट्, आकृष्टिमा जः, मोहमा वुँ, वश्यमा होः, स्तम्भमा लँ, प्रेरणमा हुँ फट्, निग्रहमा हुँ, अरू दुइटाले उच्चाटन । यसरी स्तम्भ आदि कर्मप्रसरको नाउँ लिनू ।

शान्तिकर्ममा रोचनाले रक्षा हुन्छ । सेतो रेशम कपडामा, भोजपत्रमा, बाँसको बोक्रामा वा धोएको कपडामा दुइटा चक्र लेखेर नमस्कारसहितको नाम किटी अकालमूलादि नभएको कहतारोभित्र राखी घ्यू र मह बीचमा राखी सेतो धागोले बेरी तीनै सन्ध्यामा सेतो फूलले पूजा गरी पूर्वाभिमुख सेतो वर्णका यमान्तक रूपको ध्यान गरी अगाडि चन्द्रमण्डलमा बसेको साध्यलाई हेरी चन्द्रामृतले भरिएका सेता कलशले अभिषेक गरिरहेको ध्यान गरेर

ॐ ह्वीः विकृतानन देवदत्तस्य शान्तिं कुरु नमः स्वाहा
(हे विकृतानन, देवदत्तको शान्ति गर्नुहोस्, नमस्कार)

भन्ने मन्त्र जप्नू ।

शान्तिकविधि ।

पुरुषहरूका शान्तिक वा पौष्टिक कर्ममा कुङ्कुमले दुइटा चक्र लेखेर वौषट्कारसहित घ्यू र मह कहतारोको बीचमा राखी पहेँलो धागोले बेरी तीनै सन्ध्यामा पहेँलो फूलले पूजा गरेर उत्तरपट्टि फर्केको पहेँलो वर्णको यमान्तकमूर्तिलाई अवलम्बन गरेर पहेँलो वर्णको चतुर्मण्डलको बीचमा रहेको पहेँलो सुनका कलशमा रहेको पहेँलो वर्णको अमृतले अभिषेक गरिरहेको ध्यान गरेर यो मन्त्र

ॐ ह्वीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् देवदत्तस्य पुष्टिं कुरु वौषट् स्वाहा जप्नू ।
(हे विकृतानन, देवदत्तलाई पुष्टि गर्नुहोस् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पौष्टिकविधि ।

भोजपत्र वा कपडामा साँहिलीऔँलाको रगत मिसाएको माहुर र रक्तचन्दनले दुइटा चक्र लेखेर हो:कार नाम किटेर राम्ररी पाकेको रातो कहतारोमा राखी घ्यू र मह बीचमा राखी हल्का रातो फूलले पूजा गरी पश्चिमपट्टि फर्केको रक्तयमारिको रूपमा आफूलाई ध्यान गरी रक्तचन्द्रमण्डलको बीचमा रहेको साध्यलाई चिन्तना गरेर आफ्नो शरीरबाट निस्केको रश्मिद्वारा अभिषेक गरी विह्वल भई छाँद हालेको चिन्तना गरेर

ॐ ह्वीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् देवदत्तस्य कृते यज्ञदत्तं वशं कुरु होः स्वाहा
(हे विकृतानन, देवदत्तको लागि यज्ञदत्तलाई वश पार्नुहोस् ।)

भन्ने मन्त्र जप्नू । वशमा परेन भने घ्यू र मह नहाली त्यही चक्रलाई बलेको तर धूवाँ नआएको गोलमा सेक्नू ।

ॐ ह्वी ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् देवदत्तस्य कृते यज्ञदत्तं वशं कुरु होः

भन्ने मन्त्र जप्नू ।

वश्यविधि

श्मशानको, लाहाको रस मिसिएको कपडामा वा रजस्वलाको कपडामा दुइटा चक्र लेखी जःकार र ह्वीःकारले नाम किटेर स्त्रीको कपालमा राखी राता फूलद्वारा पूजा गरी सन्ध्याकालका सूर्य जस्तो रातो वर्णको अङ्कुश र पाश लिएका यमान्तकको रूपमा आफूलाई ध्यान गरेर उसको हृदयलाई अङ्कुशले घोचेर गलामा बाँधिएर आएको चिन्तना गर्नू । [वशमा] आउँदैन भने त्यस वेला खयरको आगोमा सेक्नू, मन्त्र जप्नू । तन्त्रमा कर्मप्रसर जान्नू ।

रक्तयमारिसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७० साधन

रक्तयमारि (यमान्तक)

राज तुलाधर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २७१ ॐ

तीनै लोकमा अभय दिनको लागि शरीरको रचना भएका, सौम्य स्वभाव र आशय भएका, रक्ताकारकर, भयङ्कर शरीर भएका, संसारको काम गरिदिने, मारको सैन्यलाई चमत्कार गर्ने, श्रीरक्तकालका शत्रुलाई ढोगी आफ्नो विस्तृत उक्ति व्यक्त गरेर यो साधन लेखिन्छ ।

सबभन्दा पहिले, सुखासनमा बसेका मन्त्री (साधक)ले आफ्नो हृदयमा रातो सूर्यमण्डल, रक्ताकारबाट उत्पन्न मन्त्रले रातो भएका असाधारण जाज्वल्यमान हुँकारको रूप, त्यसबाट संस्फारित रातो गहन रश्मिबाट तानिएका श्रीरक्तयमान्तक आदिले सहित गुरु बुद्धहरूलाई हुँकारबाट आलम्बन गरेर बास्ना आउने थरीथरीका फूल, धूप, थरीथरीका पूजाविधि निष्पादन गरेर आफूमा जुन पाप छ, त्यो उहाँको अगाडि देशना गर्नू । त्यसपछि बाँकी विधिविधान गरेर विधिपूर्वक त्यस शून्यताको भावना गर्नू । ॐ शून्यबाट शुरू भएका गाथाद्वारा, त्यसपछि रक्ताकार जातारुणमा हुँकारबाट निर्मित, चन्द्रमाको जस्तो चहक भएका, आलो मुण्डले अङ्कित, हुँकारबाट विभूषित दण्ड र सबै यो धेरै बेरसम्म हेरेर भावना गर्नेले प्रत्यालीढपदमा रहेका, अतिविकृत, रातो अङ्ग भएका, अत्यद्भुत श्रीरक्तयमान्तक आफैँ हुँ भनी चिन्तना गर्नू । क्रुद्ध, एक मुख भएका, दुइ हात भएका, बायाँ हातमा रगत भरिएको कपाल लिएका, दायाँ हातमा मुण्डाङ्कित सेतो दण्ड लिएका, नागहरूद्वारा शोभाको प्रारम्भ भएका, कैलो र ठाडो कपाल भएका, चितुवाको छाला तल झरेका, घाँटीमा जोडसँग आलिङ्गन गरेकालाई आफ्नो [जस्तै] चहक भएकी, काखमा बसेकी, नितम्बबाट कपडा झरेकी, दुवै हात मुखकमलमा पुगेकी, गाढा आलिङ्गनले एक रसमा रहेकी, आलीढपदमा रहेकीले पछिबाट नाथको हृदयमा प्रचण्ड किरण भएको, त्यही रूपको हुँकारबाट उत्पन्न आलो मुण्डले युक्त जाज्वल्यमान सेतो दण्ड, त्यसको बीचमा रातो हुँकारबाट उत्पन्न चम्किलो सूर्यमण्डलमा रहेको भगवान्को हुँकारबाट उत्पन्न गुह्यविशेषण वज्र सद्बीजपरिणामबाट उत्पन्न, भगवतीको गुह्य अष्टदल कमलका ॐ सर्वे भन्ने असम मन्त्र साधकले फेरि उच्चारण गर्नू । त्यसपछि नाभिमा अष्टदल कमलमा रातो र जाज्वल्यमान ह्रीः कारलाई त्यसमाथि सेतो लामो रेखालाई आकाशतिर फर्केका असम, राता श्रीयमारिप्रभुको चिन्तना गर्नू । यस्ता, सबै जगत्को रक्षा गर्ने मात्र मन भएका, राँगोको पिठ्यूँमा कमलमाथि बसेका अत्युत्तमलाई मनमा कुनै पनि शङ्का नराखीकन भनिएको समयमा योगी (साधक)ले समयपूर्वक तीनै सन्ध्यामा भावना गर्नू । दुःखरूपी समुद्रमा डुबेका, दुःखी मानिसको उद्धार गर्ने मात्र मनःस्थिति भएका, उहाँ जगद्गुरुवरले ध्यान गर्ने त्यसलाई अवश्यै सिद्धि दिनुहुन्छ । त्यसपछि मन्त्री (साधक)ले पनि देवता र असुरका राजाले ढोगिने, दुष्ट उग्रभूत आदिले नाघ्न नसकिने भई दिनदिनै निश्चय सुखी हुन्छ । श्रीरक्तयमान्तकको रचनाबाट पुण्यद्वारा पाइएको तुलना नै गर्न नसकिने, असल गुरुको वचन पिउनाले मैलै शास्त्रअनुसार जुन श्यामल साधन [पाएँ], वैरोचनरक्षितले जे भने, त्यो संसारको हिलोमा जीउ डुबेको, क्लेश र अन्धकार मन नपराउने जगत्को सबै कामको सिद्धिको लागि होओस् ।

ॐ आँ जिँ खँ वुँ हुँ, समयाधिष्ठानमन्त्रः । ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा । ॐ यमान्तक हुँ फट् ।

स्वाधिष्ठानरक्तयमारिसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७१ साधन रक्तयमान्तक (रक्तयमारि) हरि बैद्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

۞ २७२ ۞

रक्तयमारिलाई नमस्कार ।

प्रत्यालीढपदमाथि जगरको टुप्पोबाट खसिरहेको ताराकुन्दले थिचेको डरलाग्दो नागपटल नै अलङ्कार भएका, उजाएको दायाँ हातमा रहेको दण्डले डरलाग्दा, प्रज्ञाले अँगालिएका रक्तयमारिलाई ढोगेर आफ्नो बुद्धिको लागि त्यो साधन भन्छौं ।

अनि श्मशान, वन, पर्वत, गुफा वा राम्रा घरमा बसी त्यो मन्त्री (साधक)ले आफ्नो चित्तमा आकारबाट उत्पन्न सूर्यमाथि रातो वर्णको हुँकार, चम्किएका अनन्त रश्मिको भावना गरी ती रश्मिद्वारा प्रकट भएका अम्बरबोधिसत्त्वचर्याको बीचमा रहेका अनन्त बुद्धगणलाई अवलम्बन गरिरहेको तलाउमा उत्पन्न धेरै फूलद्वारा उहाँलाई सात प्रकारका चित्तद्वारा पूजा गर्नू ।

अनि जुन भन्न लागिएको छ, ती ज्यादै फुम्रा, पर्वकालको चन्द्रमाको सन्ध्याको चहकलाई शमन गर्ने शत्रुलाई पूजा गरी मैत्रीको कृपाले अनुदित चित्त भएका उनी उपेक्षकले धर्मधातुमा भनिएको सबै समेटेर अनि शरद् ऋतुको सफा टाढाको आकाश जस्तो शून्य जानेर ॐ स्वभावशुद्धाः सर्वधर्माः स्वभावशुद्धोऽहम् भन्ने सबै मन्त्र पाठ गर्नू । फेरि पनि आफ्नो जीउको आकारको सत्कायदृष्टि स्थगन गर्न ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् भन्ने मन्त्रद्वारा मन्त्री (साधक)ले यसरी भावना गर्नू ।

संसारको रक्षा गर्न सबै पूर्वप्रणिधिबलको आश्रय लिएर अनि श्रोणाकारबाट उत्पन्न सूर्यबिम्ब त्यसमाथि त्यो मोटो दण्ड हल्लिरहेको शिरबाट झरिरहेको नवैलाएको पुष्पमालाले घुम्रिएको जस्तो सेतो हुँकारलाई अनि यिनीहरूद्वारा परिणामना गरेर वीराकार विकट कटु दाह्राले डरलाग्दो मुख भएका, भवशिखाद्वारा कराल तीन आँखाले तीनै लोकलाई तर्साउने, अट्टहास गर्दा सयचोटि वज्र चम्केको आवाज आएको जस्तो भएको हुँकारबाट उत्पन्न हुँ पदले अङ्कित सेतो दण्ड दायाँ हातमा र रगतले भरिएको कपाल अर्को हातमा भएका, दबाउन नसकिने उहाँलाई म ढोग्छु । नागराजको अमल वीरपट्टघटनाको काठिन्यले मोटाइ माथि गएको हल्लिरहेको कैलो डरलाग्दो जगर भएका, चहकले राता भएकाको ध्यान गर्नू ।

प्रत्यालीढपदले राँगोलाई ऐँचेका, पाउ हल्लाउँदै दौडिरहेका, शिरदेखि धेरै नै रातो कमलको लट्केको माला लगाएका, कल्पान्तको अग्नि र सूर्य धारण गरेका, बीचमा दाह्रा भएका, लपलपाएको जिभ्रोको टुप्पोमा फैलिरहेको हुँकारले मुख भरिएका, यसरी आत्मसकल, बाघको छाला मात्र लगाएका, व्यग्र र ठूलो नाग कटिमा बेरेका, ठूला नागहरूले सिँगारिएका उहाँलाई ध्यान गरेर प्रचण्ड किरणहरूद्वारा वज्रहुँकारबाट उत्पन्न जाज्वल्यमान दण्डले युक्त हुँले चिह्नित मन्त्रसहितको चरणको भावना गर्नू । त्यसपछि कामदेवद्वारा देखिएको आफ्नो चहक भएकी, ज्यादै रातो आःकारबाट उत्पन्न कमलगुह्यको स्फुरणको वेग भएकी प्रज्ञाले अँगालिएका उहाँ, उत्पन्न अरुण हुँ कृष्ण वर्णको दुइ हात भएका, सोझा, एक मुख भएकालाई स्पष्ट भनी चरमान्त, सम्पुटकारयोग, कडा झरिरहेको किरणको प्रज्ञाद्वारा टाँसिएका, तल्लो ओठमा नाभिको अष्टदलको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भावना गरेर उहाँको (प्रज्ञाको) फैलिरहेको अरुण (रातो) वर्णको ह्रीः सेतो कमलको भावना गरेर कैलो दाह्रीजुँगाले डरलाग्दो मुख भएका आफूलाई देवताको आकारको यसरी भावना गरेर महारागदीपक यो मन्त्र

ॐ सर्वतथागतानुरागेण वज्रस्वभावात्मकोऽहम्

पढ्नू ।

रिसाएका, रातो अङ्ग भएका यक्षमहाकाल यमान्तकको नित्ययोगद्वारा ध्यान गर्नू । चाँडै फल पाइन्छ ।

पञ्चबुद्धको चञ्चल शरीर भएका, स्फुरण र संहरणको उद्धत किरण भएका, नागले सुहाएको हात भएका, भयदण्डले सिँगारिएको हात भएका, कैलो बिजुलीभन्दा बढी चहक भएको जगर भएका, सेतो मुण्डको समूहले शेखर (मुकुट) बनाएका, दुइ हात भएका, एक मुख भएका, सहज सदृश प्रभासँग हात जोडेकालाई यी मदनपञ्चामृत (पाँच थरीका मद्य), ग्लकहनादि उत्तम दीपक, समयवस्तुद्वारा युक्त भएर उहाँ शमनशत्रुको भावना गर्नू । कवित्व, सुखित्व, धीरता, राज्य र अरू पनि इच्छा गरिन्छ भने त्यो सबै रक्तयमारिको समाधिबाट हुन्छ, यसमा संशय छैन । यसरी रक्तयमारिको योगले सहित, जाज्वल्यमान ज्वाला भएको जटिल वज्रले अलंकृत हात भएका योगी (साधक) टाढाको ठूलो पहाड वा श्मशान जस्तो डरलाग्दो ठाउँमा कहीँ जाँदा हिंस्रक जन्तु, राक्षस, देव र असुरहरूले जित्न नसकिने हुन्छ ।

ध्यान गर्दा गर्दै थकाइ लाग्यो भने ती मन्त्री (साधक)ले जडताको समूहको बाक्लो अन्धमुष्टि ध्वस्त गर्ने, चित्तबीजबाट फरफराएको, सूर्य जस्तो चहकिलो

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा

यो मन्त्रराज जप्नू ।

प्राणीहरूको कल्याणको लागि भगवान्को रूप झट्ट अवलम्बन गरेर योगी (साधक)ले दिक्चक्रपालहरूलाई हेरी वज्रद्वारा मुद्राबन्ध गरेर बलि दिनू ।

ॐ इन्द्राय ह्रीः यमाय ष्ट्रीः वरुणाय वि कुबेराय कृ ईशानाय त आग्नेये आ नैर्ऋत्ये न वायव्ये
न चन्द्राय हुँ अर्काय हुँ ब्रह्माणीयै फट् वसुन्धरायै फट् वेमचित्रिणे स्वाहा सर्वभूतेभ्यः
हा हा ही ही हुँ हुँ हेँ हेँ स्वाहा ।

बलिमन्त्र ।

यहाँ चाँडै भनेर मैले जो साधन पाएँ, त्यसद्वारा तीनै जीवलोकको अतिदुःख भवसागर पार जान पुल बाँधिएको प्रतिनिधि साप्त सधर्म अमल कुशल होओस् ।

आर्ययमारिसाधन सिद्धियो ।

यो कृति पिण्डपातबाट जीवनवृत्ति चलाउने, भिक्षु गुणाकरगुप्तज्यूको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७२ साधन आर्यरक्तयमारि रवि महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २७३ ❀

कृष्णयमारिलाई नमस्कार ।

दुष्टचित्त भएकाहरूले अखिल सौम्य भावबाट विनयमार्ग सुख पाउँदैनन्, जसद्वारा यमारिरूप स्पष्ट गरियो, वशमा परेर उहाँलाई सधैँ ढोग्छु ।

अरूको अभ्यर्थनाद्वारा उहाँको साधना गर्छु । कृपालुले गाह्रो कामको लागि पनि बल हेर्दैनन् । श्रीयमारि भएर यो सारा जगत्लाई उहाँकै स्वरूपमा गर्नेछु । यसरी आफ्नो हृत्सूर्यमा आदिबीज देखी जिनहरूको पूजा गरेर ठूलो दयालु भई उहाँको चहकद्वारा चारैतिर उहाँहरूको अगाडि बसेको योगी (साधक)ले त्रिशरणगमन सबै भावले गर्नू । त्रिरत्नशरणमा म छु । म सबै पापदेशना गर्छु । संसारको पुण्यको अनुमोदन गर्छु । बुद्धको बोधिमा मन लगाउँछु ।

शून्यलक्षणको विरहबाट अनिमित्त कारणको वैगुण्यबाट तर्काविषयलाई जसद्वारा सर्वत्र प्रणिधान छैन ।

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।

धर्मोदयदेखि शुषिरसम्म विश्वकमलवज्रको बीचमा रहेको चैत्य, त्यसको गर्भमा चन्द्रमण्डलमा योगी (साधक)ले हुँ वज्रको ध्यान गर्नू ।

ॐ वज्रात्मकोऽहम् ।

उहाँद्वारा बनाइएका, विद्यासहितका, नीलो र अरुण (रातो) वर्णको मुख भएका, मध्य भाग सेतो भएका, वज्र खड्ग कमल र रत्न चिह्न भएका, वज्रासनमा रहेका वज्रधरको राम्ररी चिन्तना गरेर आफूलाई २ वटा हो:कार भएको, निस्केको किरणमण्डलबाट सबै दिग्भाग भरिएको स्पष्ट तीनवटा अक्षर हेरेर विधि जान्नेले उहाँको मुखबाट पस्नू, त्यसपछि त्यस कमलमा चाँडै जानू । त्यस रश्मिको योगबाट बितिसकेका बाबुआमालाई दिग्देवीको यो गीत–

हे वज्रचित्त, हे भुवनेश्वर, हे सत्त्वधातु, हजुरले मलाई रतिको राम्रो ठूलो अर्थ भएका कामद्वारा रक्षा गर्नुहोस् । हे जनकसत्त्व, हे महाग्रबन्धु, हे मञ्जुनाथ, [मेरो] प्राण चाहनुहुन्छ भने मलाई इच्छा गर्नुहोस् । हे वज्रकाय, हे धेरै प्राणीलाई प्यारो भएका अङ्कचक्र, हे बुद्धको अर्थज्ञानको परमार्थ हित देख्ने, हे मञ्जुनाथ, हजुरले [मेरो] प्राण चाहनुहुन्छ भने रागद्वारा मेरो रागसमयको इच्छा गर्नुहोस् । हजूर वज्रवाक् हुनुहुन्छ, सबैको हित चाहनुहुन्छ । हजुर सधैँ लोकको काम गर्नमा प्रवृत्त हुनुहुन्छ । हे सुरतचर्य, हे समन्तभद्र, हे मञ्जुनाथ, [मेरो] प्राण चाहनुहुन्छ भने मलाई इच्छा गर्नुहोस् । हजुर वज्रकाय हुनुहुन्छ, समयाग्र हुनुहुन्छ, महाहित गर्ने हुनुहुन्छ, सम्बोधि वंशमा श्रेष्ठ हुनुहुन्छ, समता र दया गर्ने हुनुहुन्छ । हे मञ्जुनाथ, हजुर मेरो प्राण चाहनुहुन्छ भने गुणको खानि भएको, धेरै रत्न भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मलाई इच्छा गर्नुहोस् ।

चोदनालाई स्वीकार गरेर आफ्नो मन्त्रार्थशरीर पाउने, मङ्गलकलनात्मामा भावना आदि हृदयले युक्त, आफ्ना देवताका आकारलाई बुझेर उहाँको रश्मिसञ्चयद्वारा पसेर, कठोर मयूरको घाँटीको [जस्तो] चहक भएका, दायाँ पाखा सेतो र अर्को पाखा अरुण (रातो) रङ्गको भएका, क्रोधपर्यङ्कको योगद्वारा विश्वकमलसूर्यमा रहेका, आफ्नो चहक भएका विद्याधरको स्वादले रसायनको महासुख दिने, कैलो ठाडो र चम्केको कपाल भएका, कैलो आँखीभौँ दाह्रीजुँगा र आँखा भएका, नागको समूहले ढाकिएका, कमलको डाँठ जस्तो सेता दाँतले [सुहाएका], दायाँ हातमा मुङ्ग्रो र खड्ग लिएका, बायाँ हातमा कमल र रत्न लिएका ज्यादै डरलाग्दा यमारि हुनुहोस् ।

ॐ धर्मधातुवज्रस्वभावात्मकोऽहम् ।

क्षिँ जँ खँ गँ तथा क्षँ सँ रँ आँखा आदिमा भावना गर्नू । जः हुँ वँ होः तथा खँ रँ बाह्य रूप आदिमा राख्नू । भूतहरूमा लोँ माँ पाँ ताँ राख्नू । अहिले वुँ आँ जिँ खँ हुँ यीद्वारा पञ्चस्कन्धको शोधन गर्नू । चित्तमा, बोलीमा र शिरमा हुँ आः ॐ कारबाट उत्पन्न वज्राब्जचक्रको बीचमा रहेका देवताहरूको ध्यान गरेर यो मन्त्र

ॐ सर्वतथागतचित्तवज्रस्वभावात्मकोऽहम्, ॐ सर्वतथागतवाग्वज्रस्वभावात्मकोऽहम्, ॐ सर्वतथागतकायवज्रस्वभावात्मकोऽहम्

पढ्नू ।

त्यसपछि आकाशमा रहेका बुद्धहरूलाई हृदयमन्त्रबाट उठेकाद्वारा चिन्तना गरेर उहाँहरूबाट छोडिएको रश्मिबाट उठेको सबै देवीहरूको हातको टुप्पाबाट छोडिएको कमलको जलले सबै अङ्ग सिँचिएको कुलाधिपमा अधिष्ठित पद्मचूड योगी (साधक)ले अनि अनुविद्यावयवहरूमा पाँच कुललाई नछोपिएको गर्नू ।

देवीको शिरमा, स्तनको बीचमा, नाभिमा, गुह्यमा र पाउसम्म ॐ हुँ स्वा आ हा भन्ने बीज हुन्छन् । हुँकारबाट उत्पन्न वज्र, त्यसद्वारा बनेको गुह्यकमल भएकी, अनुरागले सुखी भएकी देवीले सम्पूर्ण आकाशमा रहेका बुद्धहरूलाई ॐ सर्वतथागतको अनुरागले म वज्रस्वभावात्मक वज्रकमलको आवाजद्वारा बुद्धहरूलाई कमलभित्र राखेर उहाँहरूको चहकले उत्पन्न रूप आदिद्वारा स्वाभावबाट बुद्धहरूलाई ॐ सर्वतथागतपूजावज्रस्वभावात्मकोऽहम् भनी पूजा गर्नू ।

वाच्यवाचकबाट निर्मुक्त स्थिरचलादिक सबै हेरेर यी सद्भूतगुणसम्पदाद्वारा बुद्धहरूको स्तुति गर्नू । हे वज्रमहाज्ञान, हे वज्रधातु, हे महाबुध, हे त्रिमण्डल, हे त्रिवज्राग्र, हे घोषवज्र अक्षोभ्य हजुरलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नमस्कार ।

हे महाशुद्ध, हे वज्रशान्त, हे महारत, हे प्रकृतिप्रभास्वराग्र, हे द्वेषवज्र वैरोचन हजुरलाई नमस्कार ।

हे सुगाम्भीर्य, हे खवज्राकाशनिर्मल, हे स्वभावशुद्ध, हे निर्लेप, हे कामवज्र रत्नराज हजुरलाई नमस्कार ।

हे महाराग, हे निर्विकल्प, हे खवज्रधृक्, हे रागपारमिताप्राप्त, हे भाषवज्र वज्रामित हजुरलाई नमस्कार ।

हे वज्रसम्भूत, हे सर्वाशापरिपूरक, हे शुद्धस्वभावसम्भूत, हे वज्रसत्त्व अमोघ हजुरलाई नमस्कार ।

वायु र अग्निको चक्रमा रहेका, ॐकारले युक्तलाई पञ्चामृत र कपालभित्र तेजस्वीले ती तीन अक्षर जपी ध्यान गरेर खुशी पार्नू । त्यसपछि आफू र अरूहरूलाई मन्त्र स्फुरण गर्दै जप्नू । अन्त्यमा पूजा गरेर उपसंहार गर्नू । स्वयोगात्म्यको विसर्जन गर्नू ।

जुन शुभ चन्द्रचक्रको रचनाको संकलन गरियो, त्यसद्वारा मङ्गलयुक्त लोकले सधैँ ठूलो जैन (बौद्ध) [पद] वारंवार पाओस् ।

श्रीयमारिसाधन ।

श्रीमङ्गलसेनको कृति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७३ साधन

वज्रधर

रोशन लामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कृष्णयमारि

कोमलनारायण श्रेष्ठ

२७३ साधन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २७४ ❀

यमान्तकलाई नमस्कार ।

हुँ बीजलाई निष्पादन गरेर शुद्धिसम्म सूर्यमा रहेको हुँकारबाट निष्पन्न क्रुद्ध, ठाडो कपाल भएका, कृष्ण वर्णका, ६ मुख भएका, ६ हात भएका, ६ पाउ भएका, राँगोमा चढेका, प्रत्यालीढमा रहेका, नरमुण्डमालाले सिँगारिएका, अतिभयानक आकार भएका, बाघको छाला लगाएका, दायाँपट्टिका हातले खड्ग मुङ्ग्रो र वज्र समाएका, बायाँपट्टिका हातले घण्टावज्र पाश र मुशल समाएका, मुकुटमा अक्षोभ्य[को आकृति भएका] यमान्तकको भावना गर्नू । त्यसपछि समयमुद्राबन्धन गर्नू । हात जोडी बूढीऔँला फिँजाएर दुइटा चोरऔँलाको, दुइटा माझीऔँलाको र तृतीय (साहिँलीऔँला?)का आँख्ला पड्काउनू ।

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा मन्त्र जप्नू ।

कृष्णयमारिसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७४ साधन **कृष्णयमारि (यमान्तक)** सुन्दर सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २७५ ❀

सबभन्दा पहिले मन्त्री (साधक)ले सुखासनमा बसेर रक्ताकारबाट निष्पन्न सूर्यमण्डललाई आफ्नो हृदयमा भावना गरी त्यसमाथि नीलो हुँकार राखी हुँकाररश्मिबाट उत्पन्न यमान्तक आदिलाई गुरु बुद्ध र बोधिसत्त्वलाई अवलम्बन गरी फूल आदिद्वारा पूजा गरी नमस्कार गरी त्रिशरणगमन आदि गरेर

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम्

भनी शून्यताको भावना गर्नू । त्यसपछि रक्ताँकारबाट उत्पन्न सूर्यमण्डलमाथि हुँकार, त्यसमा परिणत वज्राङ्कित नीलदण्ड, हुँकारमा अधिष्ठित हुँकाररश्मिबाट चोदन गरिएका सबै तथागतहरूलाई प्रवेश गराएर भावना गर्नू । यी सबैलाई परिणामना गरेर आफूलाई यमारि ठानी प्रत्यालीढपदमा रहेका, एक मुख भएका, दुइ हात भएका, नीलो वर्णका, उजाएको वज्राङ्कित नीलदण्ड दायाँ हातमा लिएका र बायाँ हात हृदयमा पाशसहितको तर्जनीमुद्रामा भएका, यस्तो स्फुरत्संहरद्रूपको विश्वकमलदलमाथि सूर्यमा रहेको राँगोमा चढेका यमारिको भावना गर्नू । त्यसपछि भगवान्को हृदयमा सूर्यमण्डलमा हुँकारमा परिणत हुँकारमा अधिष्ठित नीलदण्ड भएको, हुँकारबाट निस्केको रश्मिले संसारलाई उज्यालो पारेर फेरि त्यसैमा पसाउनू । यही क्रमले जबसम्म मन लाग्छ समयादिविधिपूर्वक स्फुरण संहरण गर्नू । यसरी दुइ तीन चार सन्ध्यामा भावना गर्नू ।

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा

भन्ने मन्त्र जप्नू ।

कृष्णयमारिसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७५ साधन
कृष्णयमारि (यमान्तक)
सुन्दर सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ꕥ २७६ ꕥ

भित्र चीसो भए पनि जसले दयाले गर्दा हठद्वारा वशमा पार्नुपर्ने मान्छेहरूमा रौद्र रूप देखाउनुभयो, संसारको उपकारविधिको नाटकका नर्तक उहाँ यमान्तकलाई मेरो नमस्कार होओस् ।

पहिले सुखासनमा बसेका ती श्रेष्ठ साधकले मीठो बास्नाले मन हर्ने राम्रो ध्यानालयमा चित्त एकाग्र गरेर आफ्नो हृदयमा रातो आकृतिबाट उत्पन्न कडा रश्मिको बिम्बको ध्यान गर्नू । त्यसमाथि रहेको रश्मिसहितको नीलो वर्णको हुँकारका सयौँ रश्मिबाट उत्पन्न यमान्तक आदिको पूजा गरी मनले कल्पना गरिएका थरीथरीका फूल धूप बत्ती आदिद्वारा पूजा गरेर भक्तिपूर्वक ढोगेर पहिले गरेका पापदेशना आदि गर्नू, त्यसपछि सम्पूर्ण जगत्लाई ॐ शून्यतादि उत्तम मन्त्रद्वारा आदरपूर्वक आत्मस्वरूप परिभावन गरी अभिमुख गर्नू । रातो आकृतिबाट उत्पन्न कडा रश्मिमा रहेको नीलो हुँकाररूपको वज्राङ्कित नीलदण्ड, दण्डमा रहेको हुँकार धारण गर्ने फरफराइएको रश्मिजाल, सञ्चोदन गरिएको सबै जिनलाई ल्याइएको र पसाइएको देखेर यो सबै परिणामना गरिसकेपछि नीलो शरीर भएका, एक मुख भएका, दुइ हात भएका, रिसाइरहेका, दायाँ हातले वज्राङ्कित नीलदण्ड समाएका, बायाँ हात छातीमा तर्जनीमुद्रामा राखी त्यस हातले पाश समाएका, आँखीभौँ र दाह्रीजुँगाले गर्दा मुख कैलो भएका, बाघको छालाले गुह्य छोपेका, मुखको बीचमा चलिरहेको जिब्रोमा नाग भएका, विश्वपत्रकमलमाथि सूर्यासनमा रहेका, जण्ड राँगोद्वारा हमला गराउन सिपालु, ठूलो पेट भएका, डरलाग्दो दाह्रा भएका, पुड्का, सूर्यमण्डलसँग दाँजिने तीन आँखा भएका, क्रुद्ध अष्टनागलाई नै गहना बनाएका, कपालमालामा बाँधिएको पूरै कैलो फेरिचक्र भएका, रगत चुहिइरहेका, लामो मुण्डमाला लगाएका, अट्टहासले मारको फौज जितेका, यमान्तकको रूपको आफूलाई झट्टै ठानेर पछि भगवान्को हृदयमा स्थित सूर्यमा रहेको हुँकारले युक्त नीलदण्डलाई त्यहाँ रहेका हुँकारका रश्मिले विश्वलाई उज्यालो पारेर त्यहाँ झट्टै पस्नू । यसरी क्रमैसँग इच्छाअनुसार स्फुरण र संहरण गरेर फेरि समयपूर्वक नै सबै गरी चारै सन्ध्यामा यो सबै विभावना गरेर थाकेपछि विधानपूर्वक मन्त्रजप गर्नू । यमान्तक भगवान्को छोटो साधना गरेर मेरो यहाँ जुन गनिनसक्ना, मैत्रीश्री भएको पुण्य भयो, त्यसद्वारा सम्पूर्ण विश्व यमान्तकरूपको होओस् । म पनि यमान्तकरूपको हूँ ।

यो मन्त्रराज–

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् स्वाहा ।

कृष्णयमारिसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७६ साधन

कृष्णयमारि (यमान्तक)

सुन्दर सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २७७ ॐ

करुणामय, प्राणीको मतलबको लागि बाहिर उग्ररूप लिएका, श्रीयमारिनाथलाई शिरले ढोगेर इष्टको कारणको लागि उहाँको साधना लेख्छु । मन खुशी भएका, सुखासनमा बसेका, प्रतिज्ञा गरेका मन्त्री (साधक)ले पहिलेबाट हृदयमा राखिएको हुँकारबाट उत्पन्न विचित्र पूजासमूहद्वारा प्रसन्न नाथहरूको पूजा गरेर उहाँहरूको अगाडि पापदेशना आदि गरेर शून्योत्पन्न धूवाँको जस्तो तेज भएको, धनु जस्तो वायुमण्डल रँकारको बीजबाट उत्पन्न त्रिकोण, वँकारबाट उत्पन्न, घट जस्तै, सेतो निहुरमुन्टे वारुणमण्डल, लँकारबाट उत्पन्न, सम्म, पहेँलो चतुष्कोणात्मक माहेन्द्रबिम्ब, हुँ सुँबाट उत्पन्न, आठ चुच्चे, सुमेरुराजलाई चिन्तना गरेर माथि माथि क्रमपूर्वक माथि बताएअनुसार वायुमण्डल आदिलाई पछिबाट हुँकारबाट उत्पन्न वज्रभूमिलाई प्राकारपञ्जरको बीचमा अकारबाट निष्पन्न चन्द्रबिम्बको बीचमा रहेको धीःकारबाट उत्पन्न मञ्जुवज्रलाई बायाँ हातमा हृदयनिर पुस्तक समाएका, दायाँ हातले राम्रो खड्ग उजाएका, पहेँलो र रातो अङ्ग भएका, सेतो कपडाका पाँच धराले बनेको लुगा लगाएका, वज्रपर्यङ्कासनमा रहेका, ज्यादै शान्त वीर कुमारलाई ध्यान गरेर फेरि उहाँको हृदयमा चन्द्रमा रहेको धीःकारबाट उत्पन्न रातो सूर्यबिम्बबाट चारैतिर निस्केका राता रश्मिद्वारा त्रैधातुकलाई ढाकेर राम्रोसँग रहेका उहाँ क्रुद्ध विद्याजिन बोधिसत्त्वहरूलाई सञ्चोदन गरेर सूर्यबिम्बमा ल्याएर त्यसमा पसाएर सहसा एकलोल भएर फेरि सूर्यमा उत्पन्न फरफराइरहेका रश्मिद्वारा, ज्यादै चहकिलो रातो, ज्यादै विस्तृत, हुँकारबाट उत्पन्न कालो कराल वज्र हुँकार भएका थरीथरीका रश्मिसमूह भएकालाई त्यसपछि जिन आदि बोधिसत्त्वलाई स्फारण गरेर फेरि उहाँहरूद्वारा षड्गतिमा रहेका सत्त्वलाई प्रतिष्ठापन गरेर बोधिमा शिक्षित गरेर सबैलाई वज्रमा पसाएर पछि त्यसलाई वज्रमा परिणत गरेर दुइ हात र एक मुख भएका यमारिको ध्यान गर्नू । तर्जनीमुद्रामा रहेको बायाँ हातले वज्र र पाश समाएका, दायाँ हातमा उजाएको वज्रदण्ड लिएका, यमको राँगो चढेका, आलीढासनमा रहेका, पुड्का, दाह्राले मुहार बिग्रेका, ठूलो पेट भएका, लामो जिब्रो भएका, अलि अलि कैलो दाह्रीजुँगा भएका, ठाडो कपाल भएका, कैलो आँखीभौँ भएका, दुवै आँखा राता भएका, कृष्ण, रिसाएर आँखीभौँ खुम्च्याएका, फुत्कार गर्ने अष्टनागले शरीर सिँगारिएका, बाघको छाला लगाएका, शिरमा कपाल भएका, कृष्ण वर्णका, मुण्डमालाको हार लगाएका, डरलाग्दा, प्रलयकालको अग्निको चहकले चहकिला, भयङ्करलाई पनि डर पैदा गर्ने, स्फुरण भएका बुद्ध र यमारिसमूहद्वारा लोकोत्तर देवताहरूले ढोगिएका अट्टहास गरी चारैतिर सबै देवता र दैत्यहरूलाई तर्साउने, ठूला र उग्र सबै मारहरूलाई तीनै लोकबाट भगाउने उत्तानसम्पाती यमको ध्यान गर्नू । यसरी सधैँ ध्यान गर्ने रातोदिन शङ्कै नगरीकन मन्त्र जप्ने, श्मशान आदिमा तत्त्वयुगपूर्वक रहेर समयी विशुद्ध बस्ने ती मन्त्री (साधक)ले अवश्य सिद्धि पाउँछन् । यो आप्त साधन लेखेर मैले जुन पुण्य पाएँ, त्यसद्वारा सबै जगत्को उग्र दुःखसमूह र मारको चाँडै नाश गर्ने वीर यमारि हुनुहोस् ।

कृष्णयमारिसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मञ्जुवज्र

रुशा महर्जन

२७७ साधन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७७ साधन

यमान्तक (कृष्णयमारि)

रितेश बज्राचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २७८ ❀

सुखासनमा बसी दयालु मन्त्री (साधक)ले सबभन्दा पहिले पट आदिमा रहेका भगवान् यमारिलाई अगाडि अवलम्बन गरी गुरु बुद्ध र बोधिसत्त्वहरूलाई हेरी थरीथरीका पूजाद्वारा पूजा गरी ढोगेर पापदेशना आदि गर्नू । त्यसपछि स्वभावशुद्ध भन्ने शब्द अगाडि भएका मन्त्रले स्वभावशुद्धिलाई अधिमोचन गरी सबै धर्म नैरात्म्यलाई भावना गरेर आफ्नो मन्त्र

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम्

उच्चारण गर्नू ।

त्यसपछि आफ्नो हृदयमा अकारबाट उत्पन्न चन्द्रमण्डलमा नीलो हुँकार सूर्यमा रहेको हुँकार कहीँ हेरी तिनका रश्मिद्वारा विघ्न हटाई सबै प्राणीहरूको काम गर्नतर्फ झुकेका यमान्तकका आकार र क्रोध स्फारण गरी उत्लिखेरै त्यसको परिणामले कृष्ण वर्णका, तीन मुख भएका, ६ हात भएका, कहीँ ६ मुख र ६ पाउ भएका, दाह्राले गर्दा डरलाग्दो मुख भएका, मारले गर्दा रातो आँखा भएका, दायाँपट्टिका तीन हातमा चक्र खड्ग र मुशल समाएका, बायाँपट्टिका तीन हातमा वेत्ताली परशु र पाश समाएका, कहीँ कहीँ दायाँपट्टिका तीन हातमा खड्ग मुङ्ग्रो र वज्र समाएका, बायाँपट्टिका हातमा घण्टवज्र पाश र मुशल समाएका, ठाडो र कैलो कपाल भएको मुण्डमालाले सिँगारिएका, अष्टनागले सिँगारिएका, अक्षोभ्य[को आकृति भएको] मुकुट लगाएका, विश्वकमलदलमाथि सूर्यमण्डलमा प्रत्यालीढपदमा रहेका, रातो प्रभामण्डल भएकालाई भावना गरेर दुइ स्तनको बीचमा चन्द्रमण्डलमा आफूलाई यमान्तक चिन्तना गरेर हुँकार हेर्नू । काय-वाक्-चित्तमण्डलमा ॐ आः हुँ यी सेतो रातो र कृष्ण तीन अक्षरलाई क्रमशः हेर्नू । त्यसपछि आफ्नो हृदयबीजबाट निस्केका देवीद्वारा आफूलाई पूजा गरी स्तुति गरेर यो मन्त्र पढ्नू-

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा ।

कृष्णयमारिसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७८ साधन

त्रिमुख कृष्णयमारि

रितेश शाही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७८ साधन षण्मुख कृष्णयमारि रितेश शाही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २७९ ❁

यमान्तकलाई नमस्कार ।

कपालमाला भएका, नाग आदिको गहनाले उत्कट, वीर यमान्तकनाथलाई ढोगेर उहाँको साधन लेखिन्छ ।

सुखासनमा बसेका, हृदयमा नील हुँकार राखेका, त्यसबाट भएका पूजाविशेषद्वारा प्रभुको अगाडि पूजा गर्नू । उहाँको अगाडि पापदेशना आदि गरेर सबै निःस्वभाव जगत् सबैतिर झट्ट हेरेर हृदयबीजबाट उत्पन्न चिह्नबाट भएको चरणकमल प्रत्यालीढमुद्रामा भएका, आँखीभौँ टेढिएकोले डरलाग्दो मुख भएका, कैलो दाह्रीजुँगा र केश भएका, लपलपाएका जिभ्रा भएका तीन मुखद्वारा र दाह्राद्वारा डरलाग्दा भएका, रातो आँखा भएका, ठूलो कोख भएका, नयाँ नीलो बादलको जस्तो चहक भएका, सूर्यमण्डलमा रहेका, हाडले शिर सिँगारिएका, बाघको छाला लाएका, पुड्का, सबैको गर्व हर्ने, सूर्यको तेज जस्तो महातेजले सारा दिगन्त ढाकेका, जाज्वल्यमान ज्वालावलीले प्रलयकालको अग्नि जस्तो भएका, चक्र खड्ग मुसल चहकिलो वेताली बञ्चरो र पाश दायाँबायाँ ६ हातमा लिएका, रिसाएका, डरलाग्दा, अत्यन्त उग्र, मारमर्दन, घाँटीसम्म हुँकारले भरिएका, निडर यमान्तकको ध्यान गर्नू । १० हजार मन्त्र जान्नेले व्यग्र नभईकन जप गर्दा इच्छा गरेको सिद्धि पाउँछ । पूर्वसेवाविधिको यो मन्त्रले मन्त्री (साधक)हरूलाई सिद्धि हुन्छ । कर्मअनुसार ज्यादा लामो गरी बयान गरिएन । त्यस विषयमा इच्छा पुऱ्याउनको लागि गुरुको उपदेशबाट त्यसको चिन्तना गर्नू । यत्नपूर्वक धीरहरूले जान्नुपर्छ । बलिको उपहारको योगद्वारा पाँचै थरी काँचो मासु खानू । चारपटक सन्ध्या गर्नू । जपमन्त्र यो हो–

ॐ ह्रीः ष्ट्रीः विकृतानन हुँ हुँ फट् स्वाहा ।

यमान्तकसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७९ साधन

यमान्तक

रितेश शाही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २८० ❀

यमान्तकलाई नमस्कार ।

भावक (साधक)ले पहिले मुख धुने आदि गरी आफ्नो हृदयमा अकारबाट उत्पन्न चन्द्रमामा कृष्ण यँकारको भावना गरी त्यसका किरणबाट गुरु बुद्ध आदिलाई ल्याई पूजा गरेर पापदेशना आदि गर्नू । त्यसपछि यँकारमात्रात्मक योगी (साधक)ले शून्यतालाई अभिमुख गरी अधिष्ठान गरेर प्रणिधिको स्मरण गर्नू । त्यसपछि रेफबाट उत्पन्न सूर्यमा आफ्नो बीजको चिह्न भएको, हुँकारबाट उत्पन्न वज्रमुद्गरको भावना गरेर त्यसबाट उत्पन्न वज्रभूमि वज्रप्राकार वज्रपञ्जरको भावना गर्नू । त्यसको बीचमा चन्द्रमण्डल, दुइ गुना स्वर वर्णले बनेको महापुरुषका बत्तीस लक्षणबाट उत्पन्न प्रज्ञास्वभावलाई हेरेर त्यसमाथि असी अनुव्यञ्जनले विशुद्धि गरेको दुइ गुना ड ढ द ध य लसमेत कदेखिका दुइ गुना व्यञ्जनबाट उत्पन्न अर्को उपायरूप चन्द्रमण्डललाई चम्किरहेको अनन्त किरण भएको ध्यान गर्नू । त्यसपछि [उहाँको] ध्यान– ती दुवैबाट उत्पन्न सूर्यमा नीलो हुँ यँबाट उत्पन्न नयाँ मेघ जस्तो नीला, ठूलो पेट भएका, कैलो आँखीभौँ दाह्रीजुँगा र ठाडो कपाल भएका, दाह्रा निस्केर डरलाग्दा, पुड्को र मोटो राँगोमा चढेका, बाघको छाला लाएका, सिंहको छाला ओढेका, अत्यन्त डरलाग्दा, आफ्नो शरीरको रश्मिबाट निस्केको पञ्चक्रोधबाट स्फुरण भएका, नागराजलाई गहना बनाएका, पचासवटा मुण्डको लत्रेको माला लगाएका, ६ हात भएका, दायाँपट्टिका हातले मुङ्ग्रो करवाल (तरवार) र वज्र समाएका, बायाँपट्टिका तीन हातमध्ये एउटा हात तर्जनीमुद्रामा, अरू दुइ हातले पाश र मुशल समाएका, ६ मुख भएका, पहिलो र माथिल्लो मुख नीलो वर्णका, दायाँपट्टिका दुइ मुख सेतो र पहेँलो वर्णका, बायाँपट्टिका दुइ मुख रातो र कृष्ण वर्णका, सबै मुखमा राता र बाटुला तीन आँखा भएका, ६ वटा पाउ भएका, दुइ पाउ प्रत्यालीढमा, दुइ नाचिरहेका र अरू दुइ पाउ सत्त्वपर्यङ्कमुद्रामा, चम्किरहेको सूर्यको बीचमा रहेका विघ्न हटाउने आठवटा करोटी (कपाल)मा रहेको डरलाग्दो मुण्डमाला भएका । त्यसपछि क्षिँ जँ खँ लँ स्कँ सँ बीजबाट उत्पन्न क्षितिगर्भ वज्रपाणि खगर्भ लोकेश्वर विष्कम्भी समस्तभद्र नाम भएकाले आँखामा कानमा नाकना जिभ्रोमा दुइ स्तनमा नाभिमा दायाँपट्टिका हातमा चक्र वज्र रत्न कमल बाण र वज्र लिएका, तर्जनीमुद्रामा रहेका बायाँ हातमा सेतो कृष्ण पहेँलो रातो श्याम शुक्ल चन्द्रमा रहेका, त्यसपछि शिरमा घाँटीमा हृदयमा काय-वाक्-चित्तमा रहेका, चन्द्रमण्डलमा बसेका ॐ आः हुँ बाट उत्पन्न सेतो रातो कृष्ण वर्णका, चक्र र कमल धारण गरेका, दायाँबायाँ हातद्वारा तर्जनीमुद्रामा रहेकाको ध्यान गर्नू । त्यसपछि हृदयबीजका रश्मिद्वारा ज्ञानसत्त्वलाई ल्याई समरसलाई भावना गरेर आफूलाई अक्षोभ्य[को आकृति भएको] मुकुट लाएको भनी धेरै कालसम्म भावना गर्नू । थकाइ लागेपछि मन्त्र जप्नू । यहाँ यो मन्त्र–

ॐ ह्रीँः ष्ट्रीः विकृतानन हुँ हुँ फट् फट् स्वाहा ।

त्यसपछि विसर्जन गरेर उठ्नू ।

यो यमान्तकसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८० साधन

यमान्तक

रत्नगोपाल सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २८१ ❁

सबभन्दा पहिले सुखासनमा बसी साधकले रक्ताकारबाट उत्पन्न सूर्यमण्डललाई आफ्नो हृदयमा भावना गरी त्यसमाथि नीलो हुँकार राखी हुँकारको रश्मिद्वारा उत्पन्न विघ्नान्तकलाई र गुरु बुद्ध बोधिसत्त्वलाई अवलम्बन गरी फूल आदिद्वारा पूजा गरी नमस्कार गरी त्रिशरणगमन आदि गरेर शून्यताको भावना गर्नू-

ॐ शून्यताज्ञानवज्रस्वभावात्मकोऽहम् ।

त्यसपछि रक्ताकारबाट उत्पन्न सूर्यमण्डलमाथि त्यसमा परिणत हुँकारलाई हुँकारमा अधिष्ठित वज्र भनी भावना गर्नू । हुँकारको रश्मिबाट चोदन गरिएका सबै तथागतलाई प्रवेश गराई यो सबै परिणाम गरेर प्रत्यालीढमा रहेका, एक मुख भएका, दुइ हात भएका, नीलो वर्णका, बायाँ हात पाशसहितको तर्जनीमुद्रामा भएका, दायाँ हातले वज्र उठाएका, भयानक, कैलो र ठाडो कपाल भएका विघ्नान्तक आफू भएको चिन्तना गरी भावना गर्नू । त्यसपछि भगवान्को हृदयमा सूर्यमण्डलमा हुँकारमा परिणत हुँकार अधिष्ठित वज्र यस्तो भएको स्फुरण र संहरण गर्ने रूप भएका विश्वदल कमलमाथि सूर्यमा रहेका विघ्नान्तकको भावना गर्नू । समय आदि विधिपूर्वक दुइ तीन चार सन्ध्यासम्म यसको भावना गर्नू ।

ॐ आः विघ्नान्तकृत् हुँ ।

विघ्नान्तकसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२८१ साधन

विघ्नान्तक

रविन घटुवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २८२ ❁

यमान्तकलाई नमस्कार

ॐ इन्द्राय ह्रीः, यमाय ष्ट्रीः, वरुणाय वि, कुबेराय कृ, ईशानाय त, अग्नये आ, नैर्ऋतये न, वायवे न, चन्द्राय हुँ, अर्काय हुँ, ब्रह्मणे फट्, वसुधारायै फट्, वैमचित्रिणे स्वा, सर्वभूतेभ्यो हा, ही ही हुँ हुँ हैं हैं स्वाहा ।

(ॐ इन्द्रलाई ह्रीः, यमलाई ष्ट्रीः, वरुणलाई वि, कुबेरलाई कृ, ईशानलाई त, अग्निलाई आ, नैर्ऋत्यलाई न, वायुलाई न, चन्द्रलाई हुँ, सूर्यलाई हुँ, ब्रह्मालाई फट्, वसुधारालाई फट्, वैमचित्रीलाई स्वा, सबै प्राणीलाई हा)

यो बलिमन्त्र ।

जे खाइन्छ, ती सबै यमान्तकलाई चढाउनुपर्छ ।

यमान्तकको बलिमन्त्र ।

❁ २८३ ❁

पहिले बताइएको विधानअनुसार चन्द्रमण्डलमाथि पहेँलो ऐँकारमा परिणत विश्वकमलमा रहेका, तीन मुख भएका, तीन आँखा भएका, चार हात भएका, दायाँ मुख कृष्ण र बायाँ मुख सेतो भएका, सुन जस्तो रोगन भएका, सत्त्वपर्यङ्कमा रहेका, दुइ हात व्याख्यानमुद्रामा राखेका, अर्का दायाँ र बायाँ हातमध्ये एउटा वरदमुद्रामा अर्को हातले फूलेको नागकेशरको मुजुरा लिएका, थरीथरीका गहना लगाएका, मैत्रेयरूपमा आफूलाई अवलम्बन गरेर मुद्राबन्ध गर्नू । दुइ हातले अलग अलग मुट्ठी बाँधेर बूढीऔँलाको बीचमा उठाइएका दुइ चोरऔँलालाई फूलको आकारमा खुम्च्याउनू । त्यसपछि मन्त्र जप्नू-ॐ मैँ मैत्रेय स्वाहा ।

मैत्रेयसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मैत्रेय

श्रवण शाक्य

२८३ साधन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २८४ ❁

जम्भललाई नमस्कार ।

पहिले जस्तै शून्यतासम्म चिन्तना गरेर अष्टदल विश्वपद्ममाथि चन्द्रमामा जँकारबाट उत्पन्न सुनौलो वर्णका, ठूलो पेट भएका, सबै गहना लगाएका, बायाँ हातले न्याउरीमूसी र दाहिने हातले बिमिरो समाएका, रत्नसम्भव[को आकृति भएको] मुकुट लगाएका, कमलको माला लगाएका भगवान् जम्भलको ध्यान गर्नू । पूर्वदेखिका दलमा माणिभद्र पूर्णभद्र धनद वैश्रवणलाई, आग्नेयदेखिका दलमा केलिमालि विचित्रकुण्डली मुखेन्द्र चरेन्द्रलाई, बताइएअनुसारको क्रमसँग तिनीहरूमा नै वसुधारा चित्रकाली दत्ता सुदत्ता आर्या सुभद्रा गुप्ता देवी सरस्वती यी यक्षिणीहरूको चिन्तना गर्नू । वसुधारा त जम्भलसहितकी, सबै यक्षिणी वसुधारा जस्तै, यक्षहरू त जम्भल जस्तै, यसरी ध्यान गरेर मन्त्र जप्नू ।

त्यहाँ यक्षमन्त्र–

ॐ जम्भलजलेन्द्राय स्वाहा । ॐ माणिभद्राय स्वाहा । ॐ पूर्णभद्राय स्वाहा ।
ॐ धनदाय स्वाहा । ॐ वैश्रवणाय स्वाहा । ॐ केलिमालिने स्वाहा ।
ॐ विचित्रकुण्डलिने स्वाहा । ॐ मुखेन्द्राय स्वाहा । ॐ चरेन्द्राय स्वाहा ।

(जम्भलजलेन्द्रलाई स्वाहा । माणिभद्रलाई स्वाहा । पूर्णभद्रलाई स्वाहा । धनदलाई स्वाहा । वैश्रवणलाई स्वाहा । केलिमालीलाई स्वाहा । विचित्रकुण्डलीलाई स्वाहा । मुखेन्द्रलाई स्वाहा । चरेन्द्रलाई स्वाहा ।)

अनि यक्षिणीमन्त्र–

ॐ वसुधारिण्यै स्वाहा । ॐ चन्द्रकाल्यै[३] स्वाहा । ॐ दत्तायै स्वाहा । ॐ सुदत्तायै स्वाहा । ॐ आर्यायै स्वाहा । ॐ सुभद्रायै स्वाहा । ॐ गुप्तायै स्वाहा । ॐ देव्यै स्वाहा । ॐ सरस्वत्यै स्वाहा ।

(वसुधारिणीलाई स्वाहा । चन्द्रकालीलाई स्वाहा । दत्तालाई स्वाहा । सुदत्तालाई स्वाहा । आर्यालाई स्वाहा । सुभद्रालाई स्वाहा । गुप्तालाई स्वाहा । देवीलाई स्वाहा । सरस्वतीलाई स्वाहा ।)

यसरी ध्यान गर्दै जप गर्दै तीनै सन्ध्यामा आठसय जलाञ्जलि दिँदा तीनै लोकको राज्य पाउँछ । काग कराउनुभन्दा अगाडि जल दिएर जप गर्दा नाशै नहुने धनको वृद्धि हुन्छ । अनि सुवर्ण आदिको पत्रमा यक्षिणीसहितकी वसुधारालाई र अर्को पत्रमा यक्षहरूले घेरिएका भगवान् जम्भललाई लेखी नमस्कार गरेर आराधना गर्नू, आठ थरी महासिद्धि पनि दिन्छ ।

जम्भलसाधन सिद्धियो ।

---

३ माथि चित्रकाली छ, यहाँ चन्द्रकाली छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२८४ साधन

जम्भल - वसुधारा

सुन्दर सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २८५ ❁

शून्यताको भावनापछि अलि अलि रातो चन्द्रमण्डलमा अष्टदल पद्म आकारको बीचमा यक्षको गाडा, त्यसको बीचमा वँकारद्वारा पहेँलो वर्णकी, [बायाँ] हातमा धानको बाला लिएकी, [दायाँ] वरदमुद्रामा भएकी, सबै गहनाले सिँगारिएकी वसुधारालाई भद्रा सुभद्रा सुनन्दा गुप्ता सुगुप्ता सरस्वती आर्या चन्द्रकान्ता यी आठ यक्षिणीले घेरिएकी। उहाँ महादेवीको भगको बीचमा जँकारबाट उत्पन्न वसुधाराले अँगालिएका सम्पुट बोधिचित्तबाट उत्पन्न, रत्न समाई हात उठाएका जम्भललाई स्पष्टसँग भावना गर्नू। भगवान्को क्षरणकालमा पूर्व दिशामा नीलो वर्णका माणिभद्र, दक्षिण दिशामा पहेँलो वर्णका पूर्णभद्र, पश्चिम दिशामा रातो वर्णका वैश्रवण, उत्तर दिशामा रातो वर्णका धनद, आग्नेय नैर्ऋत्य वायव्य र ईशानकोणमा नीलो वर्णका पूर्ण र सुपूर्णलाई, पहेँलो वर्णका केलिमालीलाई, रातो वर्णका मुखेन्द्रलाई, श्याम वर्णका चरेन्द्रलाई चिन्तना गर्नू। सुनौलो वर्णका, पञ्चकिरीट लगाएका, दायाँ हातमा बिमिरो र रत्न आदि वर्साउने न्याउरी मूसी बायाँ हातमा लिएका, चम्किला पञ्चतथागत भएका, धेरै सम्पत्ति भएका रत्न आदि बर्साउने शङ्खमुण्ड र पद्ममुण्ड भएका, पहेँलो वर्णका, नीलकमलको माला लगाएका श्रीजम्भलनाथलाई आफ्नो घरको एक ठाउँमा चिन्तना गर्नू। उहाँहरू सबै आठ यक्षिणीका भगको बीचमा रहेका, रत्न बर्साइरहेका जम्भलस्वरूपकै [ठानी] भावना गर्नू। पूर्व ढोकामा धनद र महाधनद, दक्षिण ढोकामा यक्ष र महायक्ष, पश्चिम ढोकामा केलि र महाकेलि, उत्तर ढोकामा पूर्ण र सुपूर्ण। उहाँहरू निर्वस्त्र, लामो अण्डकोष भएका, ठूलो पेट भएका, रत्न बर्साउने हुनुहुन्छ। त्यसपछि शिरमा माणिभद्र, दुइ आँखामा वैश्रवण, मुखमा मुखेन्द्र, दुइ स्तनको बीचमा पूर्णभद्र, नाभिमा धनद, दुइ तिघ्रामा दुइ केलिमाली, दुइ पाउमा दुइ विचित्रकुण्डली। यो देवताको न्यास हो। अक्षरन्यास त

ॐ मूर्ध्नि ज्लुँ ललाटे व्लुँ कर्णयोः हा मस्तकपृष्ठे ॐ मणिबन्धे ज्लुँ हस्तमध्ये व्लुँ सर्वाङ्गुल्यग्रे सः सर्वाङ्गुलमूले ॐ जम्भलजलेन्द्राय स्वाहा। ॐ ज्लुँ व्लुँ स्वाहा।

(ॐ शिरमा, ज्लुँ निधारमा, व्लुँ दुइ कानमा, हा शिरपछाडि, ॐ नाडीमा, ज्लुँ हातको बीचमा, व्लुँ सबै औँलाका टुप्पामा, सः सबै औँलाको फेदमा, जम्भलजलेन्द्रलाई स्वाहा।)

ॐ ज्लुँ व्लुँ स्वाहा उदकमन्त्र।

त्यस्तै चोरऔँलामा माणिभद्र, माझीऔँलामा पूर्णभद्र, साहिँलीऔँलामा धनद, कान्छीऔँलामा वैश्रवण, हातको छेउमा मुखेन्द्र, बूढीऔँलामा विचित्रकुण्डलिनी, नाडीमा केलिमालिनी। यी अक्षरको न्यास हातमा गरेर बिहान वज्रोदक आदि पञ्चामृत, त्यो नभए वज्रोदक जल मिसाएर एक सय आठपटक तीनै सन्ध्यामा अचाउनू, चाँडै नै सिद्धि हुन्छ। ॐ ज्लुँ व्लुँ सः यति उच्चारण गरेर अचाउनू। यसरी गरेर पनि सिद्ध भएन भने त्यस बेला आफू श्रीवज्रहुँकारको रूप भएको ध्यान गरेर जम्भलको मूर्तिलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषराजिका, नून, धतुरोको पातको रस, श्मशानको गोल लिपेर घाममा सुकाउनू । पछि श्मशानको आगोमा तताउनू । रिसाए पनि पक्कै सिद्धि हुन्छ ।

लामो गरेर लेखिएको जम्भलसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८५ साधन

वसुधारा

योगेन्द्र शाक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८५ साधन **वसुधारा** योगेन्द्र शाक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८५ साधन

जम्भल

रत्नगोपाल सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८५ साधन

जम्भल

रत्नगोपाल सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २८६ ॐ

शून्यताको भावनापछि सूर्यमा पहेँलो जँबाट उत्पन्न तीन मुख भएका, ६ हात भएका, अक्षोभ्य[को आकृति भएको] जटामुकुट लगाएका, दायाँपट्टिका तीन हातमा बिमिरो, अङ्कुश र बाण समाएका, बायाँपट्टिको एक हातले बायाँपट्टि रहेकी प्रज्ञाले अँगालिएका, अरू दुइ हातले पाशसहित न्याउरीमूसी र धनु समाएका जम्भल भनी आफूलाइ ठानेर ध्यान गरी उहाँको शिरमा महावज्रधरलाई ध्यान गरी द्रव्यले अभिषेक गर्दै एक सय आठपटक वज्रोदकले अचाउनू ।

ॐ जम्भलजलेन्द्राय स्वाहामन्त्र ।

शास्त्रान्तरले जम्भलसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२८६ साधन

जम्भलजलेन्द्र

शंकर श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २८७ ❀

पहिले बताइएको विधानअनुसार हृच्चन्द्रमण्डलको बीचमा बीज दोस्रोको तेस्रो पहेँलो वर्णको शून्यदेवले ढाकेको शिरमा अर्धचन्द्रले विभूषित, त्यही बीजबाट उत्पन्न श्रीजम्भल पहेँलो वर्णका, दुइ हात भएका, दायाँ हातले बिमिरो समाएका, बायाँ हातमा रत्न बर्साउने न्याउरीमूसी लिएका, पञ्चबुद्ध[को आकृति भएको] किरीट लगाएका, धेरै सम्पत्ति भएका शङ्खमुण्ड र पद्ममुण्डलाई पाउले ऐँचेका, नीलकमलको माला लगाएका, सबै अलंकारले सिँगारिएका जम्भल भन्ने आफूलाई भावना गरी आफ्नो घरमा पनि प्रवेश गरेको, थरीथरीका रत्न बर्साउने आफूलाई चिन्तना गर्नू । त्यसपछि मुद्राबन्धन गर्नू । दुइ हातले मुट्ठी बाँधेर माझीऔँलाको आँख्ला पड्काएर जम्भलमुद्रा हुन्छ ।

ॐ जम्भलजलेन्द्राय स्वाहा ।

(जम्भलजलेन्द्रलाई स्वाहा ।)

यस मन्त्रले देवतालाई एक सय आठपटक अञ्जलि दिनू । पछि पूजा गरेर मन्त्र जप्नू । त्यसपछि सिद्धि हुन्छ । महाधनाढ्य हुन्छ । यसमा शङ्का छैन ।

संक्षिप्तश्रीजम्भलसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८७ साधन

जम्भल

रत्नगोपाल सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २८८ ❀

पहिले बताइएको विधानअनुसार हृदयमा विश्वपद्मचन्द्रमा पहँलो जँकारबाट निस्केका रश्मिद्वारा बुद्ध आदिलाई पूजा गरी पापदेशना आदि गरेपछि शून्यतालाई आमुख गरी त्यही ठाउँमा विश्वपद्मचन्द्रमा जँबाट उत्पन्न बीउ भएको बिमिरोलाई त्यसका रश्मिद्वारा थरीथरीका प्राणीको लागि [उद्धार] गरेर त्यसको परिणामद्वारा सुनौलो वर्णका, पञ्चबुद्ध[को आकृति भएको] रत्नमुकुट लगाएका, दिव्य वस्त्र र गहना लगाएका, दुइ हात र एक मुख भएका, दायाँ हातमा बिमिरो लिएका, थरीथरीका रत्न ओकल्ने न्याउरीमूसी बायाँ हातमा लिएका, नीलकमलको माला लगाएका, दुवैपट्टि रत्न बर्साउने दुइ यक्ष भएका, पाउमुनि रत्नको घैँटो राखिएका, अनेकन् रश्मिज्वाला भएका जम्भल भनी आफूलाई चिन्तना गरी

ॐ जम्भलजलेन्द्राय स्वाहा

भन्ने मन्त्र जप्नू ।

दुइ हातले मुट्ठी पारेर माझीऔँलाको आँख्ला पड्काएर हृदय, घाँटी, शिर र ऊर्णामा मुद्राबन्धन गर्नू । बिहान पनि यसरी झट्टै ध्यान गरेर एक सय आठपटक जलाञ्जलि

ॐ जम्भलजलेन्द्र धनं मे देहि स्वाहा
(जम्भल जलेन्द्र मलाई धन दिनुहोस्)

भन्ने मन्त्रले दिनू ।

संक्षिप्तजम्भलसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जम्भलजलेन्द्र

रोजिना सिंख्वाल

२८८ साधन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २८९ ❀

सबै सम्पत्ति दिने श्रीजम्भललाई नमस्कार

सबभन्दा पहिले मन्त्री (साधक)ले सबै पदार्थ र आफ्नो शरीरमा शून्यताको भावना गरेर त्यसपछि हल्का रातो चन्द्रमण्डललाई प्रज्ञा र उपायले बनेको, त्यही नै अष्टदल पद्मको आकारको यक्षशकट (यक्षको गाडा), त्यसको बीचमा वँकारद्वारा पहेँलो वर्णकी, धानको बाला हातमा लिएकी, वरदमुद्रामा भएकी, सबै गहनाले सिँगारिएकी, भद्रा सुभद्रा गुप्ता सुगुप्ता देवी सरस्वती आर्या र चन्द्रकान्ता यी आठ यक्षिणीले घेरिएकी महादेवी वसुधारालाई । उहाँको भगको बीचमा जँकारद्वारा पञ्चबुद्ध[को आकृति भएको] किरीट लगाएका, दायाँ हातमा बिमिरो र बायाँ हातमा न्याउरीमूसी लिएका, रत्न आदि बर्साउने पञ्चतथागतलाई । धेरै सम्पत्ति भएका, रत्न आदि बर्साउने शङ्खमुण्ड र पद्ममुण्डलाई दुवै पाउले ऐँचेका भनी आफूलाई आफ्नो घरको एक ठाउँमा रहेको चिन्तना गर्नू । पहेँलो वर्णका, नीलकमलको माला लगाएका, वसुधाराले अँगालिएका, बोधिचित्तको छोडांइबाट निस्केको रत्नसमूहले सबै आकाश ढाकेका श्रीजम्भलनाथको भावना गर्नू । क्षरणकालमा पूर्व दिशामा नीलो वर्णका पूर्णभद्र, दक्षिण दिशामा पहेँलो वर्णका वैश्रवण, पश्चिम दिशामा रातो वर्णका धनद, उत्तर दिशामा पहेँलो वर्णका माणिभद्र, आग्नेय दिशामा रातो वर्णका विचित्रकुण्डली, नैर्ऋत्य दिशामा नीलो वर्णका केलिमाली, वायव्य दिशामा पहेँलो वर्णका चरेन्द्र, ईशान दिशामा पहेँलो वर्णका मुखेन्द्र, उहाँहरू सबैलाई आठ यक्षिणीको भगको बीचमा रहेका, रत्न बर्साइरहेका जम्भल जस्तै भावना गर्नू । पूर्वद्वारमा निर्वस्त्र, लामो अण्डकोश भएका, रत्न बर्साउने धनद र महाधनद, दक्षिणद्वारमा पद्म र महापद्म, पश्चिमद्वारमा केली र महाकेली, उत्तरद्वारमा पूर्ण र सुपूर्ण, उहाँहरूको पनि लामो अण्डकोश छ । जम्भलनाथको अनुलोमद्वारा मन्त्र र अक्षर आदिको न्यास गर्नू । ॐ शिखामा, जं मुखमा, भल दुइ हातमा, ज हृदयमा, लें नाभिमा, द्राय दुइ तिघ्रामा, स्वाहा दुइ घुँडामा । शिरमा माणिभद्र, आँखामा वैश्रवण र मुखेन्द्र, मुखमा पूर्णभद्र, दुइ स्तनको बीचमा र नाभिमा धनद यक्ष, दुइ तिघ्रामा केलिमाली, दुइ पाउमा विचित्रकुण्डली, सर्वाङ्गमा चरेन्द्र आफू जम्भलनाथ भनी ध्यान गर्नू । अब अक्षरन्यास–

ॐ शिरमा, ज्लुँ निधारमा, व्लुँ दुइ कानमा, सः टाउकोमा न्यास गर्नू । अब हातको न्यास भनिन्छ । देवताद्वारा र अक्षरद्वारा त ॐ नाडीमा, ज्लुँ हातको बीचमा, व्लुँ सबै औँलाको टुप्पोमा, सः सबै औँलाको फेदमा ।

ॐ जम्भलजलेन्द्राय स्वाहा

यति भनेर प्रतिष्ठा गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चोरऔँलामा माणिभद्र, बीचको औँलामा पूर्णभद्र, साहिँलीऔँलामा धनद, कान्छीऔँलामा वैश्रवण, हत्केलाको पार्श्वमा मुखेन्द्र, नाडीमा केलिमाली, बूढीऔँलामा विचित्रकुण्डली । चोर र बूढीऔँलामा चरेन्द्र, हातको बीचमा जम्भलजलेन्द्र । वज्रोदक आदि पञ्चामृत, त्यो नभए वज्रोदक पनि पानी मिसाई पिएर एक सय आठपल्टक तीनै सन्ध्यामा अचाउनू । छिटै यो मान्छे जम्भल जस्तो हुन्छ, धन र सुनले समृद्ध भई पृथ्वीलाई धनसम्पत्तिले पूर्ण बनाउँछ ।

ॐ ज्लुँ व्लुँ सः

यति उच्चारण गरेर अचाउनू । सिद्धि भएन भने आफूलाई श्रीवज्र हुँकार ठानेर विषराजिका, नीमको पात, धतूरो र श्मशानको गोलले जम्भलको मूर्ति लेखेर ध्यान गर्नू । घाममा सुकाउनू । पछि श्मशानको आगोमा तताउनू । रिसाए पनि पक्कै सिद्ध हुन्छ ।

श्रीजम्भलसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८९ साधन वसुधारा योगेन्द्र शाक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२८९ साधन

जम्भल - वसुधारा

रत्नगोपाल सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २९० ❀

साहिँलीऔँलाको टुप्पोमा पहेँलो जँकारको ध्यान गरी माटो आदिको कुण्डमा जम्भलको ध्यान गरेर साहिँलीऔँलाको टुप्पोमा अर्को हातले जलको धारा खसाएर स्तनको टुप्पोमा नै पर्ने गरेको जलको धारालाई एक सय आठपटक जँकारको जप गर्नू ।

धाराजम्भलको उपदेश ।

दायाँ हातमा चन्द्रमा रहेको वुँ आदि पञ्चबीजमा परिणत पञ्चतथागतको ध्यान गरेर तिनीहरूलाई पन्यालो पारेर अगाडि निष्पादन गरेर जँबाट उत्पन्न प्रसिद्ध जम्भललाई पहिले बताइएको पन्यालोले शिरमाथि जलले एक सय आठपटक चोरऔँला खुम्च्याएर अलि अलि जल खसाल्नू, थुप्रो सम्पत्ति हुन्छ ।

जम्भलको उपदेश

वैरोचन, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि, अक्षोभ्य भनी जिन प्रख्यात हुनुहुन्छ । उहाँहरूको वर्ण सेतो, पहेँलो, रातो, हरियो र मेचक (कृष्ण) हुन्छ । बोध्यङ्गीमुद्रा, वरदमुद्रा, ध्यानमुद्रा, अभयमुद्रा र भूस्पर्शमुद्रा हुन्छ । तथागतहरूको बीजाक्षर वुँ आँ जिँ खँ हुँ हुन्छ ।

दायाँ हातमा रहेको चन्द्रमामा पाँचवटा अक्षरबाट उत्पन्न, पञ्चद्रवरूपका तथागतहरूको ध्यान गरेर भावना गर्नू । जँकारबाट उत्पन्न जम्भलको ध्यान गरेर जल लिई उहाँको मन्त्र जपेर एक सय आठपटक जल आदरपूर्वक चढाउनू ।

जम्भलको चुलुकदानविधि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९० साधन

वैरोचन बुद्ध

राकेश महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९० साधन

रत्नसम्भव बुद्ध

देवकृष्ण महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९० साधन

अमिताभ बुद्ध

मनश्याम महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९० साधन

अमोघसिद्धि बुद्ध

सुरेन्द्र शिल्पकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९० साधन

अक्षोभ्य बुद्ध

राकेश बाडा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २९१ ❀

ॐ अः यति आवाहन गरेर आफ्नो हृदयमा अकारमा परिणत चन्द्रमण्डलको बीचमा हुँकारद्वारा नौ कोण भएको वज्रको बीचमा इन्द्रगोपसमान हुँकारबाट पहिले बताइएको अकार मन्त्रले जम्भलनाथलाई आफ्नो हृदयमा प्रवेश गरेका उच्छुष्मडिम्भ (बच्चा) रूप भएका, कान नछेडेका, कृष्ण वर्णका, कैलो र ठाडो कपाल भएका, बामपुड्के, आँखीभौँ तन्किएका, दाह्रा निकालेका, रत्नसम्भव[को आकृति भएको] मुकुट लगाएका, अष्टनाग नै गहना भई सिँगारिएका, रत्न आदि ओकल्ने न्याउरीमूसीलाई बायाँ हातले समाएका, दायाँ हातले रगत भरिएको कपाल समाएका, शिरको दायाँपट्टि सुनौलो रङ्गका थरीथरीका गहनाले सिँगारिएका, दुइ पाउले चम्केको रश्मिमालाले आकुल धनदलाई ऐँचेर खसाएका, रत्नको समूह आदि उकेल्ने, दायाँ हातमा ॐकारबाट उत्पन्न शकट (यक्षको गाडा) भएका, वँकारबाट उत्पन्न अभिषेक गर्ने घडालाई जस्तै खनाएका, हातको बीचमा जंकार, चोरऔँलामा भकार, माझीऔँलामा लकार, साहिँलीऔँलामा जकार, कान्छीऔँलामा लेंकार, बूढीऔँलामा द्राकार, नाडीमा यकार भएका आफूलाई उच्छुष्म भनी चिन्तना गरेर त्यसपछि ॐ स्वाहाकार भन्ने मन्त्रको न्यासले भावना गर्ने। मुखले मन्त्रेर जल दिनू।

ॐ ज्लुँ व्लुँ स्वाहा।

जल चढाउने मन्त्र–

ॐ ऐन्द्राणि मुखभ्रमरि स्वाहा।

हातबाट मुखमा, मुखबाट हातमा, त्यसको मुखमा दिलाउनू। यस्तो कामले सबै प्राणीको गरीबी र दुःख नाश गर्न जम्भलको भावना गर्नू, जम्भल नै हुन्छ।

उच्छुष्मजम्भलसाधन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२९१ साधन

उच्छुष्मजम्भल

बलराम न्हिसुतु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २९२ ❁

गरीबीको दुःखले मन भाँचिएकाहरूको चित्तवृत्ति सुगतको कृतिमा किन हुन्छ । यसै कारणले उहाँ जम्भलले रीसले जस्तै डरलाग्दो उच्छुष्म रूप लिनुभयो । सबै आशा छिटै पूरा गरिदिने बालकरूप महावीर उहाँ जम्भलनाथलाई ढोगेर उहाँको साधन स्पष्टसँग भन्नेछु । ॐ अः आवाहन गरेर पछिबाट आफ्नो हृदयमा फेरि उत्पन्न पूर्णचन्द्रको बीचमा नौ कोण भएको, चम्केको, सफा गर्ने, कालो हुँकारबाट उत्पन्न वज्रको ध्यान गर्नू । जँकारबाट इन्द्रनीलबाट वज्रवरटकमा आकाश ढाक्ने रश्मिजाल भएका, दुइ हात भएका, उच्छुष्मरूपका, एक मुख भएका, क्रोधमूर्तिको सबैले भावना गर्नू । मेघको जस्तो चहक भएका, बालकको शरीर भएका, आँखीभौँ खुम्च्याएका, रिसाएको गोलो आँखा भएका, ठूलो जीउ भएका, कृष्ण वर्णका, निर्वस्त्र, डरलाग्दो दाह्राले गर्दा डरलाग्दा, नछेडेको कानमा ढोल झुण्ड्याएका, क्रुद्ध अष्टनागले अङ्ग सिँगारिएका, पुड्का, कैलो र ठाडो कपाल भएका, बलेको अग्निको जस्तो चहक भएका, वज्रमालाको जस्तो चहक भएका, भुइँमा रहेका डरलाग्दा र अलि अलि पहेँलो वर्णका, तल्लो हातले गदा समाएका, मुखबाट रगत बमन गरेका कुबेरलाई रिसाएर दुइ खुट्टाले ऐँचिरहेका, रगतले भरिएको कपाल पान गरिरहेका, अल्छी मानिरहेका, खुशीले रोमाञ्च भएका, रत्न उकेलिरहेकी न्याउरीमूसीलाई बायाँ हातले थिचेर रत्नको चहकले शरीरधारीहरूको सबै दारिद्र्य र दुःख हर्ने, विष्णु ब्रह्मा शिव इन्द्र दैत्य मुनि र लोकपालहरूले पुजिने, चमरद्वारा लक्ष्मीले हम्किएका, अप्सरा र यक्षिणीहरूले पुजिएका, बीजन्यासमा लागेका, धनदराज (जम्भल)लाई दिइयो ।

ॐ ज्लुँ स्वाहा

भन्ने मन्त्रले हातमा जल राखेर अचाई आनन्दसँग

ॐ ऐन्द्राणि मुखभ्रमरि स्वाहा ।

मन्त्र पढ्नू ।

फेरि यसै मन्त्रले १०८ पटक अचाई जम्भललाई ६ महीनासम्म श्रद्धापूर्वक दिनू, जप पनि गर्नू । त्यसरी ल्याइएकालाई जल दिई पूजा गरेर विसर्जन गर्नू । यसरी बिहान काग कराउने बेलामा चीसो सफा जल ६ महीनासम्म एकनासले भक्तिपूर्वक दिनू । त्यो उच्छुष्म बराबरको हुन्छ, उसले दारिद्र्यका सबै दुःख हर्छ । विघ्न हर्ने, जगत्का प्रभु जस्ता, बुद्धको काममा मुख्य दक्ष वित्तनाथ हुनुहुन्छ ।

उच्छुष्मजम्भलसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९२ साधन

उच्छुष्मजम्भल

उदयचरण श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २९३ ❀

शुद्ध गुणको राशि, चिन्तनै गर्न नसकिने मूर्ति, देवता र दैत्यका राजालाई पाउले नुहाएका, जसका सम्झनाले मात्र पनि जुहारात सुन र कपडाको वर्षाद्वारा दारिद्र्यरूपी डढेलो निभ्छन् । चोखो लुगा लाएर सुगन्ध लगाएका, सुखासनमा बसेका, मैत्रीको परिभावना गरेर मन्त्री (साधक)ले करुणा मुदिता उपेक्षा शून्यता आदि विधानसहित शुद्धबुद्धि भएकाले पहिलेबाट सेतो र रातो वर्ण भएको आफ्नो हृदयचन्द्रको बीचमा श्याम हुँकारबाट भएको, नौ कोण भएको वज्रमा स्पष्ट हुँकारको वासस्थान आकाशरूपी आँगनमा रहेको ॐ अः दुइ अक्षरलाई आवाहन गरेर कुङ्कुम जस्तो स्पष्ट हुँ बीजबाट पहिले बताइएको उत्तम मन्त्रद्वारा उच्छुष्मनाथलाई फुलेको नीलकमलको जस्तो कान्ति भएका, कैलो र ठाडो केश भएका, मणि जुहारात र सुनले शिर सिँगारिएका, सद्वासनाकृति, नछेडेको कानमा गहना लगाएका, बालक अवस्थाका, फैलिएको नयाँ चन्द्रकला भएका, राम्रो दाँत भएका, शिरमा रत्नसम्भव भएका, अष्टनागले सिँगारिएका, मुखबाट रत्न उकेल्ने न्याउरीमूसी बायाँ हातमा लिएका, पूरै रातो करोटि (कपाल) अर्को हातमा लिएका, सुनौला पहाडको कान्ति भएका, मणि र सुनले सिँगारिएको रङ्गीचङ्गी भेषभूषा भएका, रत्नसमूह ओकल्नाले चपाएको डरलाग्दो मुख भएका धनदलाई दाहिने पैँतालाले ऐँचेर बसिरहेका जम्भल भनी योगी (साधक)ले झट्ट भावना गर्नू । पहिलेबाट हुँकार बीज, वँकारबाट उत्पन्न भद्रघटको बीचमा यस हातको बीचमा जकार बीज चोरऔँलाको बीचमा म्भकार, माझीऔँलामा लकार, साहिँलीऔँलामा जकार, कान्छीऔँलामा लेंकार, अर्को औलामा द्राकार, स्वाहा आकृति भएको जसलाई हातको मूलमा भावना गरी चित्तवृत्ति निश्चल गरेर उपदेश गरेअनुसार उसको मुखमा जल दिनू । यही क्रमले उपासना गरेपछि सम्मान बुद्धि धन छोरा स्वास्नी राज्य श्रीजम्भलले इच्छा गरिए जति सबै दिनुहुन्छ, अर्को लोकमा पनि सबै दुःख हर्नुहुन्छ । यो गरेर यहाँ जो पुण्य मलाई हुन्छ, त्यसद्वारा सबै मानिस छिटै चिन्तामणि भद्रघटको पात्र हुन्छ । म सबै दुःख हर्ने हुन्छु ।

ॐ ऐन्द्राणि मुखभ्रमरि स्वाहा ।

यो चुलुकमन्त्र हो ।

ॐ ज्लुँ स्वाहा ।

यो जलमन्त्र हो ।

ॐ जम्भलजलेन्द्राय स्वाहा ।

पण्डित स्थविरकुमार आकरगुप्तले रचेको उच्छुष्मजम्भलसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९३ साधन

उच्छुष्मजम्भल

बिनम्र डंगोल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ꕥ २९४ ꕥ

जम्भललाई नमस्कार ।

पहिले जस्तै शून्यतासम्म भावना गरेर ॐ अः भन्ने आवाहनमन्त्र पढेर अकारबाट उत्पन्न चन्द्रमण्डलको चिन्तना गर्नू । त्यसमाथि कृष्ण हुँकारबाट उत्पन्न नौ कोण भएको वज्र, त्यसको बीचमा इन्द्रगोप जस्तो जँकार, त्यसद्वारा आकारको चिन्तना गरेर त्यो सबैको परिणामद्वारा उच्छुष्मबालकरूपका, कान नछेडेका, ढोल जस्तो कान भएका, ठाडो र कैलो कपाल भएका, बामपुड्के, नीलो वर्णका, ठूलो पेट भएका, आँखीभौँ तन्किएका, दाह्रा निस्केर डरलाग्दो मुख भएका, रत्नसम्भव[को आकृति भएको] मुकुट लगाएका, अनन्त तक्षक कर्कोटक महापद्म कुलिक शङ्खपाल वासुकि पद्म यी अष्टनाग नै गहना भएका, दुइ हात भएका, थरीथरीका रत्न आदि द्रव्य ओकल्ने न्याउरीमूसीलाई बायाँ हातले समाएका, दायाँ हातले रगत भरिएको कपाल समाई पिएको अभिनय गरेका, गोलो रातो आँखा भएका, चन्द्रमण्डलमा रहेको वज्रासनमा बसेका, गोरा, नाना थरीका रत्नको मुकुट लगाएका, चम्केको वज्ररश्मिमालाले आकुल धनदलाई दायाँ पाउले ऐँचेर तलतिर मुख पारी खसाएका, भगवान् जम्भलको भावना गर्नू । त्यसपछि आफ्नो दायाँ हातमा गाढा रूपले ॐकार दुइ हातमा वँकारलाई भद्रघट जस्तै खन्याउने जंकार, चोरऔँलामा भकार, माझीऔँलामा लकार, साहिँलीऔँलामा जकार, कान्छीऔँलामा लेकार, बूढीऔँलामा द्राकार, नाडीमा यकार, त्यही स्वाहाकार पनि त्यसको सँगै राखेर भावना गर्नू । यति भावनाक्रम ।

यति भावना गरेर साक्षात् श्रीजम्भल हुनू । त्यसपछि सबै प्राणीहरूका गरीबी हटाउन समर्थ हुन्छ ।

त्यहाँ जल दिने क्रम यो हो ।

ॐ ज्लुँ स्वाहा ।

यस मन्त्रद्वारा जल अचाएर र झारेर हातमा राखी

ॐ ऐन्द्राणि मुखभ्रमरि स्वाहा ।

यस मन्त्रले तलतिर रहेका जम्भललाई त्यो जल चढाउनू । यही क्रमले एकसय आठपटक अचाउँदा पनि यही क्रम हुन्छ । त्यहाँ जलदान दिने गाथा–

६ महीनामा सिद्धि हुन्छ भनी बताइएको छ, यहाँ शङ्का गर्नु हुँदैन । विधिपूर्वक योजना गरिएका मन्त्रहरूको लागि के असाध्य छ ।

उच्छुष्मजम्भलभावनापानीयपरिणामनाक्रम सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उच्छुष्मजम्भल

२९४ साधन

महेश्वर डंगोल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २९५ ॐ

श्रीउच्छुष्मजम्भललाई नमस्कार ।

उहाँ मुनिकुमारले मुनीन्द्र (बुद्ध)को शून्यको भरणका ठूला सम्पत्ति दिनुहोस् । त्रिलोचनका साथी भएकाको शिरमा लगाएको मणिले युक्त पाउ भएका जो हुनुहुन्छ ।

आफ्नो सम्पत्तिमा संसारलाई चाँडै लग्न खोज्ने भनी निरुत्तरगुण भएका, अद्वैत, रत्नैरत्नले बनेको शहरका नायकको सेवा गर्नू ।

त्यहाँ सबभन्दा पहिले मैले श्रीजम्भलको आराधना गरेर भूम्यधिगमक्रमले त्यो आफ्नो संसारको अभ्युदय आदि कल्याण अहिले प्रतिष्ठा गर्नुपर्छ भनी आशयले प्वालमा निरनुस्वार अकार, सेतो चम्केको रश्मि भएको, त्यसबाट उत्पन्न चन्द्रमण्डल, त्यहाँ हुँकार, बीचमा नीलो वर्णको, बाहिर वरिपरि अलि अलि पहेँलो भएको, चम्किएको पहेँलो रश्मिको समूह भएको, माथि शिर फर्काएको, त्यसबाट उत्पन्न वज्र भएको, तल चारवटा सूचिकद्वारा माथि पञ्चाभियोगद्वारा नौवटा सूचिक भएको, नवाङ्ग प्रवचन विशुद्धिद्वारा अरू त तलमाथि एउटै गरेको, बीचको सूचिक योगबाट नौवटा सूचिक भएको हुँकार जस्तै वर्णक्रिय मुट्ठीभित्र चन्द्रमा रहेको त्यस्तो हुँकारयुक्त भावना गर्नू । त्यसपछि हुँकार र वज्रद्वारा रश्मिहरू चम्काएर ॐ अः भन्ने मन्त्रको उच्चारणपूर्वक दशै दिशामा प्राणीहरूका लागि जम्भलको मूर्तिलाई अन्यदीपानयनन्यायद्वारा अघिल्तिर ल्याएर एकान्त मूर्तिको भावना गरी रश्मिहरूद्वारा पञ्चोपचारपूजा पापदेशना गरेर उपेक्षाभावनापछि हुँवज्रका रश्मिहरूद्वारा सबै शरीरलाई अन्तर्भाव गरेर सबै प्रपञ्च नभएका शून्यतास्वभावमा चन्द्रवज्रबीज रश्मिहरूमा ॐ अः भन्ने रश्मि तानेर भगवान्लाई प्रवेश गराउनू । प्रवेश गराइसकेपछि उत्तिखेरै चन्द्र आदिबाट निष्पन्न पाँच वर्षका कुमारको आकृति भएका, पुड्का, चन्द्रमाथि विश्वपद्ममा रहेका, नागको गहनाले सिँगारिएका, रत्नमुकुट लगाएका, रत्न छोडिरहेका (उकेलिरहेका), पहेँलो मुख र अङ्ग भएका, सुतिरहेका धनदको निधारलाई दायाँ पाउले [र उनका] दुइ पाउलाई [उहाँको] बायाँ पाउले ऐँचेका, प्रत्यालीढपदमा रहेका, निर्वस्त्र, ऊर्ध्वलिङ्ग, ठूलो पेट भएका, हृदयमा दायाँ हातमा रहेको रगतले भरिएको कपालमा आँखा लगाएका, बायाँ जाँघमा रत्नसमूह उकल्ने तल हेरेकी न्याउरीमूसीलाई बायाँ हातले समातेका, ढोलक जस्तो नछेडेका दुइ कान भएका, [शिरमा] अर्धचन्द्र भएका, दाह्राले डरलाग्दो मुहार भएका, राता र गोला तीन आँखा भएका, आँखीभौँ र निधार तन्काएका, कैलो र ठाडो केश भएका, भूस्पर्शमुद्रामा रहेका, नीलो वर्णका अक्षोभ्य मुनि [आकृति भएको]को मुकुट शिरमा लगाएका, तमाल (तेजपत्ता) जस्तो नीला अनन्त नागले जुरो बाँधेका, राता तक्षक नागको कुण्डल बनाएका, कमलको डाँठ जस्तो सेता महापद्मलाई हार बनाएका, दूबो जस्तो श्याम कर्कोटक नागलाई जनै बनाएका, सेता वासुकिलाई मेखला बनाएका, माघेफूल जस्तो राम्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पद्मनागलाई नूपुर बनाएका, पहेँला शङ्खपाललाई बाला बनाएका, धूवाँ जस्तो खरानी रङ्गका कुलिकलाई केयूर बनाएका, नीलो वर्णका बाहिर चारैतिर अलि अलि पहेँला भगवान् उच्छुष्म भनी ठानेर चम्किलो रश्मिसमूहको ध्यान गरेर निधार मुख दायाँबायाँ हात हृद्वज्रमाथि दायाँबायाँ जाँघ दायाँबायाँ पाउभित्र प्वालमा रहेका नौवटा चन्द्रमण्डलमा

ॐ जम्भलजलेन्द्राय स्वाहा ।

यति अक्षर भएका पहेँला र पहेँलो रश्मि भएकालाई हेर्नू ।

त्यसपछि नाकको वायु निस्कने समयमा ॐकार आदि रश्मिद्वारा हृदयमा हुँ वज्ररश्मिद्वारा चारै दिशामा स्फुरण गरेर छुनेबित्तिकै भगवान्को रूप भएका सबै प्राणीको चित्तचैतन्यवायु पसाउने समयमा हुँकारको प्रवेशद्वारा चित्तलाई स्थिर गरेर आमन्त्रण गर्नू । थरीथरीका सबै लोकधातुमा रहेका न्याउरीमूसी र धनदका मुखमा प्रवेश गराउनू । फेरि वायु निकाल्दा निलेका रत्न अगाडि ओकल्ने नागहरूको ध्यान गर्नू । यसरी वारंवार स्फुरण र संहरण आदि गर्नू । त्यसपछि थकाइ लागेमा

नमो रत्नत्रयाय । नमो माणिभद्राय महायक्षसेनापतये ॐ जम्भलजलेन्द्राय स्वाहा
(त्रिरत्नलाई नमस्कार । महायक्ष सेनापति माणिभद्रलाई नमस्कार । जम्भलजलेन्द्रलाई स्वाहा)

मन्त्र वा दश अक्षर भएका न्यासमन्त्र जप्नू ।

जल चढाउने समयमा उत्तानो पारेको दायाँ हातको बीचमा वँकारका रश्मिद्वारा हातलाई अभिषेक दिने भद्रघट जस्तै बनाउँदै हातको मूलमा बाला आकारका ॐकारका रश्मिद्वारा वँको बीचमा जलाई चोरऔँला माझीऔँला साहिँलीऔँला कान्छीऔँला र बूढीऔँलाको टुप्पोमा भलजलेन्द्र अक्षर क्रमैसँग ॐ र वँकारको बीचमा यकारको बायाँ र दायाँपट्टि स्वाहा अक्षर । यी आआफ्ना प्वालमा चन्द्रमामा रहेका पहेँला र पहेँलो रश्मि भएकाको ध्यान गर्नू । जलसहित फूल हातमा लिएर मुखको नजीकै राखेर

ॐ ऐन्द्राणि मुखभ्रमरि स्वाहा ।

भन्ने मन्त्रले सातपटक अभिमन्त्रण गर्नू । त्यसपछि पसारेको हातले दिइएको जल मुखद्वारा पसेको जँकारका रश्मिद्वारा हृदयमा रहेको वज्रहुँकारको रश्मिद्वारा पहेँलो वर्ण बनाइएको वज्रको टुप्पोबाट निकालेर हातमा गएको उत्तिखेरै अगाडि रहेका उहाँ भगवान्को प्रतिमाको मुखमा

ॐ ज्लुँ स्वाहा ।

भन्ने मन्त्रले एक सय आठपटक र नमो रत्नत्रयायबाट उठेको मन्त्रले सातपटक चढाउनू । एकपटक उच्चारण गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नमो रत्नत्रयाय ।

भन्ने मन्त्रद्वारा चाकु मिसिएको भुटेको चामल आदिद्वारा भगवान्लाई बलि दिनू । यसरी यथाशक्य तीनै सन्ध्या वा एक सन्ध्यामा अनुष्ठान गरेर स्तुति र प्रणिधान गर्नू । त्यसपछि भावना गरिएका भगवान्लाई

ॐ वज्रमु

भनी विसर्जन गर्नू । अझ कार्तिक फाल्गुन वैशाख आषाढको अथवा अरू महीनाको पूर्णिमामा अथवा अरू कुनै शुभ दिनमा ढुङ्गाको टुक्रा लिई उत्खिरैं भगवान्को रूप निष्पादन गरी पूजा गरी उपवास बसेर एउटै ढुङ्गाले चीरक्रमद्वारा प्रतिमा बनाउन लाउनू । यहाँ आफूलाई पनि बनाएको क्रमसँग अक्षरन्याससहित भावना गरेर जलदान आदिद्वारा आराधना गर्नू भनी उपदेश । त्यस बेला भगवान्लाई विसर्जन नगर्नू । प्रतिमूर्तिद्वारा सधैँ राखी स्थापना गर्नू ।

पण्डित अभयाकरगुप्तले रचना गरेको उच्छुष्मजम्भलसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९५ साधन

उच्छुष्मजम्भल

उदयचरण श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❁ २९६ ❁

श्रीमान्, सबै कल्पजाललाई हल्लाएका करुणा र मैत्रीले आफूलाई परिभावना गरेका जलेशले संसारको डरले डराएका तपाईंको सधैँ रक्षा धन दिएर गर्नुहोस् ।

सबभन्दा पहिले मन्त्री (साधक)ले त्रिशरणगमन आदि गरेर

ॐ स्वभावशुद्धाः सर्वधर्माः स्वभावशुद्धोऽहम् ।

उच्चारण गर्नू । फेरि सबै त्रैधातुकको चिन्तना माया जस्तो गर्नू । पछि पँकारमा परिणत विश्वपद्ममा अकारमा परिणत चन्द्रमण्डल, त्यसमाथि चम्किरहेको सुन जस्तो जँकार, चहकद्वारा दिशाहरूमा चम्किएको धेरै किसिमको धनको थुप्रो त्यसद्वारा चहकिलो सुन जस्तो वर्ण भएका, पुड्का, सबै गहनाले सिँगारिएका, रत्नको मुकुट लगाएका, बायाँ हातले न्याउरीमूसी र अर्को हात (दायाँ)ले बिमिरो समाएका आफूलाई जम्भल सम्झेर फेरि दायाँ हातमा रहेको बिमिरो त्यसमाथि जँकारको भावना गरेर त्यसमाथि नदी आदिमा धारा खसाल्नू अथवा त्यही आकार भएका अरू जम्भललाई जल दिनू ।

ॐ जँ स्वाहा ।

यो मन्त्र हो ।

यस्तो प्रकारले जल दिनाले मनमा सन्तोष भएका, धनको मालिक (जम्भल) कहिले पनि नाश नहुने धन दिन्छन् । त्यसबाट मेहनत गरेर कीर्तिको साधना गर्नू ।

श्रीजम्भलसाधन सिद्धियो ।
सुजनभद्रको कृति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९६ साधन

जम्भल

रजनी सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ २९७ ❀

उल्लिखेरै शून्यतापूर्वक रातो हुँकारमा परिणत अरुणवज्रबाट उत्पन्न, नीलो र रातो बायाँ र दायाँ मुख, मुख्य मुख र सबै शरीर सेतो भएका, दायाँ हातले रातो वज्र र खड्ग समाएका, बायाँ हातले नवांश पन्ना र कमल समाएका, मूल दुइ हातले आफ्नो जस्तो चहक भएकी प्रज्ञालाई अँगालेका, विश्वदलपद्ममा चन्द्रासनमा, चन्द्रमाको जस्तो चहक भएका, वज्रपर्यङ्कमा रहेका, अक्षोभ्यले ऐँचिएका, चहकीलो माणिक्यको मुकट लगाएका, प्रतिबिम्ब जस्तो निस्वभाव भएका, चम्किला असंख्य मुनीन्द्रको समूहद्वारा नाप्नै नसकिने जगत्को अर्थ बनाउने कृपाले अर्काको वशमा परेका, ठूलो सुखको रूप भएका संसारभरि स्थापना भएका सबै तथागत जलक आफूलाई वज्रसत्त्वको स्वरूप सम्झेर त्यसको हृद्चन्द्रमा रहेको हुँकारबाट निस्केको किरणले तानिएको तथागतको समूहलाई आफ्नो बीजमा प्रवेश गराएर त्यही नै गुह्यमणिद्वारबाट निस्केको चन्द्रमाको द्रव जस्तो प्रज्ञाकमलमा स्थिर रहेको, त्यसमा परिणाम पहेँलो जँबाट उत्पन्न बिमिरोको परिणाम भएका, भगवान् आर्यजम्भललाई दायाँ हातले बिमिरो र खड्ग समाएका, बायाँ हातले न्याउरी मूसी र रत्न समाएका, दुइ हातले आफ्नो जस्तो चहक भएकी प्रज्ञालाई अँगालेका, वज्रसत्त्व [को आकृति भएको] मुकुट लगाएका, भुँडे, पुड्का र बाउन्ने आकृति भएका, गुह्य वज्र मणिको प्वालमा दिएको मूल मुखको भावना गर्दै हृद्बीजको किरणबाट तानिएको तथागतको समूहलाई बीज वज्रबाट निस्केको चन्द्रमाको द्रवको धाराले जम्भललाई तर्पण गर्नू । जलदानमा भगवान्लाई अवलम्बन गरेर पञ्चामृतको द्रवले नै वुँ आँ जिँ खँ हुँ यति अधिष्ठान गरी शङ्खले जल चढाएर सयपटक मन्त्र पढेर तृप्त पार्नू । त्यहाँ यो मन्त्र–

ॐ आः जँ धनं मे देहि हुँ ।

जम्भलसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९७ साधन

वज्रसत्व

महेन्द्र डंगोल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२९७ साधन

आर्यजम्भल

अमृत डंगोल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ २९८ ॐ

सबै पहिलो स्वरबाट उत्पन्न, चन्द्रबिम्बको पेटमा ध्यान गरेर निधारको बीचमा तातेको सुन जस्तो चहकिला, धेरै भूतिपदद्वारा शत्रुहरूको नाश गर्ने, सबै मन्त्रले वश पार्ने, सौभाग्य र आरोग्य बढाउने, सर्वव्यापी सबै इच्छाको फल दिने ज्लुँकार । पाणिवज्रमा त्यसरी ध्यान गरेर आफ्नो इच्छाअनुसार जल चढाउनू । उहाँ जम्भल पक्कै सबै प्राणीको हितमा लागेको हुनुहुन्छ ।

जम्भललाई वश पार्ने विधि ।

ॐ २९९ ॐ

किरणले पवित्र भएका, चन्द्रमण्डलको आसनमा रहेकालाई वुँ आदि पञ्चबीजबाट उत्पन्न शाश्वत आदि द्रवसँग मिसिएको जल चोरऔँला पसार्दै जँबाट उत्पन्न जम्भललाई अगाडि ध्यान गरेर उहाँको शिरमा जल दिनू ।

जम्भललाई जलदान दिने उपदेश ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३००

श्रीवज्रमहाकाललाई नमस्कार ।

अनि भगवान्ले वज्रमहाकालसाधनलाई आफ्नो काय-वाक्-चित्तबाट निश्चारण गर्नुभयो ।

हुँकारतत्त्वबाट निष्पन्न दुइ हात भएका, एक मुख भएका, कृष्ण वर्णका, ठूलो ज्वाला भएका, कर्त्री र कपाल समाएका, मुण्डमालालाई हार बनाएका, डरलाग्दो दाह्राले डरलाग्दा, पुड्का, ठूलो तेज भएका, मुखबाट रगत चुहिरहेका, आचार्यको सधैँ द्वेष गर्ने जो मान्छे त्रिरत्नसँग रिसाएको छ, अनेक प्राणीहरूको विध्वंस गर्ने त्यस मान्छेलाई महाकालले खानुहुन्छ । शरीरको अङ्गका मासु काट्नू, रगतको धारा पिउनू, उहाँले शिरमा रहेर तिल जत्रो (सानो टुक्रो) काट्नू । माष, जम्बुडिका[४], मद्य, फूल, धूपको लेपन पञ्चमांसको अमृतले महाकाललाई बलि चढाउनू ।

मन्त्र–

ॐ महाकालाय शासनोपकारिणे सद्योमुक्तिश्मशानवासिमातृगणनमस्कृताय एषोऽपश्चिमकालोऽयं यदि त्वं प्रतिज्ञां स्मरसि तदा इमं रत्नत्रयापकारिणं अमुकनामदुष्टं ख ख खाहि खाहि मार मार गृह्ण गृह्ण बन्ध बन्ध हन हन दह दह पच पच दिनैकेन मारय मारय हुँहुँहुँ फट् सर्वयक्षराक्षसभूतप्रेतपिशाचोन्मादबलिं गृह्ण गृह्ण मम सिद्धिं कुरु शान्तिं कुरु रक्षां कुरु ।

(शिक्षाले उपकार गर्ने, चाँडै मुक्ति दिने, श्मशानमा बस्ने, मातृगणले नमस्कार गरिएका महाकाललाई सबभन्दा पहिलो समय हो । हजुर प्रतिज्ञा सम्झनुहुन्छ भने त्रिरत्नको अपकार गर्ने फलानो दुष्टलाई खानुहोस् खानुहोस्, मार्नुहोस् मार्नुहोस्, समात्नुहोस् समात्नुहोस्, बाँध्नुहोस् बाँध्नुहोस्, मार्नुहोस् मार्नुहोस्, पोल्नुहोस् पोल्नुहोस्, पकाउनुहोस् पकाउनुहोस्, एकै दिनमा मार्नुहोस् मार्नुहोस्, सबै यक्ष राक्षस भूत प्रेत पिशाच उन्माद (बहुला पार्ने राक्षसविशेष)को बलि लिनुहोस् लिनुहोस्, मलाई सिद्धि दिनुहोस्, शान्ति गर्नुहोस्, रक्षा गर्नुहोस् ।)

बलि–

यस मन्त्रले कुशको पुतला बनाएर विषराजिका र त्रिपट्टकको प्रतिमा बनाएर शरीरलाई कण्टकले ढाक्नू, खयरको आगोमा तताउनू, ज्वरो आयो भने उत्लिखेरै शान्त हुन्छ, अथवा विषराजिका र चितुको रसले

४ *मञ्जुश्रीमूलकल्पमा* (रण्डां) माषजम्बूलिकाहोमेन (वश्यां करोति) र रण्डावशीकरणे माषजम्बूलिकां जुहुयात् (फ्र्याङ्क्लिन एजर्टन २०१० मा जम्बूलिका) आएकोले मांसजम्बूडिकालाई माषजम्बूडिका भनी पाठसंशोधन गर्नुपर्ने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कपालखण्डद्वारा धर्मोदयलाई आठवटा ॐकारले बेर्नू । बीचमा साध्यको नाउँ लेख्नू । त्यसलाई आगोमा तताउनू । ज्वरोले समात्छ, दूधले पखालेपछि निको हुन्छ ।

अनि भावना गर्ने विधि भनिन्छ–

त्रिकोणमण्डल बनाएर पञ्चोपहारले पूजा गरी कालो लुगा लगाई टीका लगाई पहिले बताइएको भावनाले पछि आफ्ना रश्मिद्वारा ठूला खेलौनाका रूप भएका, कर्त्री र कपाल समाएका पञ्चयोगिनी (काली, कराली, वराली, कङ्काली र महाकाली) द्वारा वायुको वेगले गएर मासु काटिरहेका, रगत पिइरहेका, आन्द्रा चुडाँलिरहेका, नाभि तानिरहेका, तिल [जत्रो सानो सानो टुक्रो] पारिरहेका, रीसले जलिरहेका, आचार्य श्रीमहाकाल आफैँ नै भएको भावना गर्नू ।

महाकालसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



३०० साधन

वज्रमहाकाल

पुरन ह्योजु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०० साधन पञ्चयोगिनी (काली, कराली, वराली, कङ्काली र महाकाली) राजकुमार रानामगर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०१

पहिले बताइएको विधानअनुसार शून्यताको भावना गरेपछि विश्वपद्मसूर्यमा कृष्ण वर्णको हुँकार, त्यसबाट परिनिष्पन्न दुइ हात भएका, एक मुख भएका, कृष्ण वर्णका, तीन आँखा भएका, ठूलो ज्वाला भएका, दायाँबायाँ हातमा कर्त्री कपाल समाएका, मुण्डमालाले सिँगारिएका, ठाडो र कैलो कपालमाथि पञ्चकपाल लगाएका, दाह्राले डरलाग्दा, नागलाई जनै बनाएका, पुड्का, मुखबाट रगत चुहिएका श्रीमहाकाल भट्टारकमा आफूलाई झट्टै निष्पादन गरेर मन्त्र दोहऱ्याउनू ।

त्यहाँ यो मन्त्र–

ॐ महाकाल हुँ हुँ फट् स्वाहा ।

विषरुधिरको रसले [र] सेतो सर्स्यूले महाकाललाई धूप दिएर बलि दिनू ।

माष, जम्बुडिका[५], मद्य, फूल, धूपको लेपन पञ्चमांसको अमृतले महाकाललाई बलि चढाउनू ।अनि यस मन्त्रले यस्तै

ॐ महाकालाय शासनोपकारिणे । एषोऽपश्चिमकालोऽयं रत्नत्रयापकारिणं यदि
त्वं प्रतिज्ञां स्मरसि तदा इमं दुष्टं ख ख खाहि खाहि मार मार गृह्ण गृह्ण
बन्ध बन्ध हन हन दह दह पच पच दिनैकेन मारय हुँ हुँ फट् फट् ।

(शिक्षाले उपकार गर्ने महाकाललाई । यो सबभन्दा पहिलो समय हो, हजुर प्रतिज्ञा सम्झनुहुन्छ भने त्रिरत्नको अपकार गर्ने फलानो यो दुष्टलाई खानुहोस् खानुहोस्, मार्नुहोस् मार्नुहोस्, पक्रनुहोस् पक्रनुहोस्, बन्धनमा राख्नुहोस् बन्धनमा राख्नुहोस्, मार्नुहोस् मार्नुहोस्, पोल्नुहोस् पोल्नुहोस्, पकाउनुहोस् पकाउनुहोस्, एकै दिनमा मार्नुहोस्)

त्यहाँ यो उपचार–

त्रिकटु (मरीच पिपला सूठो)ले साध्यको प्रतिमा बनाएर कण्टकले शरीर ढाकेर विषराजिकाले विधिपूर्वक लिपेर आगोमा तताउनू । जसको नाउँले त्यो उत्लिखेरै नदेखिने भई हराउँछ । अनि जो मान्छे सधैँ आचार्यको द्वेष गर्छ, जो मान्छे त्रिरत्नसँग रिसाएको छ, अनेक प्राणीको विध्वंस गर्छ त्यसलाई महाकालले खानुहुन्छ । शरीरको अङ्गका मासु काट्नुहुन्छ । रगत पिउनू, शिरमा राखेर तिल जत्रो पारेर काट्नू । इत्यादि विस्तरपूर्वक मन्त्र भन्नुपर्छ ।

श्रीमहाकालसाधन सिद्धियो ।

---

५ ४ संख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०१ साधन

महाकाल

रश्मि मानन्धर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०२

महाकाललाई नमस्कार ।

नीमको काठको महाकाल बनाएर दुइ हातमा कर्त्री र कपाल भएका, ठाडो कपाल भएका, कपालको मुकुट लगाएका, नागले शरीर सिँगारिएका, रातो मुख भएका, दाह्राले डरलाग्दो मुख भएका, बाघको छालाले कम्मर बेरेका, मुण्डमाला लगाएका, नरमुण्डको माला लगाएका, प्रेतासनमा रहेका, उठेका महाकालको ध्यान गरेर घोर अन्धकार जस्तो कर्त्री लिई कृष्णपक्षको अष्टमीमा साधन थाल्नू । यो दक्षिणमूर्ति स्थापना गर्नुपर्छ । पूर्व फर्केर मन्त्र जप्नू । दश हजारपटक समयद्रव्यले बलि दिएर गुग्गुलको धूप दिनू । थरीथरीका फूल चढाएर

ॐ मणिमण्डितत्रिशूलहस्त एह्येहि महाकाल सर्वशत्रुनिर्यातये ज्वरेण गृह्णापय गृह्णापय हुँ फट् ।

(मणि जडेको त्रिशूल हातमा भएका हे महाकाल, आउनुहोस् आउनुहोस्, सबै शत्रुलाई निकाल्न ज्वरोले समात्न लगाउनुहोस् समात्न लगाउनुहोस् ।)

निराहार बसेर जप्नू । ज्वरो निकालेपछि आफ्नो सुखको लागि मन्त्र जप्नू । पहिले जस्तै बलि दिनू ।

ॐ महाकाल हन हन वज्रेण स्वाहा ।
(हे महाकाल, वज्रले मार्नुहोस् मार्नुहोस् ।)

एक लाख मन्त्र जप्नू ।

ॐ महाकाल हन हन वज्रेण मम कार्यं कुरु स्वाहा ।
(हे महाकाल, वज्रले मार्नुहोस् मार्नुहोस्, मेरो काम गर्नुहोस् ।)

दुइ लाख जप्नू ।

ॐ महाकाल हन हन वज्रेण एतत् प्रेषयामि करिष्यथ स्वाहा ।

(हे महाकाल, वज्रले मार्नुहोस् मार्नुहोस्, यो पठाउँछु, गर्नुहुनेछ ।)

यो तीन लाख मन्त्र जप्नू ।

ॐ महाकाल हाहा हह रक्ष रक्ष बलिं गृह्ण कार्यं कुरु जः ।
(हे महाकाल, रक्षा गर्नुहोस् रक्षा गर्नुहोस्, बलि लिनुहोस्, काम गर्नुहोस् ।)

वज्रयोगिनीको महोत्तरसाधन गरेर महाकालसाधन गर्नू ।

महाकालसाधन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०२ साधन

महाकाल

सुजित महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०३

नीलकमल तमाल र गाजल जस्तो गाढा छाया भएका, भरखर उदाएका सूर्य जस्ता, सीमै नभएर फैलिएको पश्चिमी किरणको ज्वाला जस्तो रातो आँखा भएका, दाह्राको टुप्पाले डरलाग्दो चहकिलो मुखको बीचमा घुमिरहेको डरलाग्दो जिभ्रो भएका, उत्तम शरीर भएका, पूरै कैला महाकालको ध्यान मैत्री करुणा मुदिता र उपेक्षाद्वारा भावना गर्नू । त्यसपछि श्रीगुरुको आज्ञाले कल्मषदेशना आदि सबै गर्नू । अनन्त सुगतको प्रज्ञामय शून्यताले सबै आकार भएको, स्पष्ट नील हुँकारको चिन्तना गरेर सम्भोग जस्तै चिन्तना गर्नू । उहाँको बीजस्वरूप उग्र किरणको ज्वालाले ढाकेको आकाश भएका, मूर्त र माथि गइरहेको अन्धकारको समूह छाया भएका, ज्यादा डरलाग्दा, पुड्का, खर्वर र मोटा, डरलाग्दो तिघ्रा भएका, दाह्रा टुसाएका, बाक्लो रगत ओठका दुवै छेउबाट चुहाइरहेका, आवाज आइरहेको चहकिलो मणि दुवै पाउमा लगाएका, किरणले सुहाएको बाघको छाला लगाएका, भित्र घुमेको पिइएको एक ढिका भएको घना अन्धकारले राता, अगाडिपट्टि घुमिरहेको मण्डल जस्तो ठूलो ज्वाला भएका, तीन आँखा भएका, बायाँपट्टिका दुइ हातमा दण्ड र त्रिशूल लिएका, दायाँपट्टिको एक हातमा रगतसहितको कपाल र अर्को हातमा महाकर्त्री लिएका, माथिल्लो अङ्गमा लुगा लगाएका, नरमुण्डमाला लगाएका, पुष्ट छाती भएका, बिजुलीको समूह जस्तो घना कपाल र दाह्रीजुँगा भएका महाकाल[६]को ध्यान गर्नू ।

त्रिरत्नका द्रोही, कुबुद्धि भएका जजसले आचार्यहरूको द्वेष यहाँ गर्छन्, अथवा सबै मानिसलाई व्यर्थै फैलिरहेको तीव्र कुभलो गर्ने ग्रह जो छन्, तिनीहरूलाई ठूलो दाह्रा नै बञ्चरो भएका शिर र तिघ्राको हाड पड्काउनाले ठूलो आवाज निकाल्ने महाकालले गफ्फाउनुहुनेछ । वरिपरि मासु काटिरहेका, साध्यको रगत पिइरहेका, शिरमा तिलको दाना जस्ता टुक्राद्वारा अङ्गहरू फोड्नेलाई सुरापात्र, पाँच थरीका मासुद्वारा पञ्चामृतसहितको सुरा, फूल, धूप र चन्दनद्वारा महाकाललाई बलि दिनू ।

त्यहाँ यो मन्त्र

ॐ महाकालाय शासनोपकाराय सद्यमुक्तिश्मशानवासिमातृगणनमस्कृताय ।
एषोऽपश्चिमकालो यदि त्वं प्रतिज्ञां स्मरसि तदा इमं रत्नत्रयापकारिणम्
अमुकनामदुष्टं ख ख खाहि खाहि मार मार गृह्ण गृह्ण
बन्ध बन्ध हन हन दह दह पच पच दिनैकेन मारय हुँ हुँ हुँ फट् फट्
सर्वयक्षराक्षसभूतप्रेतपिशाचोन्मादबलिं गृह्ण मम सिद्धिं कुरु शान्तिं कुरु रक्षां कुरु ।

---

६ यस साधनको चौथो श्लोकको तेस्रो पाउमा छन्दोभङ्ग छ । तेस्रो श्लोकको दोस्रो पाउदेखि पाँचौँ श्लोकको दोस्रो पाउसम्म महाकालको ध्यान आएको छ । तर यहाँ केही ठाउँमा प्रयोग भएका शब्दको राम्रो अर्थ नबुझिएकोले यो उल्था अपूरो छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(शिक्षाले उपकार गर्ने, तुरुन्त मुक्ति दिने श्मशानमा बस्ने मातृकाहरूले नमस्कार
गरिएका महाकाललाई । यो पहिलो काल हो, हजुर आफ्नो प्रतिज्ञा सम्झनुहुन्छ भने
त्रिरत्नको अपकार गर्ने, फलानो यस दुष्टलाई खानुहोस् खानुहोस्,
मार्नुहोस् मार्नुहोस्, पक्रनुहोस् पक्रनुहोस्, बन्धनमा राख्नुहोस् बन्धनमा राख्नुहोस्,
पोल्नुहोस् पोल्नुहोस्, पकाउनुहोस्, पकाउनुहोस्, एकै दिनमा मार्नुहोस् ।
सबै यक्ष राक्षस भूत प्रेत पिशाच उन्माद (बहुला पार्ने राक्षसविशेष)
को बलि लिनुहोस्, मेरो सिद्धि गर्नुहोस् । शान्ति गर्नुहोस्, रक्षा गर्नुहोस् ।)

यति बलि ।

विषराजिका र त्रिकटु (मरीच पिपला सूठो) पिँधी यस मन्त्रले संयोजित कुशको पुतलालाई बाहिरपट्टि लेप लगाएर अङ्गैपीछे कण्टक राखी खयरको आगोमा सेकाउनू । साध्यलाई धेरै ज्वरो आएर ज्ञानमा विघ्न पर्छ ।

चितुको रस विषराजिकामा मिलाउनू । त्यसले आठवटा आकृतिको बीचमा रहेको सहजस्थानलाई कपालमा लेख्नू । बीचमा राखिएको यस साध्यको नाउँलाई पूर्वपट्टिको आगोमा सेकाउनू । यसको जपले जलले पखालेको जस्तो गरी महाज्वरले छोड्छ । अनि पञ्चोपचारद्वारा पूजित त्रिकोणात्मक मण्डल बनाएर कालो लुगा र टीका लगाएर आफ्नो महाकालरूपको ध्यान गर्दै भगवती कङ्काली कराली काली महाकाली र वराली ती पाँचजनालाई आफ्ना किरणद्वारा तान्नू । कर्त्री र कपाल लिएका, रतिरागको क्रीडा गर्नेहरूसँग गएर साध्यजनको हावाको वेगलाई फेरि तीनै सन्ध्यामा ध्यान गर्नू । मन्त्र जान्नेले रीसद्वारा आन्द्रा काटी, वरिपरि अग्रपान गरी, नाभि च्याती, मासुलाई तिल जस्तो सानो गरी टुक्रा पार्नू ।

अर्को त्रिकोणात्मक कुण्ड बनाएर त्यसमा आठवटा कण्टकलाई कपाल छोडेका, पश्चिमतिर मुख फर्काएका, रिसाहा, त्यहीँ कामको विस्तारअनुसार मन्त्री (साधक)ले होम गर्नू । मनले चिताएको कुराको सिद्धि बुद्धहरूले भनेअनुसार हुनेछ ।

लीलावज्र गुरुको पाउ ढोगेर उहाँको आज्ञाको माला शिरमा लगाएर जिनपुरीपालको साधन जितेर त्यस पुण्यले ती कवि करुणाचलद्वारा बुद्धको करुणारसको नदीको छालमा डुबेको जगत् होओस् ।

ॐ महाकालाय हुँ फट् ।

वज्रमहाकालसाधन सिद्धियो ।
यो कृति करुण नाउँ भएका कविको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०३ साधन वज्रमहाकाल पूर्ण ह्योजु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०४

गङ्गापुत्र (कुमार/कार्त्तिकेय ?)मा चढेका, प्रत्यालीढपदमा रहेका, पुड्के, पेट ठूलो भएका, मोटा, भिन्नाञ्जन (सौवीर मिसाएको गाजल) जस्तो चहक भएका, चम्किलो कैलो र ठाडो कपाल भएका, क्रुद्ध अष्टनागले सिँगारिएका, दाह्रा निक्लिएकोले डरलाग्दा, जिभ्रो लपलपाएका, शिरमा कपालमाला भएका, आलो नरमुण्डमालाले र पञ्चमुद्रा (चक्री, कुण्डल, कण्ठिका, रुचक, मेखला)ले सिँगारिएका, बाघको छाला बेरेका, डरलाग्दा, तीन आँखा भएका, विकृत चेहरा भएका, एक मुख भएका, डरलाग्दो चेहरा भएका, ६ हात भएका, क्रोधमय शरीर भएका, हुँकारको आवाजले युक्त, अष्टश्मशानको बीचमा रहेका, दायाँ हातले वज्रसहितको कर्त्री अक्षमाला र डमरु समाएका, बायाँ हातले कपाल शूल वज्रसहितको पाश समाएका, अत्यन्तै उज्यालो शून्यताको चहकले ज्यादै तीक्ष्ण, महाभयंकर, ज्वालामालाले महाक्रोधी, सबै दुष्टलाई मार्ने, भूत प्रेत र पिशाचले ग्रह आदिले जिनपालकहरूले यक्ष राक्षस र कुम्भाण्डहरूले सेवा गरिएका महाकाललाई म प्रणाम गर्छु । त्रिरत्नको अपकार गर्ने, खराब चित्त भएका शत्रुहरूको मारविनाश गर्नको लागि जान्ने मान्छेले विधिपूर्वक साधन गर्नू ।

६ हात भएका महाकालको साधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



३०४ साधन ६ हात भएका महाकाल मुक्ति सिंह थापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०५

श्रीमहाकाललाई नमस्कार ।

नीलो वर्णका, शवमाथि बसेका, प्रत्यालीढासनमा रहेका, चार हात भएका, कर्त्री कपाल खड्ग खट्वाङ्ग समाएका, चहकिला, सैन्यभङ्ग गर्नमा लडाइँमा हतियारमा क्षोभ पैदा गर्नमा बुद्धिमान्ले विधानपूर्वक महाकालको साधना गर्नू ।

चार हात भएका महाकालको साधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०५ साधन

महाकाल

नरेन्द्र मल्ल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०६

श्रीमहाकाललाई नमस्कार ।

विश्वकमलको सूर्यमण्डलको बीचमा रहेका, प्रत्यालीढमा रहेका, दुइ हात भएका, कृष्ण वर्णका, महारौद्र, नागहरू नै गहना भएका, कर्त्री कपाल र शूल समाएका, लामो मुण्डमाला लगाएका, ठूलो तेज भएका, रगत चुहाइरहेका, जिभ्रो लपलपाएका भयानक महाकाल ।

महाकालसाधन सिद्धियो ।

सुमतिभद्रको कृति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०६ साधन

महाकाल

मुक्तिसिंह थापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०७

ॐ श्रीगणपतिलाई नमस्कार ।

ॐ आः गः शान्तिं कुरुष्व माँ ह्रीं भ्रूँ हुँ स्वाहा, हृदयः । ॐ राग सिद्धि सिद्धि सर्वार्थं मे प्रसादय प्रसादय हुँ ज ज स्वाहा, उपहृदयः । ॐ आः गः हुँ स्वाहा, ॐ वरदकराय स्वाहा, ॐ वक्त्रैकदंष्ट्रे विघ्नेश हुँ फट् स्वाहा, ॐ गणपत्यै स्वाहा, ॐ शान्तिङ्करि भ्रुँ हारिणेशडाकिनि हुँ फट् स्वाहा, ॐ जः मेसि हुँ कुरु वँ ॐ अन्ये होः ज ज स्वाहा ।

(शान्ति गर्नुहोस्, स्वाहा, हृदय । मलाई राग सिद्धि र सबै कुरामा निगाह गर्नुहोस्, गर्नुहोस् स्वाहा, उपहृदय । वरदकरलाई स्वाहा । मुखमा एउटा दाह्रा भएका हे विघ्नेश, स्वाहा । गणपतिलाई स्वाहा । शान्ति गर्ने हारिणेशडाकिनी, स्वाहा ।)

त्यसपछि गणपतिको भावना–

रातो वर्णका, जयमुकुट[माथि] किरीट लगाएका, सबै गहनाले सिँगारिएका, बाह्र हात भएका, ठूलो पेट भएका, एक मुख भएका, अर्धपर्यङ्कमा ताण्डवनृत्य गरिरहेका, तीन आँखा भए पनि एउटा दाँत भएका, दायाँपट्टिका हातले बञ्चरो बाण अङ्कुश वज्र खड्ग र शूल समाएका, बायाँपट्टिका हातले मुशल धनु खट्वाङ्ग रगत भरिएको कपाल शुष्कमांस (सुकुटी) कपालफट्क समाएका, रातो कमलमा मूसामाथि रहेका भगवान् गणपतिलाई ।

गणपतिसाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०७ साधन गणपति अनमोलरत्न तुलाधर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०८

ॐ तारालाई नमस्कार ।

विश्वकमलको गट्टाको बीचमा चन्द्रमण्डलको बीचमा रहेकी, दुइ हात भएकी, एक मुख भएकी, गोरो वर्णकी, ललितासनमा रहेकी, दुवै हातमा नीलकमल लिएकी, जिन (पञ्चबुद्ध)ले सिँगारिएकी, वस्त्र र गहना लगाएकी, सुनका गहनाले सिँगारिएकी, संसारकी आमा, दयालु तारिणी माईको भावना गर्नू ।

विजय र जय दिने, भुक्ति र मुक्ति दिने, दायाँपट्टि पहेँलो र रातो वर्णकी, तीन आँखा भएकी, चार हात भएकी, एक मुख भएकी, दायाँपट्टिका हातमध्ये एउटा हात अभयमुद्रामा रहेको र अरू हातले अक्षमाला जिनपात्र र अशोक समाएकी लक्ष्मी ।

नीलो वर्णकी, बायाँपट्टि एक मुख भएकी, डरलाग्दी, चार हात भएकी, हातहरूमा कर्त्री कपाल खड्ग र कमलको डाँठ समाएकी ।

सद्धर्मावतारिणीराजश्रीतारासाधन सिद्धियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०८ साधन — श्रीतारा — रविन्द्र मुनंकर्मी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३०८ साधन

लक्ष्मी

रविन्द्र मुनंकर्मी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीतारा

३०८ साधन

रविन्द्र मुनंकर्मी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ ३०९ ❀

शुभ

हे देवी, हजुर नै गिरिजा, हजुर नै कुशला, पद्मावती, तारिणी र देवमाता हुनुहुन्छ । हजुरले तीनै लोक ढाक्नुभएको छ । संसारमा एक रूप भएकी हुनुहुन्छ । चित्त-काय-वाक्‌ले हजुरलाई हामीहरूको नमस्कार । तीनै यानमा दशपारमिता भनेर गाइएकी, विस्तीर्ण यान मान्ने मानिसहरूले कलशून्यता भनिएकी, प्रज्ञाप्रसङ्गचटुलामृतपूर्णधात्री हजुरलाई चित्त-काय-वाक्‌ले हामीहरूको नमस्कार । आनन्द, [परमा]नन्द, विरमा[नन्द], सहजा[नन्द] स्वभाव भएकी, तीनै चक्र (काय-वाक्-चित्त)बाट परिवर्तन नभएकी, संसारकी आमा, बिजुलीको जस्तो चहक भएकी, हृदयले छोडेको ज्ञानबाट बुझिने, हजुरलाई चित्त-काय-वाक्‌ले हामीहरूको नमस्कार । हे देवी, यहाँ मैले धेरै बकबक गरेर के काम । जब जुन इच्छा गरिन्छ, सबै फल दिने हजुरलाई नमस्कार ।

तारास्तुति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ ३१० ॐ

श्रीपीठतारालाई नमस्कार ।

बायाँतर्फका हातले घण्ट्य खट्वाङ्ग रातो कमल र मणि लिएकी, वक्त्रक आदि धारण गरेकी, चम्किरहेको खड्ग र डमरुले सिँगारिएकी, राम्रो लुगा लगाएकी, तीन आँखा भएकी, कर्मेशा, ...[७] खुशी भएकी, द्विवंशा, दूबो र सुनको जस्तो चहक फैलिएकी सन्ध्या पीठताराले यहाँ रक्षा गर्नुहोस् ।

पहेँलो हरियो रातो सेतो अरुण (रातो) कालो रङ्ग भएकी, पात समाएकी, ऊषामतिबिम्ब(?) मुख भएकी, सुरतमा अगाडि भएकी, प्रपलिता (?) वरपीठमा रत, डमरु र कपालले दायाँ हात सिँगारिएकी, ध्वजले र घण्ट्याले बायाँ हात चिनिएकी, क्रमैसँग अष्टहित गर्ने, मणिवंशमा उत्पन्न उहाँहरू हुनुहुन्छ । जीउको माथिल्लो बायाँ भाग रातो र दायाँपट्टि आधा जीउ हरियो भएकी, दायाँपट्टि चक्रवक्रसहितकी, बायाँपट्टि ध्वज र रगत भरिएको कपाल भएकी, चन्द्रमामा रहेकी, बाह्र जना अरू चेला आदि भएकी, अर्कोपट्टि आआफ्नो नाउँको पहिलो वर्णबाट उत्पन्न, शरीरमा एक शिर भएकी, जगत्लाई भय पार्न नै विभव भएकी देवीले तिमीहरूलाई रक्षा गर्नुहोस् ।

काम्बोजा आदि सुजटी द्वारपालिका भएका[८], सूर्यमा आलीढासनमा उभिएका, कर्त्री पात्र ध्वज र ब्रह्माको शिर दायाँ बायाँ हातमा लिएकी, श्रद्धावती, स्मृति, ध्यान र विमल विभव भएकी, स्कन्धसंक्लेश देवपुत्र प्रेत मारलाई क्षय गर्ने विश्ववर्णाले उदय दिनुहोस् ।

पीठतारासाधन सिद्धियो ।

७ मूलमा वरुणतनुरुडुपेता छ । यस समस्तपदमा विग्रह पनि राम्रोसँग गर्न नसकिएकोले यसको अर्थ छोडिएको छ ।

८ यस तत्राकृदधिपसुजटीद्वारपाल्यो समस्तपदको अर्थ राम्रो नलागेकोले यसको उल्था अपूरो छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१० साधन **विश्ववर्णा श्रीपीठतारा** सुदर्शन सिंख्वाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ ३११ ॐ

ॐ तारे तुत्तारे तुरे हुँ फट्, ॐ ताँ खाँ हुँ फट्, ॐ आनन्द ॐ परमानन्द ॐ विरमानन्द ॐ सहजानन्द हुँ फट्, ॐ तारे तुत्तारे तुरे समग्रपीठाधिस्वामिनि समग्रपीठाधिसिद्धि मे प्रयच्छ तुरे हुँ फट्। मध्ये ॐ सुरतेश्वरी हुँ फट् ॐ सुरतसुन्दरि हुँ फट्, ॐ सुरतचन्द्रि हुँ फट्, ॐ सुरतमालिनि हुँ फट्, ॐ सुरतभक्षणि हुँ फट्, ॐ सुरतकामिनि हुँ फट्, ॐ सुरतोग्रे हुँ फट्, ॐ सुरतोत्तमे हुँ फट्। ॐ शिखा हुँ फट्। ॐ भीमे हुँ फट्। ॐ शिखण्डी हुँ फट्। ॐ कराली हुँ फट्। ॐ जटिली हुँ फट्। ॐ रौद्री हुँ फट्। ॐ जटी हुँ फट्। ॐ चण्डी हुँ फट्। ॐ माण्डी हुँ फट्। ॐ विकटोत्कटा हुँ फट्। ॐ किरिटी फट्। ॐ नर्त्तकी हुँ फट्। १२। ॐ कम्बोजी हुँ फट्, ॐ पुक्कशी हुँ फट्, ॐ चण्डोवी हुँ फट्, ॐ होमोही हुँ फट्। ४।

यति पढी फूल चढाउने।

नमस्कार। विमानको समूहमा रहेको पद्मचन्द्रको बीचमा रहेकी, पञ्चकुलस्वभाव भएकी, चार मुख भएकी, बाह्र आँखा भएकी, आठ हात भएकी, वज्र चक्र घण्टा खड्ग रत्न आदि र खट्वाङ्ग डमरु कमल समाएकी, अर्धपर्यङ्कमुद्रामा नाचिरहेकी, चौबीस योगिनीले घेरिएकी, करुणा र क्रोधको रूप भएकी, भक्तलाई माया गर्ने, स्वर्गको बगैँचामा बसेकी, सबै इच्छा परिपूर्ण गर्ने, सबै किसिमको काम सिद्ध गर्ने, महाकुलेश्वरी हे भगवती वज्रपीठेश्वरी, छोप्नुहोस् छोप्नुहोस्, पस्नुहोस् पस्नुहोस्, मार्नुहोस् मार्नुहोस्, सबै विघ्न पकाउनुहोस् पकाउनुहोस्, सबै मारलाई पोल्नुहोस् पोल्नुहोस्, सबै भूत वेताल कुम्भाण्ड यक्ष राक्षस पिशाच अप्सरा दुष्टग्रह क्रूर आदि, सबै रोग लगाइदिने र उपद्रव गर्ने, डाक डाकिनी बालग्रहहरूलाई वज्रले यिनीहरूको हृदय भाँच्नुहोस् भाँच्नुहोस्, मेरो मनको इच्छा पूरा गर्नुहोस्। हे देवी तारा, सबै भूमिकी ईश्वरी, चन्द्रसूर्य र अग्निबाट बनेकी, चहकिलो शरीर भएकी, तथता नै एकरूप भएकी तुत्तारा हजुरलाई तुरा हुँ फट्।

भगवतीको मालामन्त्र।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३११ साधन वज्रपीठेश्वरी लोक चित्रकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ॐ ३१२ ॐ

ॐ श्रीमहाकाललाई नमस्कार ।

मैत्री आदि भावनापूर्वक शून्यतापछि रेफबाट उत्पन्न सूर्यमा हुँकारबाट उत्पन्न, आठ मुख भएका, चौबीस आँखा भएका, चार पाउ भएका, सोह्र हात भएका, दायाँपट्टिका हातमा कर्त्री वज्र हात्तीको छाला मुङ्ग्रो त्रिशूल खड्ग यमदण्ड लिएका, बायाँपट्टिका हातमा रगत भरिएको कपाल हात्तीको छाला घण्टा अङ्कुश सेतो चमर डमरु नरमुण्ड लिएका, बाँकी दुइ हातले प्रज्ञालाई अँगालेका, होचो कदका, कृष्ण वर्णका, हाहा ही ही हे हे हो हो आवाज मुखबाट निकालेका, महारौद्र, त्रिकायात्मक, पञ्चबुद्ध[को आकृति भएको] मुकुट लगाएका, नरमुण्डमालाले सिँगारिएका, संसारको लागि नै भयंकर भगवान् महाकाल भनी आफूलाई भावना गर्नू । सिंहलाई ऐँचेकी, प्रत्यालीढपदमा रहेकी, चार हात भएकी, बायाँपट्टिका एक हातमा कपाल भएकी र अर्को हातले डमरु बजाइरहेकी, दायाँपट्टिका एक हातमा कर्त्री र अर्को हातमा मुङ्ग्रो लिएकी, कृष्ण वर्णकी, कपाल छोडेकी, तीन आँखा भएकी, डरलाग्दो दाह्रा भएकी महामाया महेश्वरा पूर्वमा । नीलो वर्णकी, चार हात भएकी, दायाँपट्टिका दुइ हातले पद्मदण्ड र कर्त्री समाएकी, बायाँपट्टिका दुइ हातमा रगत भरिएको कपाल र चमर समाएकी, प्रत्यालीढपदमा रहेकी, यमराजको राँगोलाई ऐँचेकी, निर्वस्त्र, कपाल छोडेकी यमदूती दक्षिणमा । बायाँ हातमा कपाल र गोरुको टाउको दायाँ हातमा मुङ्ग्रो र त्रिशूल लिएकी, घोडा चढेकी, प्रत्यालीढपदमा रहेकी, रातो वर्णकी, कपाल छोडेकी कालदूती पश्चिममा । सबै देवीका दाँत डरलाग्दा छन् र उहाँहरू नागका गहनाले सिँगारिएका हुनुहुन्छ । चार कोणमा चार देवी– कृष्ण वर्णकी, दुइ हात भएकी, कर्त्री र कपाल हातमा लिएकी, प्रत्यालीढपदमा रहेकी, शवमाथि बसेकी कालिका पूर्वदक्षिणकोणमा । रातो वर्णकी, कर्त्री र कपाल हातमा लिएकी, पहिले जस्तै सबै (अरू कालदूतीको जस्तै) भएकी चर्चिका दक्षिणपश्चिमकोणमा । पहेँलो वर्णकी, शवमाथि बसेकी, चण्डमृग (डरलाग्दो जनावर) हातमा लिएकी, प्रत्यालीढपदमा रहेकी चण्डेश्वरी पश्चिमोत्तरकोणमा । सेतो वर्णकी, वज्र र दण्ड हातमा लिएकी, शवमाथि बसेकी, प्रत्यालीढपदमा रहेकी कुलिशेश्वरी उत्तरपूर्वकोणमा । सबै देवी निर्वस्त्र, डरलाग्दो दाँत भएका, तीन आँखा भएका, कपाल छोडेका हुनुहुन्छ । उहाँहरू आठ योगिनीले घेरिएका, शून्यतासमाधिमा रहेको सद्वज्रानन्दिक शवलाई प्रत्यालीढपदमा वज्रभैरवले ऐँचेका, यस्तो भएका भगवान्को ध्यान गरेर मन्त्र जप्नू । त्यहाँ यो मन्त्र–

ॐ षोडशभुजाय हुँ हुँ किलि किलि चण्डघोरदंष्ट्रोत्कटभैरवाय सर्वसिद्धिदायकाय
हिलि हिलि किलि किलि हे स्वाहा ।

(सोह्र हात भएका, सबै सिद्धि दिने प्रचण्ड र घोर दाह्राले उत्कट भैरवलाई ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो मन्त्र जप्नू ।

यो मन्त्रराज सधैँ जप्नाले यही जन्ममै बुद्धत्वप्राप्ति हुन्छ । दश हजारपटक जप्नाले पूर्वजन्मको सम्झना र अष्टमहासिद्धि प्राप्त हुन्छ । अनि बलि दिने इच्छा गर्नेले त्यही वेला नै परिवारसहितका भगवान्को अगाडि भावना गरेर बलिमन्त्रले आठवटा बलि दिनू । त्यहाँ यो बलिमन्त्र–

ॐ नमो महाकालाय महादंष्ट्रोत्कटभैरवाय महाक्रोधाधिपतये पिङ्गोर्द्धर्वकेशाय षोडशभुजाय चतुर्विंशतिनेत्राय ॐ तुरु तुरु ख ख खाहि खाहि इदं बलिं गृह्ण गृह्ण हहा हहा हिही हुहू हेहै होहौ हंहः महावज्रबुद्धाय काये मां अधितिष्ठ तिष्ठ टट टट मट मट कट कट कारय कारय गर्जय गर्जय भीममहाक्रोधाधिपतये नाशय नाशय सर्वशत्रून् दुष्टसत्त्वदमक पालय पालय मां देहि देहि सर्वान् नाशय नाशय हुँ है किलि किलि भः हुँ हुँ सर्वयक्षपिशाचाश्च राक्षसकिन्नराश्च सर्वशान्तिं कुरु कुरु हं हः नाशय नाशय महाकालाय कालरूपाय महाभयानकाय भीतं दम दम दमय दमय नाशनं सर्वदुष्टसत्त्वानुद्धरत नागाधिपतये तारय तारय नाशय नाशय तारय तारय हः हः कटः कटः खटः खटः फटः फटः च्छिन्द च्छिन्द हन हन दह दह पच पच मथ मथ नाशय नाशय घट घट सर सर त्राँ क्रोधः स्वाहा ।

बलिमन्त्र ।

(ठूलो दाह्राले डरलाग्दो भैरव भएका, महाक्रोधाधिपति, कैलो र ठाडो कपाल भएका, सोह्र हात भएका, चौबीस आँखा भएका महाकाललाई नमस्कार । खानुहोस् खानुहोस्, यो बलि लिनुहोस् लिनुहोस्, महावज्रबुद्धलाई मेरो शरीरमा अधिष्ठान गर्नुहोस् गर्नुहोस्, गराउनुहोस् गराउनुहोस्, गर्जनुहोस् गर्जनुहोस् । भीममहाक्रोधाधिपतिलाई [नमस्कार] । सबै शत्रुहरूको नाश गर्नुहोस् नाश गर्नुहोस्, हे दुष्ट प्राणीहरूको दमन गर्ने, मलाई पालना गर्नुहोस् गर्नुहोस्, दिनुहोस् दिनुहोस्, सबैको नाश गर्नुहोस् नाश गर्नुहोस्, सबै यक्ष पिशाच राक्षस किन्नरहरूबाट सबै प्रकारको शान्ति गर्नुहोस् गर्नुहोस्, नाश गर्नुहोस् नाश गर्नुहोस्, कालरूपका महाभयानक महाकाललाई [नमस्कार] । डराएकाको निग्रह गर्नुहोस् निग्रह गर्नुहोस्, दमन गर्नुहोस् दमन गर्नुहोस्, सबै दुष्ट प्राणीहरूको नाश गर्नुहोस्, नागाधिपतिलाई [नमस्कार] । तार्नुहोस् तार्नुहोस्, नाश गर्नुहोस् नाश गर्नुहोस्, तार्नुहोस् तार्नुहोस्, काट्नुहोस् काट्नुहोस्, मार्नुहोस् मार्नुहोस्, पोल्नुहोस् पोल्नुहोस्, पकाउनुहोस् पकाउनुहोस्, मथ्नुहोस् मथ्नुहोस्, नाश गर्नुहोस् नाश गर्नुहोस्, सर्नुहोस् सर्नुहोस् । क्रोध स्वाहा ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो तन्त्रराज हो । मद्य र मांस भएको, जलले भरिएको पात्रमा अञ्जलिमुद्रा गरेर यसद्वारा दिनदिनै राति बलि दिनुपर्छ । सबै विघ्नको नाश हुन्छ । सबै शत्रु पिशाच आदि प्राणी बलिदानले नष्ट र लुप्त हुन्छन् । अनि दान दिनाले फत्ते नहुने काम पनि इच्छा गर्दा फत्ते हुन्छ । अष्टसिद्धिसाधन गर्न पक्कै समर्थ हुन्छ । सबै पिशाच सबै यक्ष सबै भूत केवल देव असुर मनुष्य भाग्छन् भने टाउको फुटाउँछ, आकाशमा दौडाउँछ । स्वप्नमा महाकालले पक्कै शुभ अशुभ भन्नुहुन्छ, भूत भविष्य वर्तमान जानुहुन्छ, टाढैदेखि अध्येषणा गर्नुहुन्छ । सबै बुद्धको मन्त्रराजको बलि दिनाले पुण्यसम्भारको गणना गर्न बुद्ध समर्थ हुनुहुन्न । दिनरात अविच्छिन्न धारले देवताहरू पनि त्यो पुण्यगणना गर्न असमर्थ हुन्छन् । यो मन्त्रराज चौरासी धर्मस्कन्धको सार हो । रोग निको भएन भने हाडले मह चोपेर विद्या लेख्नू । हातमा धारण गर्दा, छुँदा रोग अनिकाल महामारी कष्ट प्राण र अपानबाट भएका कष्ट आदि नाश गर्छ । शरीर महाकाल जस्तै हजार [वर्ष]को आयु भएको हुन्छ । बोलेर के काम । यो बलिमन्त्रराजविद्या हो । यस मन्त्रले सयपटक मन्त्रिएको जल गर्भिणीलाई पिउन दिएपछि उनी सजिलैसँग सुत्केरी हुन्छिन् । [बच्चा]को पक्कै पनि हजार [वर्ष] आयु हुन्छ । अनेक किसिमका भयपीडालाई नाश गर्छ । पाठ गर्नाले नाश गर्छ । अमृतले एकै पटक पाठसहित दुइटै आँखामा अञ्जन गर्नू । मानिस बाघ घोडा हात्ती राँगो सर्प कुकुर सलह सिंह आदि जान्छन्, पक्कै सबै काममा साधना गरेर पस्छन् । सबै बुद्ध बराबर भएका, सोह्र हात भएका महाकालको बलिमन्त्र हो । शताक्षर मन्त्र पढ्नू । क्षमापनबलिविसर्जन ।

सोह्र हात भएका महाकालको साधन सिद्धियो ।
विरूपाक्ष ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१२ साधन **महाकाल** शंकर जोशी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१२ साधन महेश्वरा प्रचण्ड शाक्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१२ साधन

यमदूती

शिवप्रसाद किजु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१२ साधन

कालदूती

रामप्रकाश श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१२ साधन **कालिका** सुबेन्द्र लोहला

CC-0. Nepal Sanskrit Academy, Kathmandu



३१२ साधन चर्चिका राजकुमार राना मगर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१२ साधन

चण्डेश्वरी

अमित महर्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१२ साधन

कुलिशेश्वरी

मृगेन्द्र कर्माचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu



३१२ साधन

महाकाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल हस्तकला महासंघ
Federation of Handicraft Associations of Nepal

पो.ब.नं. ७८४, उपमामार्ग, थापाथली, काठमाडौं, नेपाल
फोन नं. ५३४४२३१, ५३४५४६७
ईमेल : info@fhan.org.np, fhan1972@gmail.com
वेवसाइट : www.fhan.org.np

ISBN 978-9937-1-7646-0
9 789937 176460